*मस्यौदा*

शिक्षकको पेसागत विकास कार्यक्रम तथा प्रअ नेतृत्व क्षमता विकास तालिम कार्यक्रम

# प्रशिक्षक प्रशिक्षण निर्देशिका

नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर
२०६६

# शिक्षकको पेसागत विकास कार्यक्रम तथा प्रअ नेतृत्व क्षमता विकास तालिम कार्यक्रम
**(Teachers' Professional Development Program and HT Leadership Capacity Building Training)**

# प्रशिक्षक प्रशिक्षण निर्देशिका
## (Training of Trainers Manual)

पुस्तकालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०६६

G2940

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© शैक्षिक जनशक्ति विकास केन्द्र, २०६६
इमेल : nced@moe.gov.np
वेभ: www.nced.gov.np

कभर डिजाइन तथा ले-आउट
दिपेन्द्रकुमार झा

## शिक्षक पेसागत विकास तालिम कार्यक्रमको मोड्युल विकास प्रक्रिया र प्रयोग विधि

### परिचय

शिक्षक नै गुणस्तरीय शिक्षामा प्रत्यक्ष रूपले प्रभाव पार्ने प्रमुख पक्ष हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी पाठ्यक्रमले तोकेका सिकाइउपलब्धिहरू विद्यार्थीहरूमा हासिल गराउनु शिक्षकको पेसागत कर्तव्य हुनआउँछ । विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ कियाकलाप सञ्चालन गर्ने, शिक्षण उपागम (Approach), विधि (Method) र तरिका (Technique) हरूको प्रयोग गर्ने, विद्यार्थीहरूको सिकाइअनुभवलाई महत्व दिई अन्तर्क्रिया, छलफल तथा अनुभव आदानप्रदानका माध्यमबाट ज्ञाननिर्माणको अवसर दिने कार्य वालमनोविज्ञान र वालमैत्री शिक्षण प्रक्रिया हो । अभ्यासबाट विभिन्न सीप (जीवनोपयोगी तथा कार्यात्मक) हरूको विकास गर्ने अवसर प्रदान गर्ने, बालमैत्री सिकाइ वातावरणको सिर्जना गर्ने आदि कार्य शिक्षकको दायित्वभित्र पर्दछन् । शिक्षक यी कुराहरूमा सक्षम हुनु अपरिहार्य छ ।

शिक्षा क्षेत्रको विकास र व्यवस्थापन अभियानलाई नतिजामूलक तुल्याउन सर्वपक्षीय र दीर्घकालीन सुधारको अवधारणा, नीति र कार्यक्रमस्वरूप विद्यालय क्षेत्र सुधार कार्यक्रम चालू आर्थिक वर्ष २०६६/६७ देखि सुरु भई आगामी सात वर्षसम्म कार्यान्वयनमा रहने छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमद्वारा निर्दिष्ट नीति एवम् कार्यक्रमको खाका वमोजिम शिक्षकहरूलाई आफ्नो कार्यसम्पादनमा सदा दक्ष, प्रतिवद्ध र जवाफदेही तुल्याउन समस्या समाधानमुखी विविधतायुक्त पेसागत विकाससम्बन्धी गतिविधिमा निरन्तर सरिक गराउने उद्देश्य राखी शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

शिक्षक पेसागत विकाससम्बन्धी कार्यक्रमअन्तर्गत प्रत्येक शिक्षकले पाँचवर्ष भित्र पटकपटक गरी जम्मा ३० दिने टिपिडी मोड्युलमा पहुँच पाउने गरी कार्यक्रम डिजाइन गरिएको छ । यसैगरी प्रधानाध्यापकहरूका लागि विद्यालय व्यवस्थापन विकास र शैक्षिक गुणस्तर सुधारमा सधैं दक्ष प्रतिबद्ध र जिम्मेवार तुल्याउन ३० कार्यदिन बराबरको नेतृत्व क्षमता विकास तालिम कार्यक्रम विकास गरिएको र देशभरका सबै विद्यालयहरूका आगामी पाँच वर्षभित्र यस्ता तालिम प्राप्त प्र.अ.हरूमात्र क्रियाशील रहने अवस्था सुनिश्चित गर्ने गरी तालिम व्यवस्था गरिएको छ ।

मौजुदा संस्थागत संरचनाको व्यवस्थाबमोजिम टिपिडी मोड्युल र नेतृत्व क्षमता विकास तालिम देशभरमा रहेका स्रोतकेन्द्रहरू, अगुवा स्रोतकेन्द्रहरू र शैक्षिक तालिम केन्द्रहरू जस्ता स्थानीयस्तरमा क्रियाशील तालिम निकायहरूमार्फत् सञ्चालन गराउनुपर्ने र यी

दुवै प्रकृतिका तालिम सञ्चालन गर्न आधारभूत योग्यता र पेसागत अनुभव भएका विशेषज्ञ समूह (प्रशिक्षक/स्रोतव्यक्ति/फोकल पर्सन/रोस्टर प्रशिक्षक) ती निकायहरूमा कार्यरत रहीरहेको हुँदा त्यस्ता जनशक्तिहरूलाई उक्त मोड्युल एवम् तालिम प्रभावकारीरूपमा सञ्चालनका लागि सक्षम तुल्याउन देशभरका २९ ओटा शैक्षिक तालिम केन्द्रमा सञ्चालन हुने प्रशिक्षक प्रशिक्षण तालिम सहजीकरण गर्न प्रशिक्षक तयार गर्न प्रस्तुत एकीकृत प्रशिक्षक प्रशिक्षण कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

प्रस्तुत प्रशिक्षक प्रशिक्षण निर्देशिका एकीकृत रूपमा तयार गरिएको भए तापनि यसलाई मुलतः दुई खण्डमा विभाजन गरी तयार गरिएको छ :

| |
|---|
| खण्ड १ : टिपिडी प्रशिक्षक प्रशिक्षण निर्देशिका |
| खण्ड २ : प्राधानाध्यापक नेतृत्व क्षमता विकास तालिमका लागि प्रशिक्षक प्रशिक्षण निर्देशिका |

शिक्षाको पेसागत विकास कार्यक्रमका लागि निर्माण गरिएको निर्देशिकाको सत्रगत ढाँचा देहायअनुसार हुने गरी तयार गरिएको छ :

**तालिम सत्र खाका**

शीर्षक :

१. परिचय/केन्द्रीय विषयवस्तु

२. उद्देश्य

३. कार्यकलाप निर्माण :

| | |
|---|---|
| कार्यकलाप नं. १ | (क) क्रियाकलाप र उक्त क्रियाकलापका लागि लाग्ने अनुमानित समयसमेत उल्लेख गरिएको हुनेछ। |
| कार्यकलाप नं. २ | (ख) क्रियाकलपाका विषयवस्तुअनुसार निष्कर्षका लागि आवश्यक विषयवस्तु बुँदागतरूपमा बक्स भित्र दिने, अनुसूचीमा हेर्न निर्देशन दिने वा अन्य सन्दर्भसामग्रीमा हेर्न भन्ने। |
| कार्यकलाप नं. ३ | |
| कार्यकलाप नं. ४ | |

.......................

४. सिकाइको लेखाजोखा/मूल्याङ्कन/प्रतिबिम्बन

१. विकास प्रक्रिया

विद्यालय क्षेत्र सुधार कार्यक्रममा भएको शिक्षक विकाससम्बन्धी व्यवस्थाबमोजिम र क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा अभ्यास गरिएका शिक्षक पेसागत विकासका अभ्यासहरूलाई अध्ययन गरी निरन्तर शिक्षक पेसागत विकास कार्यक्रको अवधारणापत्र तयार गरिएको छ ।

यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा भएगरेका अध्ययनका साथसाथै शिक्षक तालिमको सन्दर्भमा शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा तयार पारिएका शिक्षक र प्रअ तालिमका सामग्रीहरूको अध्ययन र तालिमका अनुभवहरूलाई महत्वपूर्ण सहयोगीका रूपमा लिइएको छ । त्यसै गरी शिक्षक तालिममा सहभागी भएका प्रशिक्षक, विषयगत विज्ञ, शिक्षक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा अनुभव प्राप्त परामर्श दाताहरूको सल्लाह र सुझावलाईसमेत ग्रहण गरी प्रस्तुत कार्यक्रमको निर्माण गरिएको छ ।

शिक्षक पेसागत विकास कार्यक्रमलाई स्पष्ट स्वरूप तयार पार्नका लागि शैजविकेले कैलाली, सुर्खेत, रूपन्देही, मकवानपुर, भक्तपुर, डडेलधुरा र झापा गरी सातओटा जिल्लामा परीक्षण गरेको र त्यसबाट प्राप्त अनुभवलाई समेत आधारका रूपमा लिई यस कार्यक्रमलाई पूर्णता दिने कार्य भएको छ । शैताकेहरूमा कार्यरत प्रशिक्षक, विशेषज्ञ तालिम र पाठ्यक्रममा अनुभव प्राप्त विज्ञहरूको सहभागितामा कार्यशाला आयोजना गरी वहाँहरूबाट प्राप्त सुझावहरू यसका महत्वपूर्ण पक्षका रूपमा रहेका छन् । यसरी सबै सरोकारवालाहरूको सझावअनुसार प्रस्तुत कार्यक्रमको निर्माण सम्बन्धित विषयका विशेषज्ञहरूबाट यो तालिम कार्यक्रमको लेखन सम्पादन लगायतका कार्यहरू भएका छन् र यसमा अझै प्राप्त सुझावहरूलाई ग्रहण गरी सुधार गर्दै लगिनेछ ।

२. उद्देश्य

सहभागी प्रशिक्षकहरूमा टिपिडी मोड्युल र नेतृत्व विकास तालिमका लागि शिक्षक तालिम सञ्चालन गर्न आवश्यक पर्ने विषयवस्तुगत ज्ञान, सहजीकरण क्षमता र सामग्री तयार गर्ने सीप विकास गर्नु यस प्रशिक्षक प्रशिक्षण कार्यशालाको उद्देश्य रहेको छ ।

३. मुख्य विषयवस्तु

प्रस्तुत कार्यशालामा प्राप्त मोड्युल/तालिमको समग्र औचित्य/उद्देश्य विषयवस्तुउपर सैद्धान्तिक एवम् व्यावहारिक छलफल, मोड्युल सामग्री तयार एवम् सञ्चालन र सहजीकरणका लागि निर्दिष्ट तर्कसँगत कार्यहरूको नमुना अभ्यास, तिनका

अर्न्तसम्वन्धहरूको विश्लेषण एवम् समग्र गतिविधिहरूको लेखाजोखा जस्ता कार्यकलापहरू निम्नलिखित विषयवस्तुका आधारमा सञ्चालन गरिने छ :

मुख्य विषयवस्तु विवरण
खण्ड क :

शिक्षकको पेसागत विकास (समय : ३ घण्टा)

क. शैद्धान्तिक एवम् अवधारणागत सम्झदारी विकास

१. शिक्षकको पेसागत विकासको शैद्धान्तिक अवधारणा

२. मुख्य विषयवस्तु

३. सञ्चालन प्रक्रिया

ख. प्रयोगात्मक अभ्यास (समय : २७ घण्टा)

१. आवश्यकता प्रस्ताव तयारी

२. आवश्यकताको प्रमाणीकरण (Verification)

३. आवश्यकता प्रोफाइल तयारी

४. तालिम सामग्री तयारी

५. तालिम कार्यशाला सञ्चालन योजना निर्माण

६. तालिम कार्यशाला सञ्चालन/मोडुल सञ्चालन

७. स्वाध्ययन अभ्यास क्रियाकलापको तयारी

८. शैक्षिक परामर्श

९. प्रमाणीकरण (Certification)

१०. गुणस्तरीय स्रोतसामग्रीको अभिमुखीकरण

प्राधानाध्यापकका लागि नेतृत्व क्षमता विकास कार्यक्रम (१३ घण्टा ३० मिनेट)

क. शैद्धान्तिक एवम् अवधारणागत समझदारी

१. शैद्धान्तिक अवधारणा

२. तालिमको ढाँचा तथा सञ्चालन प्रक्रिया

३. मूल्याङ्कन प्रक्रिया

ख. प्रयोगात्मक अभ्यास

१. विद्यालय विकास प्रस्ताव तयारी

२. आवश्यकता प्रस्ताव तयारी

३. आवश्यकताको प्रमाणीकरण

४. तालिम सामग्री कार्ययोजना निर्माण

५. तालिम कार्यशाला सञ्चालन

६. स्वाअध्ययन अभ्यासका लागि परियोजना कार्यको निर्माण तथा जिम्मेवारी

७. स्वाअध्ययनका बारेमा दुई दिने प्रबोधीकरण सम्पर्क कक्षा सञ्चालन

८. प्रमाणीकरण (Certification)

४. सञ्चालन प्रक्रिया

टिपिडी कार्यक्रम कार्यान्वयनका लागि प्रशिक्षक/रोस्टर प्रशिक्षकहरूको क्षमता विकास गर्न शैताके/अगुवा स्रोतकेन्द्र/स्रोतकेन्द्रका प्रशिक्षकहरूका लीग १२ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम विकास गरिएको छ । प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम र टिपिडी कार्यक्रम दुवैलाई समेटी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिनेछ । यसरी तालिम प्राप्त प्रशिक्षकहरूबाट स्रोतकेन्द्र र अगुवा स्रोतकेन्द्रहरूमा १० दिने टिपिडी कार्यक्रम र निर्धारित कोटाबमोजिम प्रधानाध्यापकका लागि ३० दिने नेतृत्व विकास तालिम कार्यान्वयन सञ्चालन गरिनेछ ।

प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने प्रमुख जिम्मेवारी शैताके "क" र "ख" को हुने छ । यसरी प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने क्रममा पहिलो वर्षका लागि प्रत्येक २९ ओटै तीलम केन्द्रहरूमा शैजविकेका विशेषज्ञहरूको प्रत्यक्ष सङ्लग्नता रहने छ । त्यसका लागि केन्द्रले नै कार्यक्रमको खाका दिनेछ । त्यस्तै तालिम केन्द्रमा सञ्चालन गरिने कार्यक्रममा सम्बन्धित तालिम केन्द्रका प्रशिक्षकहरूको समूहगत सहभागिता रहनेछ । समूहगत रूपमा नै प्रशिक्षक समूहहरूको सहभागिताबाट कार्यक्रमको सञ्चालन र पृष्ठपोषण आदानप्रदान गरिनेछ ।

तालिम केन्द्र र अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रमा रहेका प्रशिक्षक, रोस्टर प्रशिक्षक लगायतकाहरूलाई प्रस्तुत टिपिडी तालिम प्रदान गरिने छ । त्यसका लागि निश्चित समय

र प्रक्रिया निर्धारण गरी उक्त कार्यक्रम सम्पन्न गरिनेछ । प्रस्तुत तालिम निर्देशिकाको प्रयोग गरी कार्यक्रम सञ्चालन गर्दा टिपिडी निर्देशिकालाई आधार मानी सञ्चालन गर्नुपर्नेछ । प्रशिक्षक प्रशिक्षण कार्यक्रम जस्तै विधि र प्रक्रियाद्वारा शिक्षकहरूका लागि तालिम सञ्चालन गर्नु सान्दर्भिक व्यावहारिक छ ।

तालिमका लागि प्रस्तुत निर्देशिकाका अतिरिक्त विगत तालिमका लागि तयार गरिएका सामग्रीहरू बढी उपयोगी हुन सक्दछन् । त्यसतर्फ ध्यान दिनु आवश्यक छ । त्यस्तै प्रस्तुत पुस्तिकाका क्रियाकलापहरूको सन्तमा सहयोगका लागि बक्समा विषयवस्तुहरू दिइएका छन् । त्यसलाई निष्कर्षका लागि उपयोग गर्न सकिने छ । साथै कतिपय सामग्रीहरूका बारेमा अनुसूचीको सहयोग लिनुपर्ने छ । त्यसलाई पनि आवश्यक निर्देशन दिइएको छ । कतिपय अवस्थामा सहयोगका लागि सन्दर्भसामग्रीको नाम दिइएको छ । तालिमलाई प्रभावकारी बनाउन यी सामग्रीहरूको उपयोग गर्नु आवश्यक छ ।

प्रत्येक २९ ओटा शैताकेहरूमा सञ्चालन हुने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा प्रत्येक स्रोतकेन्द्रबाट एकएकजना स्रोतव्यक्ति, अगुवा स्रोतकेन्द्रबाट दुईजना र शैताकेबाट सबै प्रशिक्षकहरू गरी एक वर्षमा देशभरीमा जम्मा १४२९ जना प्रशिक्षकहरू सहभागी हुनेछन् । यस कार्यक्रमलाई १२ दिनसम्म सञ्चालन गरिनेछ । उक्त कार्यक्रममा देहायअनुसारका व्यक्तिहरूको सहभागिता रहने छ साथै उनीहरूको कार्यविधि देहायअनुसार हुनेछ :

कार्यक्रमका सहभागीहरू

१. शैक्षिक तालिम केन्द्रका प्रशिक्षकहरू
२. शैक्षिक तालिम केन्द्रका रोस्टर प्रशिक्षकहरू
३. अगुवा स्रोतकेन्द्रका फोकल पर्सन
४. सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति
५. जिल्ला शिक्षा कार्यालयमा कार्यरत विद्यालय निरीक्षक
६. शैक्षिक तालिम उपकेन्द्रका प्रशिक्षकहरू

कार्यक्रममा सङ्लग्न हुने व्यक्तिहरूको कार्यविधि

१. प्रमुख प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका शैक्षिक तालिम केन्द्रका प्रशिक्षकहरूको भूमिका प्रमुख रहनेछ तथा आफ्नो तालिम केन्द्रका अन्य प्रशिक्षकहरूलाई टिपिडीका बारेमा अभिमुखीकरण गरी तालिम सञ्चालन गर्नुपर्नेछ ।
२. शैक्षिक जनशक्ति विकास केन्द्रका विज्ञ पृष्ठपोषकका रूपमा रहनेछन् ।
३. कार्यक्रम समूहगत रूपमा सञ्चालन गर्नुपर्नेछ ।

# विषयसूची


| | | |
|---|---|---|
| तालिम कार्यक्रमको मोड्युल विकास प्रक्रिया र प्रयोग विधि | | i-vi |
| १. | परिचय | i |
| २. | विकास प्रक्रिया | iii |
| ३. | उद्देश्य | iii |
| ४. | मुख्य विषयवस्तु | iii |
| ५. | सञ्चालन प्रक्रिया | v |
| ६. | खण्ड-१ शिक्षकको पेसागत विकास तालिम | १-१७ |
| ७. | सैद्धान्तिक एवम् अवधारणात्मक समझदारी विकास | २ |
| ८. | प्रयोग मूलक अभ्यास | ४ |
| ९. | खण्ड-२ प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम | १८-२९ |
| १०. | सैद्धान्तिक एवम् अवधारणात्मक समझदारी विकास | १९ |
| ११. | प्रयोग मूलक अभ्यास | २२ |
| १२. | अनुसूची-१ | ३० |
| १३. | अनुसूची-२ | ३२ |
| १४. | अनुसूची-३ | ४६ |
| १५. | अनुसूची-४ | ५४ |
| १६. | अनुसूची-५ | ६५ |
| १७. | अनुसूची-६ | ७४ |
| १८. | अनुसूची-७ | ७८ |

# खण्ड एक
# शिक्षकको पेसागत विकास तालिम

## क. सैद्धान्तिक एवम् अवधारणात्मक समझदारी विकास (३ घण्टा)

१. परिचय

शिक्षकको पेसागत विकास कार्यक्रमसम्बन्धी प्रस्तुत खण्डमा टिपिडी तालिमको औचित्य, अवधारणा, नेतृत्व क्षमता विकास, प्रमाणीकरण सामग्री खाका, विषयवस्तुको क्षेत्र, कार्यक्रमका चरण र प्रत्येक चरण सञ्चालन प्रक्रिया र अपेक्षित प्रभावका बारेमा विस्तृत छलफल गरी प्रत्येक सहभागीहरूमा यस सम्बन्धी गहिरो समझदारी विकास गर्ने विविध कार्यकलाप सञ्चालन गरिनेछ ।

प्रस्तुत खण्डका क्रियाकलाप सञ्चालनार्थ टिपिडी कार्यान्वयन पुस्तिका, विगतमा केन्द्रद्वारा परीक्षण गरिएका नमुना सामग्रीहरू आवश्यकता प्रताव पहिचानसम्बन्धी सामग्रीहरू लगायत तालिम सञ्चालनका लागि आवश्यक स्टेसनरी, कम्प्युटर, एलसिडी लगायतका विद्युतीय सामग्रीहरूको समेत आवश्यकता पर्नेछ ।

२. उद्देश्य

सहभागी प्रशिक्षकहरूलाई प्रस्तुत टिपिडी मोड्युल र नेतृत्व क्षमता विकास तालिमको आवश्यकता पहिचान एवम् प्रमाणीकरण सामग्री खाका, विषयवस्तुको दायरा, अपेक्षित नतिजा, सञ्चालन योजना एवम् कार्यविधिका बारे व्यावहारिक दृष्टान्त एवम् सन्दर्भहरूसँग आवद्ध गरी वर्णन गर्न सक्षम तुल्याउनु यस अङ्कको मुख्य उद्देश्य रहेको छ ।

३. कार्यकलापहरू

कार्यकलाप – १ (समय ३० मिनेट)

सहभगीहरूलाई टिपिडी कार्यक्रमको चिनारी गराउन थिंक पियर सेयर विधिबाट बुँदागत रूपमा टिपिडी कार्यक्रमको चिनारी प्रस्तुत गर्न लगाउने ।

कार्यकलाप – २ (समय १ घण्टा)

सहभागीहरूलाई टिपिडीको सैद्धान्तिक धारणा, पृष्ठभूमि, नीतिगत सन्दर्भ, औचित्य, अपेक्षित नतिजा, मोड्युलको संरचना, कार्यान्वयन योजना तथा सञ्चालन प्रक्रियाहरूका बारेमा स्लाइडको प्रयोग गरी जानकारी गराउने । उल्लेखित विषयवस्तुका लागि टिपिडी कार्यान्वयन पुस्तिकाका सम्बन्धित विषय शीर्षकहरूका विषयवस्तुहरूलाई बुँदागत रूपमा प्रयोग गर्ने ।

**क्रियाकलाप नं. ३** **१ घण्टा ३० मिनेट**

सहभागीहरूलाई आवश्यकताअनुसार समूहमा विभाजनगर्ने । टिपिडी कार्यान्वयन पुस्तिकाका विषयवस्तुहरूलाई समूहगत रूपमा भाग लगाई सरसरती अध्ययन गर्न समय तोकी दिने । कार्यान्वयन पुस्तिकाको अध्ययनपश्चात समूहगत रूपमा आआफ्नो विषयका निष्कर्षलाई प्रस्तुत गर्न लगाउने । समूह कार्यका लागि देहायअनुसारका विषयवस्तुहरू तोकी दिने :

| | |
|---|---|
| १. | टिपिडी मोड्युल संरचना र आवश्यकता प्रस्ताव तयारी प्रक्रिया |
| २. | टिपिडी आवश्यकता प्रोफाइल तयारी र प्रोफाइलको खाका |
| ३. | मोड्युल सामग्रीको तयारी खाका |
| ४. | कार्यान्वयन विधि र प्रमाणीकरण प्रक्रिया |

सहभागीहरूको प्रस्तुतीकरण पश्चात् सहजकर्ताद्वारा टिपिडी कार्यान्वयन पुस्तिकाका विषयवस्तुको सहयोग लिई निष्कर्षसहित विषयवस्तुलाई स्पष्ट पार्ने ।

### ४. *सिकाइ उपलब्धि/लेखाजोखा/प्रतिबिम्बन*

सहजकर्ताद्वारा सत्रको अन्त्यमा सहभागीहरूलाई निम्नानुसार र यस्तै खालका अन्य सान्दर्भिक प्रश्न सोधी निष्कर्षमा पुग्ने

क) शिक्षक तालिम आवश्यकता प्रस्ताव सङ्कलन प्रक्रियामा ककसको केके भूमिका हुन्छ ?
ख) आवश्यकता प्रमाणीकरण कसरी गर्ने ?
ग) आवश्यकताहरूको प्राथमिकीकरण कसरी गर्ने ?
घ) तालिम कार्यशाला सञ्चालन गर्दा सहभागितामूलक र क्रियाकलापकेन्द्रित कसरी गराउने ?
ङ) स्वाध्ययन अभ्यासलाई कसरी प्रभावकारी बनाउन सकिएला ?
च) शैक्षिक परामर्श क्रियाकलापबाट शिक्षकको पेसागत विकासमा कसरी सहयोग पुग्ला ?
छ) टिपिडी कार्यक्रम सञ्चालन गर्दा आइपर्ने समस्या र चुनौतीहरू केके हुन सक्लान् ?
ज) अब तपाईंहरू टिपिडी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सक्षम हुनुभयो त ?

## ख. प्रयोगमूलक अभ्यास

### १. परिचय

तालिममा सिकेका विषयवस्तुको प्रयोगपश्चात् समस्या पहिचान र निराकरणमा क्रियाकलापगत अभ्यासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तालिमका सबै शिक्षक सहभागीहरूको आवश्यकताको प्राथमिकता क्रमका आधारमा तयार गरिने कोर्स र त्यसैका आधारमा सञ्चालन गरिने तालिम कार्यशाला, स्वाध्ययन अभ्यास र शैक्षणिक परामर्शका सबै पक्षको कार्यप्रक्रियाका बारेमा प्रशिक्षकसहभागीहरूलाई अभ्यासमा प्रत्यक्ष रूपमा सक्रिय सहभागी गराई आफूले स्रोतकेन्द्र तथा तालिम केन्द्रमा सञ्चालन गर्ने सम्वन्धित तालिमका समयमा आत्मविश्वासका साथ कार्य गर्न सक्ने तुल्याउने प्रयास गरिने छ । आवश्यकताको पहिचान, प्रशोधन, क्लस्टरिङ, कोर्सको खाका विकास, सामग्री विकासमा अभ्यास, क्रियाकलाप सञ्चालनका चरणहरू तथा तालिम सञ्चालन योजना निर्माणका सम्वन्धमा प्रत्यक्ष अनुभव गराउन नमुना सत्रहरूले सघाउने छन् । सहभागी शिक्षकहरूले तालिमका क्रममा सिक्ने विषयवस्तुहरू तथा शिक्षण कौशलहरू सकभर वास्तविक कक्षामा गरिने शिक्षणसिकाइसँग प्रत्यक्ष सरोकार राख्ने गरी तयार गर्ने प्रयास गरिने छ । आआफ्नो स्थानीय परिवेश अनुकूल शिक्षणसिकाइ वातावरण निर्माण गर्न सहभागीहरूलाई आवश्यकताअनुसार सहजीकरण गर्ने प्रयास गरिने छ ।

यस खण्डमा समावेश गरिएका प्रयोग मूलक अभ्याससँग सम्वन्धित सत्रहरू सञ्चालनका लागि टिपिडी मेन्यूल,शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार गरिएका तालिम सामग्रीहरू, कम्प्यूटर, एलसिडी, ओएचपी लगायत स्टेसनरी जस्ता सामग्रीहरूको आवश्यकता पर्दछ ।

### २. उद्देश्य

यस प्रयोगमूलक अध्यासको अन्तमासहभागीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन् :

(क) सहभागी शिक्षकहरूको पेसागत आवश्यकताहरूलाई उनिहरूसँग कै प्रत्यक्ष अन्तर्क्रियाको माध्यमबाट पहिचान गर्न

(ख) व्यक्तिगत आवश्यकताहरूको विषयवस्तुको स्वरूपअनुरूप समूह निर्माण गरी सामूहिक आवश्यकताको क्लस्टरहरू (मोडुल) निर्माण गर्न

(ग) तालिम कार्यशाला, स्वाध्ययन अभ्यास र शैक्षणिक परामर्शको विषयवस्तु चयन गरी सामग्रीहरू विकास गर्न

(घ) निर्मित सामग्रीको आधारमा विस्तृत योजना सहित तालिम  कार्यशाला सञ्चालन व्यवस्था गर्ने

(ङ) स्वाध्ययन अभ्यासका लागि परियोजना कार्यको विकास, कार्य सम्पादन तथा मूल्याङ्कन गर्ने

(च) शिक्षकको पेसागत विकासका लागि आवश्यक शैक्षिणिक परामर्श दिने

(छ) प्रधानाध्यापकहरूलाई टिपिडी आवश्यकता प्रस्ताव तयारी एवम् प्रशोधन लगायत समग्र मोडुल सञ्चालन कार्यमा सरिक गराउन अभिमुखीकरण सञ्चालन गर्ने

(ज) टिपिडी मोडुल सञ्चालनका क्रममा सम्वन्धित रोस्टर/प्रशिक्षकका लागि अभिमुखीकरण एवम् एकीकृत प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने ।

३. कार्यकलाप डिजाइन

कार्यकलाप-१ (समय ३० मिनेट)

शिक्षकहरूको आवश्यकता सङ्कलन तथा प्रोफाइल तयारीका सन्दर्भमा सहभागी प्रशिक्षकको विषयगत पृष्ठभूमिका आधारमा आधारभूत तह र माध्यमिक तहका लागि चार देखि पाँचजना पर्ने गरी समूह छुट्टयाई  शिक्षकहरूको आवश्यकता सङ्कलनका लागि विद्यालय पठाउँदा टिपिडी म्यान्युयलको निम्नलिखित ढाँचालाई प्रयोग गर्ने सम्वन्धमा छलफल गरी समूहगत रूपमा जानुपर्ने विद्यालयका बारेमा आवश्यक जानकारी प्रदान गर्नुहोस् ।

टिपिडी आवश्यकता प्रस्ताव

*विद्यालयको नाम:* *तह:*

| सि.नं. | शिक्षकको नाम | अध्यापन गरेको विषय | अध्यापन गर्दा सामना गर्नु परेको समस्या | अपेक्षित पेसागत सहयोग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

कार्यकलाप –२ (५ घण्टा)

सहभागीहरूबाट समूहगत रूपमा तोकिएका विद्यालयबाट आवश्यकता प्रस्ताव सङ्कलन गरी ल्याउँदा देहायका पक्षमा ध्यान दिनुपर्ने कुरा अवगत गराई विद्यालयमा फिल्ड कार्यका लागि पठाउने ।

| आवश्यकता प्रस्ताव सङ्कलन प्रक्रिया |
|---|

प्रशिक्षार्थी सहभागीहरूले विद्यालयमा पुगेपछि गर्नुपर्ने कार्यका चरणहरू

१. आवश्यकता प्रस्ताव सङ्कलनका सम्वन्धमा प्रअलाई अभिमुखीकरण गर्ने
२. २ देखि ३ घण्टाको समय दिइ विद्यालयका सबै शिक्षकहरूको आवश्यकता प्रस्ताव तयार पार्न प्र.अ.लाई लगाउने
३. प्र.अ. ले शिक्षकहरूसँग छलफल तथा अन्तर्क्रिया गरी सबै शिक्षकहरूको आवश्यकतको एकमुष्ठ प्रस्ताव तयार पार्न लगाउने ।
४. प्र.अ.द्वारा तयार गरिएको आवश्यकता प्रस्तावलाई निम्नलिखित तौरतरिका अपनाई प्रमाणीकरण गरी आवश्यकता प्रस्ताव ल्याउने :
   - सम्बन्धित शिक्षकको शिक्षण अवलोकन
   - शिक्षकद्वारा निर्मित तथा सङ्कलित शिक्षण सामग्री अवलोकन
   - शिक्षक निर्मित प्रश्नपत्र तथा शिक्षकवाट परीक्षण भएका उत्तरपुस्तिका अध्ययन
   - शिक्षक र विद्यालयले तयार गरेका शिक्षण योजनाहरूको अध्ययन
   - विद्यार्थीका गृहकार्यका अभ्यास पुस्तिका अध्ययन
   - सहकर्मी शिक्षक र प्र.अ.सँग छलफल/कुराकानी
   - विद्यार्थीसँग छलफल/अन्तरक्रिया
   - अभिभावक र व्यवस्थापनका पदाधिकारीसँग छलफल
   - निर्णयात्मक मूल्याङ्कनमा विद्यार्थीको नतिजाको अध्ययन
   - विद्यालयको शैक्षिक उपलव्धिसँग सम्वन्धित विभिन्न अभिलेख र लिखतहरूकोअध्ययन
   - सम्वन्धित शिक्षकसँग अन्तर्वार्ता
   - लक्षित समूह छलफल (FGD)।

कार्यकलाप–३ (समय ३० मिनेट)

प्रशिक्षक प्रशिक्षण र हवमा टिपिडी सञ्चालनका सन्दर्भमा शिक्षकहरूको अवश्यकता पहिचान तथा प्रमाणीकरणका वारेमा रहेका प्रक्रियागत भिन्नताका वारेमा सहभागीहरूसँग प्रश्नोत्तरको माध्यमवाट छलफल गर्दै निम्नानुसार प्रस्ट पार्ने :

टिपिडी आवश्यकता प्रोफाइल तयारी

१. प्रत्येक विद्यालयले पेस गरेको टिपिडी आवश्यकता प्रस्तावलाई प्रशोधीकरण गर्ने क्रममा केही विद्यालयहरूमा भ्रमण गरी शिक्षक/प्रअ/विव्यस/अशिसं/विद्यार्थीसँग सघन छलफल (Focus Group Discussion) सम्पन्न गरी प्राप्त आवश्यकता प्रमाणीकरण (verification) गर्नुपर्ने
२. प्रत्येक हववाट तालिकामा उल्लेखित शिक्षकगत टिपिडी आवश्यकताको प्रमाणीकरण (verification) एवम् प्रशोधीकरण गर्ने प्रयोजनका लागि देहायका मध्ये कुनै एक क्रियाकलाप सञ्चालन गर्नुपर्ने
   (क) हब अन्तर्गतका शिक्षकहरूमध्ये कम्तिमा १५-२० प्रतिशत शिक्षकहरू समावेशी एवम् नजिक टाढा दूरी र विषयगत आधारमा छनोट गरी हवमा एक दिवसीय

कार्यशाला सञ्चालन गर्ने

(ख) (क) मा उल्लिखितमध्ये नजिक/टाढा पर्ने गरी कम्तिमा १५-२० प्रतिशत विद्यालयहरूमा आवश्यकताअनुसार स्रोतव्यक्ति/प्रशिक्षकहरू परिचालन गरी भ्रमण गर्ने

३. उक्त कार्यशाला वा विद्यालयको भ्रमणबाट प्राप्त पृष्ठपोषणका साथै मौजुदा नीति एवम् योजनाहरूबाट अपेक्षित प्रभावकारी शिक्षणको खाँचो (needs at the system level) लाई पनि दृष्टिगत गरी प्रत्येक हबबाट तपसिलको खाकामा टिपिडी आवश्यकता प्रोफाइल तयार गर्ने कार्य प्रत्येक वर्षको आश्विन मसान्तभित्र सम्पादन गर्नुपर्ने

४. यसरी प्रोफाइल तयार गर्दा प्रत्येक शिक्षकको व्यक्तिगत आवश्यकता समीक्षा एवम् विश्लेषण गरी सामान्यत: तीनवटा आवश्यकता समूह (need clusters) मा सूचिकृत गर्नुपर्ने

५. यस्ता क्लस्टरहरू विषयगत (subject-specific) अथवा पेसागत (generic) रूपमा सूचिकृत गर्न सकिने हुँदा तीनओटा भन्दा बढी हुन सक्ने भएतापनि ती क्लस्टरगत रूपमा प्रत्येक वर्ष सामान्यत: तीनओटा मात्र मोड्युल सामग्री विकास एवम् सञ्चालन गर्नुपर्ने

६. यसरी प्रोफाइल तयार गर्ने क्रममा आवश्यकताअनुसार सम्वन्धित प्रशिक्षक/विशेषज्ञहरूवीच कार्यशाला सञ्चालन गर्नुपर्ने ।

**कार्यकलाप-४** (१ घण्टा ३० मिनेट)

विद्यालयबाट सहभागीहरूले समूहगत रूपमा ल्याएको आवश्यकता प्रस्तावमा भएका विषयवस्तुहरूलाई छलफल गरी निम्नलिखित ढाँचामा आवश्यकता प्रोफाइल तयार गर्न लगाउनुहोस् ।

प्रत्येक समूहले तयार पारेका आवश्यकता प्रोफाइललाई अन्य समूहले तयार पारेका प्रोफाइलसँग साटासाट गरी पृष्ठपोषणका आधारमा अन्तिम रूप प्रदानगर्न सहयोग गर्ने । मुख्य प्रशिक्षक प्रशिक्षणमा तयार पारिएको नमुना अनुसूची १, २ र ५ बाट थप जानकारी लिन सक्नुहुन्छ ।

**टिपिडी आवश्यकता प्रोफाइल खाका**

स्रोतकेन्द्रको नाम: तह:

| क.सं. | विषय क्षेत्रगत आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| आवश्यकता समूह (Need Cluster) १ | | | |
| १ | | | |
| २ | | | |
| आवश्यकता समूह (Need Cluster) २ | | | |
| १ | | | |

| | | | |
|---|---|---|---|
| २ | | | |
| आवश्यकता समूह (Need Cluster) ३ | | | |
| १ | | | |
| २ | | | |

कार्यकलाप–५ (१ घण्टा)

समूहले तयार गरेको टिपिडी आवश्यकता प्रोफाइलमा उल्लेखित आवश्यकता समूह (मोडुल)को नामाकरण गर्न लगाउने । तीमध्ये कुनै एउटा प्राथमिकता प्राप्त मोडुलमा मोडुल सामग्री विकासका लागि विषयवस्तुहरूको विस्तृतीकरण गर्न लगाउनुहोस् ।

कार्यकलाप–६ (१ घण्टा)

उपरोक्त मोडुल तालिम सामग्री विकासका लागि विषयवस्तुहरूको प्रकृतिअनुसार तालिम कार्यशाला, स्वध्ययन अभ्यास र शैक्षिक परामर्श मार्फत दिइने विषयवस्तुहरू एकिन गर्ने र यसका लागि अनुसूची २, ३, ४ र ५ मा पनि हेर्नुहोस् ।

कार्यकलाप–७ (५ घण्टा ३० मिनेट)

तालिम कार्यशालाको सामग्री विकासका लागि ५ दिनको कार्यतालिका निर्माण गर्न लगाई तय भएका विषयवस्तु र स्वाध्ययन अभ्यास तथा शैक्षणिक परामर्सको सिलिसलामा सहभागी शिक्षकहरूले गर्नुपर्ने कार्यको अभिमुखीकरण कार्यलाईसमेत समेट्नुपर्ने हुन्छ ।

कार्यतालिकामा उल्लेखित विषयवस्तुहरू समेटी निम्नलिखित आधारमा सामग्री विकास गर्न लगाउनु होस् । यसका लागि अनुसूची २, ३, ४ र ५ मा दिइएको सामग्रीको सहयोग लिन सक्नुहुन्छ ।

१. पाँच दिने कार्यशालाका विषयवस्तुहरूलाई समय, भार निर्धारण गरी कार्य तालिका निर्माण गर्न लगाउने
२. कार्यतालिकाअनुसार तालिम सञ्चालनका लागि आवश्यक पर्ने सामग्री सत्रगत रूपमा विकास गर्नका लागि आवश्यकताअनुसार छलफल तथा सम्पादन गरी सामग्रीको अन्तिम रूप प्रदान गर्ने
३. प्रत्येक समूहले तयार पारेका कार्यतालिका र सामग्री अन्य समूहसँग साटासाट गरी पृष्टपोषण लिई आवश्यकताअनुसार सुधार गर्न सहयोग गर्ने ।

कार्यकलाप–८

(३० मिनेट)

स्वाध्ययन अभ्यासमार्फत प्रदान गरिने विषयवस्तु, गर्नुपर्ने क्रियाकलाप, कार्यसम्पादन प्रक्रियाका बारेमा छलफल तथा अन्तर्क्रिया गर्ने । स्वाध्यायन अभ्यास अन्तर्गत तालिमका सहभागी शिक्षकले तयार गर्नुपर्ने टिआइपीको सम्वन्धमा सहभागीहरूसँग छलफल गर्दै शिक्षक सहायता संयन्त्रको अवधारणा र यसको अपक्षित नतिजाका सम्वन्धमा निम्नलिखित बुँदाहरू प्रस्तुत गर्दै स्पष्ट पार्नुहोस् ।

शिक्षक सहायता संयन्त्र (TSM)

क. अवधारणा

१. शिक्षक र स्रोतव्यक्तिले आफूले गर्ने कामका लागि आफैंले आवश्यक योजना निर्माण गरी आफैंले कार्यान्वयन गर्ने परम्पराको विकास गर्नु ।
२. शिक्षक र स्रोतव्यक्तिहरूवीच अन्तरसम्बन्धित कार्यक्रम कार्यान्वयन प्रणालीको विकास गर्नु ।
३. शिक्षकले गर्ने र गरेका कामवाट स्रोतव्यक्तिलाई र स्रोतव्यक्तिले गर्ने र गरेका कामबाट शिक्षकलाई नतिजा प्राप्त हुने प्रणाली कायम हुने ।
४. यसमा एउटा पक्षले कुनै काम पूरा नगर्दा त्यसको पृष्ठप्रभाव अर्कोपक्षलाई पर्नेहुँदा दुवैका कार्यक्रम सँगसँगै जानैपर्ने अवस्थाको सिर्जना हुने ।
५. यो कार्यक्रम कार्यान्वयनवाट शिक्षकले आफूमा विद्यमान क्षमता शिक्षण कार्यमा भरपूर उपयोग गर्ने ।
६. यस कार्यक्रमअन्तर्गत स्रोतकेन्द्रले नै शिक्षकमा विद्यमान सम्पूर्ण क्षमताको उपयोगका लागि स्वचालित तुल्याउन विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, विद्यार्थी, अभिभावक एवम् अभिभावक-शिक्षक सङ्घलाई आवश्यक सहयोग र परिचालन गर्ने भएकाले "विद्यालयका निम्ति सम्पूर्ण पक्षमा सहायता (Whole School Support)" भन्ने अवधारणा वास्तविक रूपमा स्थापित हुने ।
७. स्रोतकेन्द्र नै सम्वन्धित विद्यालय समूहको केन्द्रविन्दु (Hub) का रूपमा सक्रिय हुने ।
८. शिक्षकमा निहित शिक्षण सीप एवम् क्षमता अर्थात सम्पूर्ण सम्भावना (Full capacity) को प्रभावकारी उपयोग गर्न शिक्षकले आफ्नो कार्यलक्ष्य र नतिजा आफैं निर्धारण गरी हमेसा सुधारात्मक कार्यसम्पादनका लागि आफूलाई स्वचालित तुल्याउन जरुरी छ ।

ख. अपेक्षित नतिजा

१. विद्यार्थीहरूको उपलब्धि अङ्कमा वृद्धि गर्ने ।
२. कक्षागत र तहगत रूपमा विद्यार्थीको कक्षा छाड्ने दर न्यूनीकरेण गर्ने ।
३. कक्षागत र तहगत रूपमा विद्यार्थीको कक्षा दोहोऱ्याउने दर न्यूनीकरण गर्ने ।

४. शिक्षकद्वारा शिक्षण सामग्रीको प्रयोग अवस्थामा वृद्धि हुने ।
५. शिक्षकद्वारा प्रतिदिन पूर्वनिर्धारित क्रियाकलाप विवरण तयारीसहित सबै पाठहरू शिक्षण गर्ने स्थितिमा पुऱ्याउने ।
६. प्रभावकारी शिक्षण सम्पादन गर्ने शिक्षकलाई प्रधानाध्यापक र विव्यसबाट प्राप्त हुने सहयोगको स्थितिमा सुधार गर्ने ।
७. स्रोतव्यक्तिबाट शिक्षक/प्रधानाध्यापक/विव्यसलाई पेसागत सहयोगका निमित्त तालिकाबद्ध एवम् एजेन्डासहितको विद्यालय भ्रमण सङ्ख्या बढाउने ।

कार्यकलाप–९ (१ घण्टा)

प्रत्येक सहभागीलाई निम्नअनुसारको ढाँचामा TIP तयारीको अभ्यास गराई सो क्रममा TIP मा समावेश भएका सूचकहरूका बारेमा आवश्यकताअनुसार सहजकर्ताले स्पष्ट पार्नुहोस् । सहभागीहरूले तयार पारेको TIP प्रदर्शन गर्न लगाई तयार गर्ने क्रममा शिक्षकलाई आइपर्ने सम्भाव्य समस्याहरू र तिनका समाधानका बारेमा छलफल गराई निष्कर्षमा पुग्न सहयोग गर्नुहोस् ।

शिक्षण सुधार योजना (TIP)

शिक्षकको नाम : ..................... विद्यालयको नाम : .................

| क्र.सं | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य (....देखि...सम्म) | लक्ष्य पूरागर्न सम्पादन गर्ने मुख्य कार्यहरू |
|---|---|---|---|---|
| १) | विद्यार्थीको औसत उपलब्धि/ प्राप्ताङ्क (अध्यापनगर्ने मुख्य तीन विषयहरू) | | | |
| क) | कक्षा ....... /विषय ........ | | | |
| ख) | कक्षा ....... /विषय ........ | | | |
| ग) | कक्षा ....... /विषय ........ | | | |
| २) | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्चतहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| ३) | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठसङ्ख्या | | | |
| ४) | स्वमूल्याङ्कनका आधारमा | | | |

| क्र.सं | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य (....देखि...सम्म) | लक्ष्य पूरागर्न सम्पादन गर्ने मुख्य कार्यहरू |
|---|---|---|---|---|
| | प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्चतहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| ५) | स्रोतव्यक्ति/प्रशिक्षकबाट शिक्षक /विद्यालयलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (अर्धवार्षिक रूपमा) | | | |

कार्यकलाप– १० (३ घण्टा)

स्वाध्यायन अभ्यास अन्तरगत सहभागी शिक्षकहरूले गर्नुपर्ने परियोजना कार्यका सम्बन्धमा सहभागीहरूलाई स्वाध्यायन अभ्यासका लागि छुट्याइएका विषयवस्तुहरू तथा व्यक्तिगत आवश्यकताहरूलाई समेत विचार गरी परियोजना कार्यका नमुनाहरू विकास गर्न लगाउनुहोस् ।

प्रत्येक समूहले तयार पारेका परियोजना कार्य र सो कार्य सम्पादन गर्ने चरणहरूका सम्वन्धमा अन्य समूहसँग साटासाट गरी पृष्टपोषण लिई आवश्यकताअनुसार सुधार गर्न सहयोग गर्नुहोस् ।

परियोजना कार्यका नमुनाका लागि टिपिडी निर्देशिका अनुसूचीमा २, ३, ४ र ५ मा र यसैको अनुसूचीमा रहेका सामग्रीहरू पनि अध्ययन गर्न सक्नुहुनेछ ।

कार्यकलाप–११ (१ घण्टा ३० मिनेट)

१० दिने मोडुलअन्तर्गत भाग ३ शैक्षिक परामर्श अन्तर्गत छनोट भएका विषयवस्तुहरूलाई कसरी प्रभावकारी रूपमा कार्य गर्ने भन्ने सन्दर्भमा समूहगत रूपमा छलफल गरी कार्ययोजना तयार पार्न लगाउनुहोस् । सो कार्ययोजना तयारीका क्रममा निम्नलिखित पक्षमा ध्यान दिँदै यसका लागि नमुना सामग्री टिपिडी निर्देशिकाको अनुसूची २ मा दिइएको र यसैको अनुसूची २, ३, ४ र ५ मा रहेका सामग्रीहरू पनि अध्ययन गर्न सक्नुहुन्छ ।

सञ्चालन कार्य विवरण एवम् कार्यविधि

१. प्रत्येक हबबाट चालु मोड्युलका सहभागीहरू कार्यरत विद्यालय भ्रमण गर्न दुई दिनका लागि सम्वन्धित टिपिडी प्रशिक्षक खटाइनुपर्ने

२. पहिलो दिन यसरी खटिएको प्रशिक्षकहरूवाट प्रत्येक सहभागी शिक्षकले सम्पन्न गरेका स्वाध्ययन अभ्यास अन्तर्गतका तीनओटै प्रोजेक्ट कार्यहरूको प्रतिवेदन सङ्कलन गर्ने र विद्यालयको समग्र सञ्चालन प्रकृया एवम् शैक्षिक गतिविधि अवलोकन गरी सुधारका पक्षहरू नोट गर्ने

३. दोस्रो दिन निज प्रशिक्षकवाट सम्वन्धित सहभागी शिक्षकको कम्तीमा एउटा कक्षा अवलोकन गर्नुका साथै अन्य शिक्षकहरूको पनि कक्षा अवलोकन गरी सुधारका पक्षहरू नोट गर्ने र त्यसै दिन शिक्षक, प्रअ र विव्यसवीच देहायअनुसारको प्रस्तावमा आधारित औपचारिक वैठक गर्ने ।

बैठकका प्रस्तावहरू

१. मुलत सहभागी शिक्षक र अन्य शिक्षकहरूवाट समेत पेसागत समस्या प्रस्तुतीकरण

२. सहभागी शिक्षकहरूको प्रोजेक्ट कार्य प्रतिवेदन मूल्याङ्कन एवम् समीक्षा

३. विव्यस एवम् प्रअवाट शिक्षण प्रकृया प्रभावकारी तुल्याउन झेल्नुपरेका कठिनाई र प्रयास वारे प्रस्तुतीकरण

४. प्रशिक्षकद्वारा कक्षाअवलोकनसमेतका आधारमा प्रस्तुत पेसागत समस्या समाधानका लागि शैक्षणिक परामर्श प्रदान

५. अन्त्यमा प्रशिक्षकवाट "प्रोजेक्ट कार्य प्रतिवेदन र यस बैठकको निर्णय प्रति" समेत सङ्कलन गरी फिर्ती भ्रमण

६. प्रत्येक समूहले तयार पारेका कार्ययोजनाका सम्वन्धमा अन्य समूहसँग साटासाट गरी पृष्टपोषण लिई आवश्यकताअनुसार सुधार गर्न सहयोग गर्ने ।

कार्यकलाप-१२ (३ घण्टा)

सहभागीहरूलाई समूहमा विभाजन गरी टिपिडी कार्यान्वयन पुस्तिकाको कार्यान्वयन कार्यविधि अध्ययन गर्न लगाई अघिल्ला सत्रहरूमा गरेका कार्य/छलफलसमेतको आधारमा टिपिडी कार्यान्वयन गर्ने सिलसिलामा गर्नुपर्ने कार्यसूची र प्रक्रियाका बारेमा

सहभागीहरूबीच छलफल तथा अन्तर्क्रिया गराउनुहोस् । कुनै कार्यहरू छुटेका भएमा पहिचान गरी तल दिइएको ढाँचामा समूहगत रूपमा कार्ययोजना तयार गरी प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् र उदाहरणका लागि अनुसूची ६ अध्ययन गर्नुहोस् ।

शिक्षकहरूको पेसागत विकास मोड्युल कार्यान्वयन कार्ययोजना

| क्र.स. | कार्य विवरण | प्रक्रिया | जिम्मेवार निकाय/व्यक्ति | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**कार्यकलाप-१३** (३० मिनेट)

QERP को उद्देश्य, हालसम्मको प्रबोधिकरणको अवस्था र सामग्रीको प्रयोगको स्थिति एवम् सिकेका पाठहरूबारे विस्तृत प्रस्तुतीकरण गरी छलफल सञ्चालन गर्नुहोस् र निम्न तथ्यहङ्कहरू समेटिने गरी स्पष्ट पार्नुहोस् ।

गुणस्तरीय शिक्षा स्रोतसामग्री
QUALITY EDUCATION RESOURCE PACKAGE

पृष्ठभूमि

गुणस्तरीय शिक्षा स्रोतसामग्री शिक्षा मन्त्रालय, शिक्षा विभाग, युनिसेफ र विश्व शिक्षाको संयुक्त प्रयासमा तयार पारिएको हो । यो तयार पार्नको लागि विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षक अभिभावकसङ्घ, विद्यालय व्यवस्थापन समिति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारी, अभिभावकसङ्घ, अन्तर्राष्ट्रिय गै.स.स., प्राध्यापक, शिक्षा मन्त्रालय शिक्षा विभागका विषय विशेषज्ञहरू सबैको योगदान रहेको छ । यसले नेपालमा रहेको सबै सामुदायिक विद्यालयहरू (खासगरी प्रा.वि.हरू) को वर्तमान अवस्थामा सुधार ल्याउने लक्ष्य राखेको छ ।

उद्देश्य

गुणस्तरीय शिक्षा स्रोतसामग्रीको उद्देश्यहरू निम्नानुसार कायम गरिएको छ :

१. विद्यालयको विकासका लागि समुदाय परिचालन गर्नु
२. विद्यालय उमेरका सबै खाले बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी पठनपाठनमा निरन्तरता दिनु
३. विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक पक्षको सुधारका लागि योजना निर्माणमा सामुदायिक संलग्नता वृद्धि गर्नु
४. विद्यालयको पठनपाठन क्रियाकलापलाई बालमैत्री तथा रमाइलो तरिकाले सञ्चालन गर्नु ।

### लक्षित समूह (Target Groups)

गुणस्तरीय शिक्षा स्रोतसामग्रीको लक्षित समूह भनेर निम्नानुसार कायम गरिएको छ :

| क्षेत्र | लक्षित समूह |
|---|---|
| क. समुदाय परिचालन<br>१. विद्यालय विकासमा शिक्षक अभिभावक सङ्घ<br>२. शिक्षक अभिभावक सङ्घको नेतृत्व विकास<br>३. कक्षा १ नयाँ अभिभावक अभिमुखीकरण | १. विद्यार्थी<br>२. शिक्षक<br>३. अभिभावक |
| ख. सबै बालबालिकालाई विद्यालयमा स्वागत<br>१. सामुदायिक नक्साङ्कन<br>२. जन्मदर्ता र विद्यार्थी भर्ना<br>३. सबै बालबालिकालाई विद्यालयमा स्वागत<br>४. शैक्षिकवृत्ति | १. प्रधानाध्यापक<br>२. शिक्षक अभिभावक सङ्घ<br>३. विद्यालय व्यवस्थापन समिति |
| ग. विद्यालय व्यवस्थापन<br>१. गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन<br>२. विद्यालय सुधार योजना<br>३. विद्यालयको आम्दानी बढाउने तरिका<br>४. हाम्रो पुस्तकालय<br>५. विद्यालयमा खाजा कार्यक्रम<br>६. कक्षा कोठा व्यवस्थापन<br>७. विद्यालयमा लेखा व्यवस्थापन | १. गाउँ शिक्षा समिति<br>२. विद्यालयका सरोकारवालाहरू |
| घ. बालमैत्री शिक्षण सिकाई<br>१. (विषयगत शिक्षण सिकाई कक्षा १-५ | १. शिक्षक<br>२. प्रधानाध्यापक |

### सूचकहरू (Indicators)

गुणस्तरीय शिक्षा स्रोतसामग्रीको अपेक्षित उपलब्धि सूचकहरू निम्नानुसार कायम गरिएको छ :

१. विद्यार्थी भर्नामा वृद्धि
२. छात्रा भर्नामा वृद्धि
३. दलित, उपेक्षित, अल्पसङ्ख्यक तथा पिछडिएका जातजातीका बालबालिकाको

विद्यालयको पहुँचमा वृद्धि
४. खास भर्ना दरमा वृद्धि
५. कूल भर्ना दरमा कमी
६. विद्यार्थीको शैक्षिक उपलब्धि स्तरमा वृद्धि
७. विद्यार्थीको तह (cycle) पूरा गर्ने प्रतिशतमा वृद्धि
८. शिक्षकको पेसागत सीपको विकास
९. विद्यालयको विकासमा समुदायको संलग्नतामा वृद्धि
१०. आवधिक तथा वार्षिक योजना निर्माणको आधारमा विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार

कार्यकलाप-१४ (२ घण्टा)

QERP का २९ ओटा प्याकेजका विषयवस्तु, सारांश, प्रत्येकको उद्देश्य र त्यसको प्रयोग विधिवारे नमुना कार्यकलापको प्रस्तुतीकरण गरी सहभागीहरूवीच व्यापक छलफल सञ्चालन गरी निम्नलिखित तथ्यका आधारमा निष्कर्षमा पुग्न सघाउनुहोस् ।

**गुणस्तरीय शिक्षा स्रोतसामग्री चार्ट**

गुणस्तरीय शिक्षा स्रोतसामग्रीमा रहेका मोड्युलहरू कहिले र किन प्रयोग गर्ने भन्ने सवालमा यस चार्टले मदत गर्नेछ ।

| क्रसं | क्षेत्र | मोड्युलहरू | कहिले प्रयोग गर्ने | उपलब्धि सूचक |
|---|---|---|---|---|
| १ | समुदाय परिचालन | १. विद्यालय विकासमा शिक्षक अभिभावक सङ्घ<br>२. शिक्षक अभिभावक सङ्घको नेतृत्व विकास<br>३. कक्षा १ नयाँ अभिभावक अभिमुखीकरण | १. प्रत्येक २ वर्षमा शि.अ.सं.को गठनको वेला<br>२. नयाँ शिक्षक अभिभावक सङ्घ गठन भएपछि<br>३. प्रत्येक शैक्षिक सत्रको सुरुमा | १. सक्रिय शिक्षक अभिभावक सङ्घको निर्माण<br>२. विद्यालयमा कामगर्ने सीपको विकास<br>३. अभिभावकहरूको विद्यालयप्रति चासो र संलग्नतामा वृद्धि |
| २ | सवै वालवालिकालाई विद्यालयमा स्वागत | १. सामुदायिक नक्सांकन<br>२. जन्मदर्ता र विद्यार्थी भर्ना<br>३. सवै वालवालिकालाई विद्यालयमा स्वागत<br>४. शैक्षिकवृत्ति | १. शैक्षिक सत्र सुरु हुनु अगाडि<br>२. शैक्षिक सत्र सुरु हुनु अगाडि<br>३. शैक्षिक सत्र सुरु हुनु अगाडि<br>४. प्रत्येक वर्ष नेपाल को सरकारवाट छात्रवृत्ति प्राप्त भएपछि | विद्यार्थी भर्नामा वृद्धि |

| क्रसं | क्षेत्र | मोड्युलहरू | कहिले प्रयोग गर्ने | उपलब्धि सूचक |
|---|---|---|---|---|
| ३ | विद्यालय व्यवस्थापन | १. गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन<br>२. विद्यालय सुधार योजना<br>३. विद्यालयको आम्दानी वढाउने तरिका<br>४. विद्यालयमा लेखा व्यवस्थापन<br>५. हाम्रो पुस्तकालय<br>६. खाजा कार्यक्रम<br>७. कक्षाकोठा व्यवस्थापन | १. प्रत्येक शै.स.को सुरुमा विद्यालयको वार्षिक योजना निर्माण तथा गत वर्षको मूल्याङ्कन<br>२. " "<br>३. आय आर्जन कार्यक्रम थालनी गर्ने वेला<br>४. प्रत्येक वर्ष<br>५. निरन्तर<br>६. प्रत्येक वर्षको सुरुमा<br>७. निरन्तर | १. विद्यालयको शैक्षिक तथा भौतिक क्षेत्रमा विकास<br>२. विद्यालयको शैक्षिक तथा भौतिक वातावरणमा सुधार<br>३. विद्यालयको आर्थिक पारदर्शिता<br>४. विद्यार्थीको ज्ञानपक्षमा सुधार<br>५. विद्यार्थीको वीचैमा छाड्ने<br>६. प्रतिशतमा कमी<br>७. विद्यार्थीको शैक्षिक उपलब्धिमा वृद्धि |
| ४ | वालमैत्री शिक्षण सिकाइ | १. शिक्षण सिकाइ<br>२. विषयगत शिक्षण सिकाइ | १. निरन्तर<br>२. निरन्तर | १. विद्यार्थीको शैक्षिक उपलब्धिमा वृद्धि<br>२. शिक्षकको पेसागत सीपमा विकास<br>३. विद्यार्थीको शैक्षिक उपलब्धिमा वृद्धि<br>४. विद्यार्थी भर्नामा वृद्धि |

**कार्यकलाप–१५** **(३० मिनेट)**

**सहजकर्ताद्वारा टिपिडी मोड्युल र नेतृत्व क्षमता विकास तालिमका देहायका चरणहरूमा QERP लाई एउटा स्रोतसामग्रीका रूपमा प्रयोग गर्ने विधि र प्रक्रियावारे छलफल गरी अन्तमा उक्त प्रक्रिया सूचीलाई अन्तिम रूप दिने।**

१. **पेसागत आवश्यकता प्रवोधीकरण र प्रोफाइल तयारी**
२. **टिपिडी मोडुल सामग्री विकास र सहजीकरण**
३. **नेतृत्व क्षमता विकास तालिमका दुवै मोडुल सामग्री तयारी र सहजीकरण**

सिकाइउपलव्धी लेखाजोखा

प्रहजकर्ताद्वारा सहभागीहरूलाई निम्नानुसार र यस्तै खालका अन्य सान्दर्भिक प्रश्न सोधी निष्कर्षमा पुग्ने ।

१. शिक्षकको आवश्यकता सङ्कलन प्रक्रियामा प्र.अ.को केकस्तो भूमिका हुन्छ ?
२. शिक्षकको आवश्यकता प्रोफाइल तयार गर्दा तपाईंले कसरी गर्नुहुन्छ ?
३. शिक्षकको आवश्यकताको प्रमाणीकरण तथा प्राथमिकीकरण गर्ने आधारहरू टिपोट गर्नुहोस् ४. तालिम कार्यशाला सञ्चालन गर्दा सहभागितामूलक र क्रियाकलाप केन्द्रित कसरी गराउने ?
४. स्वाध्ययन अभ्यासमा गर्नुपर्ने क्रियाकलाप र कार्यसम्पादन गर्ने तरिका वताउनुहोस् ।
५. शैक्षिक परामर्श क्रियाकलापबाट शिक्षकको पेसागत विकासमा कसरी सहयोग पुग्ला ?
६. टिपिडी कार्यान्वयन अन्तर्गत गर्नुपर्ने कार्यहरूको सूची तयार गर्नुहोस् ।
७. QURP स्रोतसामग्रीको प्रयोगबाट हुने कुनै चारओटा उपलब्धि टिप्नुहोस् ।

# खण्ड दुई
# प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम

## क. सैद्धान्तिक एवम् अवधारणात्मक समझदारी विकास

### १. परिचय

यस अङ्गअन्तर्गत प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिमको औचित्य, अवधारणा र अपेक्षित प्रभावका बारेमा विस्तृत छलफल गरी प्रत्येक सहभागीहरूमा यससम्वन्धी गहिरो समझदारी विकास गर्ने विविध कार्यकलाप सञ्चालन गरिने छ । यसका लागि पाठ्यक्रम तथा कार्यान्वयन पुस्तिका र केन्द्रवाट विकास गरिएका प्रधानाध्यापकको तालिम सञ्चालनका लागि तयार गरिएका सामग्रीहरू, स्टेसनरी, कम्प्युटर, एलसिडी लगायतका सामग्रीहरू आवश्यक पर्दछन् ।

### २. उद्देश्य

यो सत्रको अन्तमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) प्रधानाध्यापक नेतृत्व विकास तालिमको सैद्धान्तिक एवम् व्यावहारिक आधार, औचित्य, तालिमको ढाँचा, विषयवस्तुको दायरा र अपेक्षित नतिजा उल्लेख गर्न

(ख) तालिम सञ्चालन योजना एवम् कार्यविधिका वारे व्यावहारिक दृष्टान्त एवं सन्दर्भहरूसँग आवद्ध गरी वर्णन गर्न ।

(ग) प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिमको आवश्यकता पहिचान एवम् प्रमाणीकरण गर्ने प्रक्रिया बताउन ।

### ३. कार्यकलाप डिजाइन

**कार्यकलाप –१** (१ घण्टा ३० मिनेट)

१. सहजकर्ताद्वारा प्रधानाध्यापक नेतृत्व विकास तालिमको सैद्धान्तिक एवम् व्यावहारिक आधार, औचित्य, डिजाइन संरचना, सञ्चालन कार्यविधि एवम् अपेक्षित प्रभाववारे प्रस्तुतीकरण गर्ने र त्यसउपर सहभागीहरूको प्रतिविम्वन (reflection) सहित छलफल गर्ने । यसका लागि निम्नअनुसारका विषयवस्तुहरू प्रस्तुतिवाट प्रस्ट पार्नुहोस् । तालिमको उद्देश्य, अपेक्षित नतिजा, तालिम खाका, सञ्चालन प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र अभिलेख व्यवस्थापनको लागि पाठ्यक्रम तथा कार्यान्वयन पुस्तिकावाट समेत छलफल गर्नुहोस् ।

पुस्तकालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी


G2940

विद्यालय क्षेत्र सुधार कार्यक्रमले गरेको व्यवस्था

१. प्रत्येक fully –fledged विद्यालयमा प्रअको अलग्गै पदको व्यवस्था
२. आधारभूत विद्यालयको लागि विएड् तथा माध्यमिक विद्यालयको लागि विएड् योग्यता हुनुपर्ने
३. सुवधाविहिनमध्येवाट प्रअ राखेमा थप सुविधा दिने
४. विकेन्दित व्यवस्थापनको प्रभावकारी कार्यान्वयनका लागि प्रअको क्षमता विकास गर्ने
५. स्थानीय सरकारले प्रअ र शिक्षकको performance को बारेमा उगदष्अिस्तथ गर्ने
६. गुणस्तर व्यवस्थापनको एउटा प्रमुख तत्वका रूपमा प्रअको विकास गर्ने
७. करीव ४,०५० शिक्षकहरू तालिम प्राप्त हुने
८. एकदेखि तीन महिनासम्मको नेतृत्व क्षमता विकास तालिम दिन सक्ने व्यवस्था ।

उद्देश्य र नतिजा

*उद्देश्य*

यस नेतृत्व क्षमता अभिवृद्धि तालिम कार्यक्रमको उद्देश्य निम्नानुसार रहेका छन् :

क) विद्यालयको योजनाबद्ध विकासका लागि प्रधानाध्यापकहरूको व्यवस्थापकीय तथा नेतृत्वदायी क्षमता विकास गर्नु
ख) विद्यालयमा आइपरेका समस्याहरूको समाधानका उपायहरू पत्ता लगाई आफैंले नै कार्यान्वयन गरी विद्यालय विकासमा सुधार ल्याउनु ।

*नतिजा*

क) विद्यालय विकाससम्वन्धी विविध कार्यसम्पादनको क्रममा व्यवस्थापकीय तथा नेतृत्वको पक्षमा सकारात्मक परिवर्तन अवलोकन गर्न सकिने,
ख) विद्यालयको समग्र विकासमा सुधार तथा विद्यार्थीहरूको शैक्षिक उपलव्धिमा वढोत्तरी हुने

तालिमको संरचना

१) तालिम कार्यशाला खण्ड : १० दिन सहभागी र विशेषज्ञको प्रत्यक्ष भेटघाट
२) स्वाध्ययन अभ्यास खण्ड

क) आवश्यकता प्रोफाइल : पाँच कार्यभार दिन बरावर ।

विद्यालय विकास योजना (School Development Plan)को ढाँचा

१) विद्यालयको नाम :
२) विद्यालयको पृष्ठभूमि (स्थापना, कार्य क्षेत्र, दूरदृष्टि लक्ष्य तथा प्रमुख क्रियाकलाप):
३) प्रमुख विद्यमान अवस्था, समस्या तथा चुनौतीहरू

..................

४) सुधारका क्षेत्रहरू र लक्ष्य निर्धारण (आगामी दुई वर्षका लागि)
   क) परियोजना कार्य १५ दिनको वरावर
   ख) दुई ओटा परियोजना कार्य गनुपर्ने
   ग) दुई दिन सर्म्पक कक्षा सञ्चालन ।

तालिम सञ्चालन कार्य विधि

क) सहभागीहरूलाई मनोनयन गर्दा नै School Development Plan को ढाँचासहित कम्तीमा दुईमहिना अगाडि नै दिनुपर्ने
ख) सहभागीहरूले तालिम कार्यशालामा आँउदा School Development Plan तयार गरी

आउने

ग) तलिमका प्रत्येक सहभागीको पोर्टफोलियो तयार गर्ने

घ) तालिम कार्यशाला खण्डमा सहभागीहरूको आवश्यकताका आधारमा पेसागत प्रोफाइल तयार गरी १० दिने तालिम कार्यशालाको विषयवसतुसँग समायोजन गरी तालिम सञ्चालन गर्ने

ङ) स्वाध्ययन अभ्यासको पछिल्लो १५ कार्य दिन अर्थात डेड मनिादेखि दुई महिनाभित्रमा कार्यको नतिजा प्रभाव सहित दुई दिने सर्म्पक कक्षामा उपस्थित भई प्रतिवेदन तयार बुझाउनपर्ने छ

च) एकमहिने तालिम अर्थात दईओटा खण्ड सम्पन्न भएपछि सहभागीले प्राप्त गरेको उपलब्धिका आधारमा सम्वन्धित शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्दले तालिमको नतिजा प्रकाशन गरी सहभागीहरूलाई श्रेणी खुलेको प्रमाणपत्र प्रदान गर्नुपर्ने

छ) १० दिने तालिमको अन्तिम दिन प्रत्येक सहभागिले स्वाध्ययन खण्डको प्रत्येकका लागि दुईओटा परियोजना कार्य तयार गरी परियोजना कार्य दिने र सो कार्यन्वनका लागि कार्ययोजना तयार गर्न लगाउने

ज) स्वाध्ययन अभ्यासका लागि प्रत्येक सहभागिका क्रियाकलापहरूको अवलोकन तथा पृष्ठपोषणका लागि दुई दिने सम्पर्क कक्षा सञ्चालनका लागि सहजकर्ता, स्थान र समय तोक्ने।

अभिलेख व्यवस्थापन

क) आफ्नो जिल्ला भित्रका आधारभुत तथा माध्यमिक तहका सवै प्रधानाध्यापकहरूका नामावली सङ्कलन गर्ने

ख) शैक्षिक जनशक्ति विकास केन्दबाट प्रदान गरिने लेजर वमोजिमको ढाँचामा मल अभिलेख तयार गर्नुपर्ने

ग) उक्त लेजरको एकप्रति योजना निर्माण तथा कोटा निर्धारण प्रयोजनका लागि सम्वन्धित शैक्षिक तालिम केन्द्र क मा सम्प्रेसण गर्नुपर्ने

घ) यसैगरी शैक्षिक तालिम केन्द "क" ले प्रत्येक आर्थिक वर्षको अन्त्यमा आफ्नो सेवाक्षेत्रको अभिलेख अद्यावधिक गरी सोको विवरण शैक्षिक जनशक्ति विकास केन्द्र समक्ष पठाउनुपर्नेछ।

४. सिकाइउपलब्धिको लेखाजोखा

सहभागीहरूलाई तलका जस्ता प्रश्नहरू सोधी सिकाइउपलब्धिको स्तर मापन गर्नुहोस् :

(क) प्रधानाध्यापक नेतृत्व विकास तालिमको तालिमको ढाँचा र अपेक्षित नतिजा उल्लेख गर्नुहोस्।

(ख) प्रधानाध्यापकको नेतृत्व विकास तालिमका सम्भाव्य विषयवस्तुको सूची तयार पार्नुहोस्

(ग) तालिम सञ्चालन योजना कसरी तयार पार्नु हुन्छ ?

(घ) प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिमको आवश्यकता पहिचान एवम् प्रमाणीकरण गर्ने प्रक्रिया बताउनुहोस्।

## ख. प्रयोगमूलक अभ्यास

### १. परिचय

विद्यालयको उन्नतिका लागि दक्ष र सक्षम नेतृत्वको आवश्कता पर्दछ । जसको लागि विद्यालयको नेतृत्व लिने प्रधानाध्यापकहरूको लागि नेतृत्वसम्बन्धी क्षमता विकास गर्न तालिम तथा अन्य पेसागत कार्यहरूको निरन्तर आवश्यकता पर्दछ । यसै पक्षलाई दृष्टिगत गरी शैक्षिक जनशक्ति विकास केन्द्रले प्रअहरूका लागि तालिम सञ्चालन गर्दै आएको छ । यहाँ प्रधानाध्यापकहरूको एकमहिने नेतृत्वसम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालनको क्रममा गरिने प्रमुख क्रियाकलापहरूको विकास तथा अभ्यासलाई जोड दिइएको छ । जसबाट प्रशिक्षक प्रशिक्षण कार्यक्रमका सहभागीहरू तालिममा गर्न पर्ने क्रियाकलापहरू जस्तै आवश्यकता सङ्कलन, आवश्यकताको प्रोफाईलको तयारी तथा विकास, तालिम कार्यशाला खण्डको विषयवस्तुसँग परिचित हुन, स्वाध्ययन अभ्यास खण्डका क्रियाकलापको विकास र अभ्यास सञ्चालनको लागि प्रक्रियागत चरणका बारेमा आवश्यक जानकारी हासिल गरी तालिम सञ्चालनका लागि ज्ञान तथा सीप हासिल गर्नेछन् ।

### २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

क) तालिमका सहभागीहरूका समस्या तथा पेसागत आवश्यकताका आधारमा आवश्यकता प्रोफाइल तयार गर्न

ख) तालिम कार्यशाला मोड्युलको सञ्चालन प्रक्रिया र समावेश गरिएको विषयवस्तको अवधारणासँग परिचित भई सहजीकरण प्रक्रियाको खाका तयार गर्न

ग) तालिम कार्यशाला खण्डमा गर्नुपर्ने क्रियाकलापहरूको विकास गर्न

घ) स्वाध्ययन अभ्यास खण्ड अन्तर्गत गरिने परियोजना कार्यको नमुना विकास र कार्य सम्पादन प्रक्रिया तयार गर्न ।

### ३. क्रियाकलाप डिजाइन

कार्यकलाप–१ (३ घण्टा)

सहभागीहरूलाई चारचारजनाको समूहमा विभाजन गरी प्रत्येक समूहलाई अलगअलग विद्यालयमा पठाई निम्नलिखित ढाँचामा प्रधानाध्यापकले तयार गरेको विद्यालय विकासको प्रस्ताव सङ्कलन गर्न लगाउनुहोस् । प्रधानाध्यापकले विद्यालयमा,

शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग छलफल तथा अन्तर्क्रिया तथा विद्यालयको विगत वर्षहरूका विद्यार्थीको शैक्षिक उपलब्धिको अध्ययन, विद्यालय सुधार योजना जस्ता विद्यालयको विकाससँग सम्बन्धीत दस्तावेजहरूको सङ्कलन तथा अध्ययन तथा विश्लेषणका आधारमा सहजकर्ताको आवश्यकता विद्यालय विकास प्रस्ताव तयार गरी सङ्कलन गर्ने जस्ता कार्यकलाप गर्न लगाउनुहोस् ।

## विद्यालय विकास प्रस्तावको खाका

१) विद्यालयको नाम

२) विद्यालयको सङ्क्षिप्त पृष्ठभूमि (स्थापना, कार्यक्षेत्र, दूरदृष्टि, लक्ष्य तथा प्रमुख कार्यक्रमहरू)

३) विद्यालयको विद्यमान अवस्था, समस्या र चुनौतीहरू

| विद्यालय विकासका पक्षहरू | सबल पक्ष (best practices) तथा विद्यालय विकासमा देखिएका अवसरहरू | प्रमुख समस्या तथा चुनौतीहरू/मुद्दाहरू (problems and issues) | विद्यालय विकासको तत्कालीन योजना (immediate plan) |
|---|---|---|---|
| विद्यालयसँग सम्वन्धित योजना निर्माण | | | |
| पठन पाठन तथा शैक्षणिक व्यवस्थापन | | | |
| स्रोतव्यवस्थापन (वित्तीय, लेखा पद्धति, सूचना, मानवीय) | | | |
| शैक्षणिक व्यवस्थापन ( शैक्षिक सामग्री, पाठ्यक्रम, विद्यार्थी मूल्याङ्कन...) | | | |
| शिक्षक विकास र पेसागत सहयोग | | | |
| सम्वन्ध स्थापना (Netwroking) र सहकार्य : विव्यस, अभिभावक, गाविस, जिशिका, शैताके, गैसस....) | | | |
| विविधता व्यवस्थापन | | | |

४) सुधारका क्षेत्रहरू र लक्ष निर्धारण (आगामी दुई वर्षका लागि)

| अपेक्षित नतीजा | कार्यहरू | कार्यपक्रिया | समयावधि | सूचक |
|---|---|---|---|---|
| | | | | |

कार्यकलाप- २ (१ घण्टा ३० मिनेट)

विद्यालयबाट सङ्कलित विद्यालय विकास प्रस्तावका आधारमा प्रधानाध्यापकहरूको आवश्यकताको प्राथमिकीरण तथा प्रशोधन निम्नलिखित तालिकाहरू प्रयोग गरी प्रधानाध्यापकको नेतृत्व विकास तालिमको पाठ्यक्रमले निर्देश गरेका आठओटा विषयगत क्षेत्रमा समेटी आवश्यकताहरूलाई अन्तिम रूप दिन सहयोग गर्नुहोस् ।

नेतृत्व क्षमता विकास तालिम आवश्यकता प्रोफाइल तयारी

प्रधानाध्यापकको नाम: विद्यालय:

| क्र.सं. | SDP को आधारमा पहिचान गरिएको तालिम आवश्यकता/प्र.अ.मा विकास गर्नुपर्ने सक्षमता | आवश्यकताको प्रमाणीकरण (verification of needs) |
|---|---|---|
| | १ | २ |
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

नेतृत्व क्षमता विकास तालिम स्वाध्यायन अभ्यासको (परियोजना कार्य) तयारी

आवश्यकता प्रोफाइल तयारी ढाँचा-२

| क्र.सं. | समष्टिगत आवश्यकताहरू/ सक्षमताहरू | सम्बन्धित प्र.अ.को नाम | तालिम आवश्यकता सम्बोधन गर्न/सक्षमताहरू पूरा गर्न आवश्यक पर्ने विषयवस्तु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

कार्यकलाप-३ (२ घण्टा)

सहभागीहरूले समूहगत रूपमा विद्यालय विकास प्रस्तावका आधारमा आवश्यकता प्रोफाइल विकास गरीसकेपछि प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिमको १० दिने तालिम कार्यशालाको विषयवस्तुसँग समायोजन गर्न मिल्ने विषयवस्तुलाई समायोजन गर्ने र तालिम कार्यशालाको विषयवस्तुसँग समायोजन गर्न नसकिने विषयवस्तुलाई समस्या समाधान क्षेत्रअन्तर्गत राखेर १० दिनको तालिम कार्यशाला तथा १५ दिनको स्वाध्ययन अभ्यास खण्डको विषयवस्तुलाई अन्तिम रूप प्रदान गर्न सघाउनुहोस्

कार्यकलाप-४ (५ घण्टा ३० मिनेट)

सहभागीहरूले तालिम कार्यशालाकालागि अन्तिमरूप दिई सकेपछि १० दिने । कार्यतालिका तयार गर्न लगाउने र उक्त विषयवस्तु सहजीकरण गर्ने सम्बन्धमा तालिम पाठ्यक्रम तथा कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेको आठओटा विषयक्षेत्रलाई समेट्ने गरी चार समूहलाई दुईदुईओटा विषय क्षेत्रको निम्नानुसारको ढाँचामा Outline तयार गरी समूहगत रूपमा प्रस्तुत गर्न लगाई पृष्ठपोषणका आधारमा परिमार्जन समेत गरी निष्कर्षमा पुग्ने । जसको लागि तालिमको विषयवस्तु र कार्यतालिकाको नमुना तालिम पाठ्यक्रम तथा कार्यन्वयन पुस्तिकामा दिइएको छ भने विषय क्षेत्रअनुसारको विषयवस्तुको लागि स्रोतसामग्रीमा दिइएको अध्ययन गर्नुहोस् ।

| | |
|---|---|
| विषयक्षेत्र : प्रभावकारी नेतृत्व | समय : ४ घण्टा ३० मिनेट |

प्रत्येक विषयवस्तुको निम्नलिखित पक्षलाई आधार मानी उद्देश्य र क्रियाकलापहरू तयार गर्ने :

१. विषयवस्तुको अवधारणा
२. सैद्धान्तिक पक्ष र असल अभ्यास
३. मुख्य मुद्दा तथा समस्याहरू
४. समस्या
५. समाधानका उपायहरू

कार्यकलाप-५ (३० मिनेट)

प्राधानाध्यापकहरूको आवश्यकता प्रोफाइल तथा तालिम पाठयक्रमले निर्दिष्ट गरेको विषयवस्तुका आधारमा स्वाध्ययन अभ्यास खण्डमा गर्नुपर्ने क्रियाकलापहरूको वारेमा सहभागीहरूसँग छलफल गरी परियोजना कार्यको उद्देश्य, कार्यविधि तथा मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

कार्यकलाप-६ (२ घण्टा)

सहजकर्ताले परियोजना कार्यको लागि नमुनाका रूपमा केही उदाहरणसहित निम्नानुसार उल्लेख गरिएका तथ्यहरूका आधारमा समूहमा छलफल गरी निष्कर्षमा पुग्न सघाउनुहोस् :

समूह क

१। तपाईंको विद्यालयमा विद्यालय व्यवस्थापन समितिले विद्यालयको विकासमा पुऱ्याएको योगदान उल्लेख गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

२। तपाईंको विद्यालयमा विव्यस गठन प्रक्रिया उल्लेख गर्नुहोस् । विगत दूईवर्षदेखि

विव्यसले विद्यालयको समग्र विकासमा पुऱ्याएको योगदानको समीक्षा गर्नुहोस र प्रभावकारी विद्यालय व्यवस्थापनमा विव्यसको भूमिका बढाउने प्रयास गरी सोको प्रभावसहितको प्रतिवेदन तयार गर्नुहोस् ।

समूह ख

१। तपाईंको विद्यालयमा शिक्षकहरूको त्ध्भ यल तवकप सुधार गर्ने कार्ययोजना तयार गर्नुहोस् ।

२। तपाईंको विद्यालयमा विगत दुईवर्ष देखि वार्षिक परीक्षामा न्यून अङ्क ल्याउने विषयहरू छनोट गर्नुहोस् । ती विषयहरू पढाउने शिक्षकहरूको कक्षाकोठामा बिताउने कार्य समय (time on task) अध्ययन गरी सुधारका लागि कार्यमूलक अनुसन्धान गर्नुहोस् र सोबाट परेको प्रभाव उल्लेख गरी प्रतिवेदन तयार पार्नुहोस्

समूह ग

१। तपाईंको विद्यालयको एसएलसी परीक्षा सुधार गर्ने योजना बनाउनुहोस्

२। तपाईंले विद्यालयको विगत पाँचवर्षको एसएलसी परीक्षाको नतीजाको तुलनात्मक अध्ययन गर्नुहोस् । परीक्षाको नतिजा बढ्दो क्रममा छ वा घट्दो क्रममा छ ? यो अवस्थाका कारणहरू पहिचान गरी सुधारका लागि विस्तृत कार्ययोजना तयार गर्नुहोस् ।

समूह घ

१। तपाईंको विद्यालयको सेवाक्षेत्र भित्रमा विद्यालय नआएका विद्यार्थीहरूलाई विद्यालयमा ल्याउने योजना तयार गर्नुहोस् ।

२। तपाईंको विद्यालयको सेवाक्षेत्रभित्रको विद्यालय उमेरका विद्यार्थीहरूको सर्भे गरी विद्यालय छाडेका वा नआएका विद्यार्थी र त्यसको कारण पत्ता लगाउनुहोस् । उनीहरूलाई विद्यालयमा ल्याउन तपाईंको के योजना छ ? सम्वन्धित अभिभावकहरूसँग छलफल गरी प्रतिक्रियासहित तपाईंको प्रयासको नतिजासमेत उल्लेख गरी तलको ढाँचामा प्रतिवेदन तयार गर्नुहोस् ।

छलफलका बुँदाहरू

१। कुन कार्यलाई Project work को रूपमा स्वीकार गर्नुहुन्छ ? र किन ?

२। परियोजनाकार्यमा हुनुपर्ने गुणहरू केके हुन ?

३। मथिको परियोजना कार्यहरू प्रधानाध्यापकको कुन सिकाइ आवश्यकता सम्वोधन गर्न सक्छ ?

४। उक्त परियोजना परियोजना कार्य सम्पन्न गर्दा प्रअले गर्नुपर्ने कार्यहरू केके हुन ?

क. योजना र तयारी पक्षमा

ख. कार्यान्वयन पक्षमा

ग. प्रतिवेदन र प्रस्तुतीकरण पक्षमा

**निष्कर्ष:**

क. कस्तो कार्यलाई परियोजना कार्य भन्ने ?

१. **खोजमूलक कार्य** (explorative)

२. **व्यवस्थित र योजनाबद्ध** (well planning and systematic)

३. **परिणाम तथा प्राप्ति उन्मुख** (result oriented or product based)

४. **स्वनिर्देशित अध्ययन** (self directed study)

५. **पूर्व ज्ञानलाई प्रयोगमा ल्याउने सकिने** (application of skills acquired earlier)

६. **चुनौतिपूण कार्य** (challenging task)

ख. मथिको परियोजना कार्यहरू प्रधानाध्यापको कुन सिकाइ आवश्यकता सम्बोधन गर्न सक्छ ?

समूह क : नेतृत्व र समन्वय गर्ने सीप विकास

समूह ख : अनुगममन, निरीक्षण तथा शैक्षिक नेतृत्व विकास

समूह ग : शैक्षिक व्यवस्थापनसम्बन्धी सीप विकास

समूह घ : समावेशीकरण, विविधता व्यवस्थापन गर्ने सीप विकास

ग. अनुसूची ७ बमोजिम परियोजना परियोजना कार्य सम्पन्न गर्दा प्र.अ.ले गर्नुपर्ने कार्यहरूको **Action steps template** बारे छलफल गर्ने ।

कार्यकलाप-७ (२ घण्टा)

सहभागीहरूलाई आआफनो समूहमा **Action steps template** नमुनाको आधारमा पाँचपाँचओटा परियोजना कार्य विकास गरी प्रस्तुत गर्न लगाई अन्य समूहबाट पृष्ठपोषण लिई अन्तिमरूप लिने । मुख्य प्रशिक्षक प्रशिक्षणमा सहभागीहरूले तयार गरेका नमुना अनुसूची ७ मा दिइएको छ ।

४. सिकाइउपलब्धिको लेखाजोखा

सहभागीहरूलाई तलका जस्ता प्रश्नहरू सोधी सिकाइउपलब्धिको स्तर मापन गर्नुहोस् :

क) प्रअ तालिमका सहभागीहरूका समस्या तथा पेसागत आवश्यकताका आधारमा आवश्यकता प्रोफाइल तयार गर्ने विधि वर्णन गर्नुहोस्

ख) तालिम कार्यशाला मोड्युलको सञ्चालन प्रक्रिया बताउनुहोस्

ग) तालिम कार्यशाला मोड्युलमा केके कार्यकलाप गर्नुपर्दछ, लेख्नुहोस्

घ) स्वाध्ययन अभ्यास मोड्युलअन्तर्गत गरिने परियोजना निर्माण गर्ने तरिका उल्लेख गर्नुहोस् ।

## भाग-३ प्रशासनिक व्यवस्था सञ्चालन

### १. परिचय

यस भाग अन्तर्गत टिपिडी मोडूल एवाम् नेतृत्व क्षमता विकास तालिमका लागि जिल्लागत कोटा वितरणका मापदण्ड, ती मोड्युल एवम् तालिम सञ्चालन गर्न खर्च गर्ने आधार र कार्यकलाप वितरण, वजेट योजना एबम् रकम परिचालन प्रक्रिया तथा प्रशिक्षक प्रशिक्षणका लागि पञ्चवर्षीय एवम् वार्षिक योजना जस्ता पक्षहरूमा विशेष रूपमा समेटिएका छन् ।

### २. उद्देश्य

यो सत्रको अन्तमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

क. टिपिडी मोड्युल तालिम एवम् प्रशिक्षक प्रशिक्षण कार्यक्रम गर्न कार्यविधिगत योजना, खर्च व्यवस्था तथा सञ्चालन प्रक्रिया उल्लेख गर्न ।

ख. प्र.अ.को नेतृत्व क्षमता विकास तालिम सञ्चालन गर्नका लागि कार्यविधिगत योजना, खर्च व्यवस्था तथा सञ्चालन प्रक्रिया दृष्टान्त सहित वर्णन गर्न ।

### ३. कार्यकलाप डिजाइन

कार्यकलाप-१ (१ घण्टा)

सहभागीहरूबीच निम्नलिखित विषयहरूका सम्वन्धमा बुँदागत रूपमा छलफल गर्दै सहभागीबाट उठाइएका जिज्ञासाहरूलाई कार्यान्वय पुस्तिकामा उल्लेखित व्यवस्थाका आधारमा स्पष्ट पार्नुहोस् ।

| प्रास्तुतीकरणका विषयहरू |
| --- |
| क. टिपिडी र नेतृत्व क्षमता विकास तालिम प्रशिक्षक प्रशिक्षणको पाँच वर्षीय र वार्षिक योजना |
| ख. मोड्युल एवम् तालिम सञ्चालन गर्दा खर्च गर्ने आधार र खर्च प्रक्रिया |
| ग. मोड्युल एवम् तालिम सञ्चालनका लागि वार्षिक कोटा वितरण मापदण्ड |
| घ. बजेट वितरण प्रक्रिया एवम् जवाफदेहीता |
| ङ. चालू आवका लागि मोड्युल एवम्व तालिम सञ्चालन कार्यान्वयन तालिका निर्माण । |

**कार्यकलाप–२** **(२ घण्टा)**

**कार्यकलाप १ को छलफलका आधारमा सहभागीहरूलाई अगुवा/स्रोतकेन्द्रगत रूपमा चालू आवमा सञ्चालन गर्ने टिपिडी मोड्युल तथा प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिम सञ्चालन गर्नका लागि देहायको ढाँचामा कार्यान्वयन तालिका विकास गरी प्रस्तुत गर्न लगाई आवश्यकतानुसार परिमार्जनसहित अन्तिम रूप दिन सहयोग गर्नुहोस् :**

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | बजेट | सञ्चालन अवधि | सञ्चालन प्रक्रिया | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|
| क. | टिपिडी | | | | | |
| | | | | | | |
| ख. | नेतृत्व क्षमता विकास तालिम | | | | | |
| | | | | | | |

कार्यकलाप–३ (३ घण्टा)

उद्घाटन र समापनका लागि छुट्याइएको दुई सत्रमा गर्नुपर्ने कार्यका लागि आवश्यक सूची तयार गरी कार्य सम्पादन गर्नुहोस् । प्रशिक्षक प्रशिक्षण कार्यक्रमको समग्र पक्षको मूल्याङ्कनका लागि आवश्यक साधन निर्माण गरी सहभागीहरूबाट प्रतिक्रिया सङ्कलन गर्नुहोस् ।

*(नोट : कार्यक्रमको समग्र पक्षको मूल्याङ्कनका लागि आवश्यक साधन तयारीकै क्रममा निर्माण गर्नुपर्दछ ।)*

## अनुसूची-१

## टिपिडी आवश्यकता प्रोफाइल खाका

स्रोतकेन्द्रको नाम: तह:

| क्र.सं. | विषय क्षेत्रगत आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| भौतिक विज्ञान | | | |
| १. | स्वतन्त्र खसाइ र तौल विहिनता | भोगेन्द्र झा<br>देवेन्द्र ठाकुर<br>जीत<br>खेमराज लामिछाने<br>विनोदकुमार गुप्ता<br>उमेश पुरी | शारदा मा.वि. रामभञ्ज्याङ<br>श्रमिक मा.वि.<br>निर्मल उ.मा.वि.<br>चन्द्रोदय मा.वि<br>ज्ञानोदय मा.वि. हेटौंडा<br>जनक मा.वि. |
| २. | ट्रान्सफर्मर र मोटर इफेक्ट, विद्युत् चुम्वकीय तरङ्ग | मनोजकुमार पाठक<br>उमेश पुरी<br>देवेन्द्र ठाकुर<br>रामासिस मण्डल<br>पवनकुमार मिश्र<br>मनोजकुमार यादव<br>जयराम थापा<br>विनोदकुमार गुप्ता<br>खेमराज लामिछाने | त्रिभुवन मा.वि.<br>जनक मा.वि.<br>श्रमिक मा.वि.<br>जनप्रिय उ.मा.वि.<br>महेन्द्र उ.मा.वि.<br>भानु मा.वि.<br>ज्योति उ.मा.वि.<br>ज्ञानादा मा.वि.<br>चन्द्रोदय मा.वि. |
| ३. | ताप र तापक्रम | खमेराज लामिछाने<br>विनोदकुमार गुप्ता | चन्द्रोदय मा.वि. |
| ४. | चुम्बक, Magnetic lines of force, Angle of Dip and declination. | जयराम उप्रेती | नवज्योति मा.वि. |
| ५. | कार्य, शक्ति र सामर्थ्य, moment | नारायण शाह | बस्ती मा.वि. |
| ६. | ध्वनी | जयराम उप्रेती<br>खेमराज लामिछाने<br>विनोदकुमार गुप्ता | नवज्योति मा.वि.वस्ती<br>चन्द्रोदय मा.वि.<br>ज्ञानोदय मा.वि. |
| भूविज्ञान | | | |

| क्र.सं. | विषय क्षेत्रगत आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| १. | पृथ्वीको आन्तरिक बनोट, पृथ्वीको इतिहास | मनोजकुमार पाठक<br>पवनकुमार मिश्र<br>रामाआशिष मण्डल | त्रिभुवन मा.वि. हटिया<br>महेन्द्र उ.मा.वि.<br>जनप्रिय उ.मा.वि. |
| २. | हरितगृह प्रभाव | उमेश पुरी<br>विनोदकुमार गुप्ता | जनका मा.वि. आमभञ्ज्याङ्ग<br>ज्ञानादा मा.वि. |
| ३. | भूकम्प, ज्वालामुखी, पृथ्वीको गति | मनोजकुमार पाठक<br>जयराम उप्रेती<br>खेमराज लामिछाने | त्रिभुवन मा.वि.<br>नवज्योति मा.वि.<br>चन्द्रोदय मा.वि. |
| खगोल विज्ञान | | | |
| १. | ग्रह, तारा चिन्ने तरिका र जन्म, मृत्यु | मनोजकुमार पाठक<br>नारायण साह | त्रिभुवन मा.वि.<br>वस्तीपुर मा.वि. |
| २. | चन्द्रकला, ग्रहण, चन्द्रमास, नक्षत्रमास | श्यामप्रकाश महतो<br>देवेन्द्र ठाकुर<br>विनोदकुमार गुप्ता<br>पवनकुमार मिश्र | महेन्द्र मा.वि. फिमफेदी<br>श्रमिक मा.वि.<br>ज्ञानदा मा.वि.<br>महेन्द्र उ.मा.वि. |
| ३. | कालो छिद्र, ताराको जीवनचक्र | रविन्द्रकुमार गौतम<br>विनोदकुमार गुप्ता<br>जयराम थापा<br>वद्रीनाथ सापकोटा<br>पवनकुमार मिश्र<br>रामाशिष मण्डल<br>उमेश पुरी | वंशगोपाल उ.मा.वि.<br>ज्ञानदा मा.वि<br>ज्योति मा.वि.<br>महेन्द्र किरण मा.वि.<br>महेन्द्र उ.मा.वि.<br>जनप्रिय उ.मा.वि.<br>जनक मा.वि. |

## आवश्यकता प्रोफाइल खाका

स्रोतकेन्द्रको नाम:

तह: आधारभूत

| क.सं | विषयगत क्षेत्र आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| आवश्यकता समूह १: नेपाली भाषा शिक्षण | | | |
| १ | भाषिक सीप | देवी न्यौपाने | पक्लिहवा मा.वि. |
| | | निर्मला शाक्य | सुसंस्कृत मा.वि. |
| | | गीतादेवी शर्मा | चिल्लीहवा मा.वि. विन्द्रावन |
| | | धुर्व ज्ञवाली | भानु मा.वि. |
| २ | उच्चारण सीप | विन्दु शर्मा | जनचेतना नि.मा.वि. |
| | | नर्मदा सुब्बा | भैरवहा उ.मा.वि. |
| | | गीता पन्थी | जनचेतना नि.मा.वि. |
| ३ | लेखाइ सीप | विन्दु शर्मा | जनचेतना नि.मा.वि. |
| | | नर्मदा सुब्बा | भैरहवा उ.मा.वि. |
| ४ | मात्रा सिकाउने | सिर्जना न्यौपाने | बहिरा वाल विद्यालय |
| | | सुशिला पराजुली | नवदुर्गा प्रा.वि. |
| | | सरस्वती पौड्याल | सिध्दार्थ प्रा.वि. |
| | | सँगीता भट्राई | इन्द्रराज्य मा.वि. |

| क.सं | विषयगत क्षेत्र आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| आवश्यकता समूह २: शैक्षिक सामग्री निर्माण र प्रयोग | | | |
| १ | गणित | आशा थापा | मेउडीहवा प्रा.वि. |
| | | उषा पौड्याल | विन्दवासिनी प्रा.वि. |
| | | चम्पा पोखरेल | जनचेतना नि.मा.वि. |
| | | हरिप्रसाद हरिजन | सूर्यदेव प्रा.वि. |
| २ | अङ्ग्रेजी | लक्ष्मी पोखरेल | बसन्तपुर प्रा.वि. |
| | | गीता देवी शर्मा | चिल्ली मा.वि. |
| | | सरस्वती पौड्याल | सिध्दार्थ प्रा.वि. |
| | | गीता पन्थी | जनचेतना नि.मा.वि. |
| | | सङ्गीता भट्राई | इन्द्रराज्य मा.वि. |
| | | सुशिला धिताल | महात्मा बुध्द मा.वि. |

| क.सं | विषयगत क्षेत्र आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| | | विन्दु शर्मा | जनचेतना नि.मा.वि. |
| | | सिर्जना न्यौपाने | वहिरा वाल विद्यालय |
| | | सुशिला पराजुली | नवदुर्गा प्रा.वि. |
| ३ | सामाजिक | लक्ष्मी पोखरेल | वसन्तपुर प्रा.वि. |
| | | सरस्वती पौड्याल | सिध्दार्थ प्रा.वि. |
| | | गीता पन्थी | जनचेतना नि.मा.वि. |
| | | चम्पा पोखरेल | जनचेतना नि.मा.वि. |
| | | सङ्गीता भट्राई | इन्द्रराज्य मा.वि. |
| | | सुशिला धिताल | महात्मा बुध्द मा.वि. |
| | | सिर्जना न्यौपाने | वहिरा वाल विद्यालय |
| | | तिरथ यादव | मुजौली प्रा.वि. |
| ४ | वातावरण | उषा पौड्याल | विन्दवासिनी प्रा.वि. |
| | | सुशिला पराजुली | नवदुर्गा प्रा.वि. |
| | | सुमित्रा के.सी. | वेलहवा प्रा.वि. |
| | | विन्दु शर्मा | जनचेतना नि.मा.वि. |
| ५ | शारीरिक | सुमित्रा के.सी. | वेलहवा प्रा.वि. |

| क.सं | विषयगत क्षेत्र आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| आवश्यकता समूह ३: स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग | | | |
| | पाठ्यक्रम निर्माण | देवी न्यौपाने | पक्लिहवा मा.वि. |
| | | लक्ष्मी पोखरेल | बसन्तपुर प्रा.वि. |
| | | सुमित्रा के.सी. | बेलहवा प्रा.वि. |
| | | गीता पन्थी | जनचेतना नि.मा.वि. |
| | | चम्पा पोखरेल | जनचेतना नि.मा.वि. |
| | | सुशिला धिताल | महात्मा बुध्द मा.वि. |
| | | तिरथ यादव | मुजौली प्रा.वि. |

# टिपिडी मोडुल सामग्री खाका

**मोडुल शीर्षक:** शैक्षिक सामग्री निर्माण र प्रयोग

## १. परिचय

प्रस्तुत मोड्युल शिक्षकहरूको सम्बन्धित स्रोतकेन्द्रमा पाँच दिनसम्म र शिक्षकको विद्यालयमा पाँच दिनसम्म सञ्चालन हुनेछ । टिपिडी मोडुल तालिमको ढाँचाअनुसार यस १० दिने तालिमलाई पाँच दिन, तीन दिन र दुई दिन गरी जम्मा तीन भागमा विभाजन गरिएको छ । यसअनुसार पहिलो पाँच दिनको तालिम कार्यशाला अवधिमा सहभागी शिक्षकहरूलाई आमनेसामने विधिमा शैक्षिक साममग्रीको निर्माण गर्ने कार्यमा सरिक गराइने छ । त्यसपछि सहभागी शिक्षकहरूलाई तीन दिने स्वाध्ययन अभ्यास खण्डमा गर्नुपर्ने कामहरूका बारेमा कार्ययोजना बनाई अभ्यासगर्ने विधिका बारेमा अभिमुखीकरण प्रदान गरिनेछ ।

त्यसपछि पाँच दिनको तालिम कार्याशाला पूरा गरेका सहभागी शिक्षकहरूलाई तीन दिने स्वाध्ययन अभ्यास खण्डमा सरिक गराइने छ । यस तीन दिने स्वाध्ययन अभ्यास खण्डमा सहभागी शिक्षकहरूले पाँच दिने तालिम कार्यशाला अवधिमा निर्माण गरेका सामग्रीहरूलाई विद्यालयको कक्षाकोठामा आफ्नो सम्बन्धित विषयको शिक्षणका लागि प्रयोग र अभ्यास गर्नुपर्ने छ । तीन दिने स्वाध्ययन अभ्यास खण्ड पूरा गरेका सहभागी शिक्षकहरूले दुई दिने शैक्षिक परामर्श भागमा सहभागी हुन आवश्यक छ ।

सम्बन्धित शिक्षक र विद्यालयको माग र आवश्यकता पहिचान गरी निर्माण गरिएको आवश्यकता प्रोफाइलका आधारमा प्रस्तुत मोड्युलका विषयवस्तु र क्रियाकलाप निर्धारण गरिएको छ । यस मोड्युलमा मुख्य रूपमा केही विषयगत शैक्षिकसामग्रीहरूको निर्माण गर्ने, कक्षाकोठामा तिनको प्रयोग गर्ने र प्रतिविम्बन गर्ने अभ्यासहरू गरिनेछ । यसबाट सहभागी शिक्षकहरूमा उनीहरूको आवश्यकताबमोजिमका शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोग गर्ने ज्ञान र सीपको विकास हुनेछ ।

लक्षित समूह / शिक्षक

यस तालिममा सहभागी हुन आउने शिक्षकहरूले प्राज्ञिक वा सेवाकालीन तालिम प्राप्त गरिसकेका हुनेछन् । यसको अर्थ सहभागी शिक्षकहरूमा शैक्षिक सामग्रीका सैध्दान्तिक पक्षका बारेमा आधारभूत ज्ञान हासिल भइसेको हुन्छ । त्यसैले यस मोड्युलको तालिममा शिक्षकको तत्कालीन माग र आवश्यकतालाई निम्नानुसार समेट्ने प्रयत्न गरिएको छ :

१. तालिम कार्यशाला खण्डकालागि आवश्यकता प्रोफाइल खाकामा समेटिएका आधारभूत तहका शिक्षकहरू
२. स्वाध्ययन अभ्यास खण्डकालागि आवश्यकता प्रोफाइल खाकाअनुसार पाँच दिने तालिम कार्यशाला पूरा गरेका शिक्षकहरू
३. शैक्षणिक परामर्श खण्ड सोही आवश्यकता प्रोफाइल खाकाअनुसार पाँच दिने तालिम कार्यशाला तथा तीन दिने स्वाध्ययन अभ्यास खण्ड पूरा गरेका शिक्षकहरू

२) शैक्षिक सामग्रीको सूची

१. आधारभूत तालिम सामग्रीः

तालिम पाठ्यक्रम, सन्दर्भसामग्री, सेवाकालीन शिक्षक तालिमका सम्वन्धित विषयका तालिम प्याकेजहरू

२. निर्माण सामग्रीहरू

गणितः प्लाइउडका टुक्राहरू, काँटी, ह्यामर, पन्चिङ मेसिन, कार्डबोर्ड पेपर, साइनपेन, ६×२×४ साइजका दुइओटा काठका टुकाहरू, फलामको तार, मालाका दानाहरू

अङ्ग्रेजीः विभिन्न रङका कार्डवोर्ड पेपर, मेटा कार्डहरू र साइन पेनहरू, मास्किङ टेप, थम्वपिन

सामाजिक अध्ययनः विभिन्न रङका कार्डवोर्डपेपर, खैरो कार्डबोर्ड, मेटाकार्डहरू र साइनपेनहरू, मास्किङ टेप, कैंची, कार्वन पेपर, नेपालको १४ अञ्चल देखाउने नक्सा, रूलर, ड्राइभिङ शिक्षा पुस्तक, तथ्याङ्कका उदाहरणहरू, लागू पदार्थको सेवन र त्यसको असरसम्वन्धी चित्र र पोस्टरहरू

वातावरणः विभिन्न रङका कार्डबोर्डपेपर, मेटाकार्डहरू र साइनपेनहरू, मास्किङ टेप, थम्वपिन, कालोकपडा, वालुवा, फेविकोल, चारपाटे वाकस, माटो, झारपात, पानी, पानीको बोतल, मिनरल वाटरका बोतलहरू, गिटी, कोइला, वालुवा, मकै, भटमास, चाउचाउको तेल, धान, गहुँ, बदाम, सागको पात, स्टापलर, विभिन्न किसिमका विरूवाका पातहरू, सेलोटेप

शारीरिक शिक्षाः काठका लठ्ठीहरू, रङ, पी.टी. चार्ट, स्थानीय खेलको पुस्तक, शारीरिक शिक्षाको तालिम प्याकेज र शिक्षक निर्देशिका,

## भाग – १. तालिम कार्यशाला (पाँच कार्यदिन)

**१. उद्देश्य:**

यस तालिम कार्यशालाको अन्त्यमा सहभागी शिक्षकहरू सक्षम हुनेछन् :

क. गणित, अङ्ग्रेजी भाषा, सामाजिक, वातावरण र शारीरिक शिक्षा विषयमा शैक्षिक सामग्री निर्माण गर्न

ख. सहभागी निर्मित मुख्य सामग्रीको प्रयोग विधि बताउन ।

**२. मुख्य विषयवस्तु**

| |
|---|
| शैक्षिक सामग्रीको महत्व<br>१. सिकाइ कियाकलापप्रति रूचि जगाउँछ ।<br>२. विषयवस्तु स्पष्टसित बुझ्न मदत गर्छ ।<br>३. सिकाइ प्रक्रियामा विद्यार्थीको सहभागिता बढाउँछ र सिकाइलाई दिगो बनाउँछ ।<br>५. अवलोकन र कल्पना शक्तिको विकास गर्छ ।<br>६. सिकाइको उपयोग र स्थानान्तरणमा मदत गर्दछ ।<br>७. शिक्षक र विद्यार्थीको सम्बन्धलाई मजबुत बनाउँछ । |

क. गणित, अङ्ग्रेजी भाषा, सामाजिक, वातावरण, र शारीरिक शिक्षा विषयमा शैक्षिक सामग्री निर्माण र प्रस्तुति

अ) गणित :

१) जियोबोर्ड
२) वेसटेन ब्लक
३) ज्यामितीय आकारहरू (कागज र काठका)
४) अङ्कपत्ती
५) तालिका (जोड, घटाउ, गुणन, भाग)
६) एबाकस

आ) अङ्ग्रेजी भाषा शिक्षण:

१) लेटरकार्ड
२) वर्डकार्ड
३) सेन्टन्स् कार्ड
४) पकेटबोर्ड
५) फोनिक व्हिल

६) स्ट्रिप्स

इ) सामाजिक अध्ययन:

१) नेपालको नक्सा (खाली, टेम्प्लेट, जिग-स)

२) समय रेखा

३) चार्ट (ग्राफ, पाई, वार, फ्लो, ट्री)

४) यातयातका साधनहरूको चित्र

५) ट्राफिक सङ्केत

६) लागू पदार्थको सेवन र त्यसको असरसम्बन्धी चित्र र पोस्टरहरू

ई) वातावरण :

१) खाद्य शृङ्खला पिरामिड

२) वाटर फिल्टर

३) भिँगाको जीवनचक्र

४) भू-क्षयको नमुना

५) सन्तुलित भोजन चार्ट

६) हर्बेरियम

उ) शारीरिक शिक्षा:

१) पी.टी.चार्ट

२) ब्याटन

३) स्थानीय खेलहरूको सूची

> विषयगत शैक्षिक सामग्री निर्माण गर्दा ख्याल गर्नुपर्ने केही कुराहरू
> १. सामग्री उद्देश्यमूलक र अर्थपूर्ण हुनुपर्दछ ।
> २. सामग्री सामान्य तर आकर्षक हुनुपर्दछ ।
> ३. सामग्री सस्तो टिकाउ र स्थानीय रूपमा उपलब्ध हुने हुनुपर्दछ ।
> ४. सामग्री समयानुकूल हुनुपर्दछ ।
> ५. सामग्री उपयुक्त रङ र आकारको हुनुपर्दछ ।
> ६. सामग्री सिकारूको स्तरअनुकूल हुनुपर्दछ ।
> ७. सामग्री सिकाइमा अभिप्रेरित गर्ने प्रकारको हुनुपर्दछ ।

ख. गणित, अङ्ग्रेजी भाषा, सामाजिक, वातावरण, र शारीरिक शिक्षा विषयमा शैक्षिक सामग्रीको निर्माण र प्रयोगको कार्ययोजना निर्माण

३. विस्तृत कियाकलाप

यस १० दिने शिक्षकको पेसागत विकास कार्यक्रम अन्तर्गत पाँच दिने तालिम कार्यशालाको विषयवस्तुको विस्तृत कियाकलापमध्ये शैक्षिक सामग्री निर्माण र प्रयोगसम्बन्धी एक दिनको विषयवस्तु यहाँ प्रस्तुत गरिएको छ:

क्रियाकलाप १. तालिम परिचय (९० मिनेट)

क. सहभागी शिक्षकहरूलाई तालिमको मोड्युलको परिचय दिने । प्रस्तुत मोड्युल सहभागी शिक्षकहरूको माग र आवश्यकतामा आधारित रहेको जानकारी गराउने । १० दिने तालिमको ढाँचा प्रमुख विषयवस्तु र क्रियाकलापहरू बताउने ।

ख. सहभागीहरूलाई विषयगत शैक्षिक सामग्री केकसरी निर्माण गरी अध्यापन गर्ने भएको छ भनी प्रश्न गर्ने । उनीहरूवाट आएका जवाफहरूलाई सूचीकरण गरी विषयगत शैक्षिक सामग्रीको प्रयोगको आवश्यकतावारेमा छलफल गराउने र प्रस्ट गर्ने ।

क्रियाकलाप २. विषयगत शैक्षिक सामग्री निर्माण प्रक्रिया (९० मिनेट)

क. विषयगत शैक्षिक सामग्री निर्माण गर्दा केके कुराहरू ख्याल गर्नुपर्दछ भनी प्रश्न गर्ने । सहभागीहरूवाट आएका उत्तरहरू बोर्डमा सूचीकृत गर्ने र प्रशिक्षकले निष्कर्ष दिने ।

| |
|---|
| निष्कर्ष:<br>हामीले निर्माण गर्ने शैक्षिक सामग्री केवल सामग्रीका लागि मात्र नभएर त्यो उद्देश्यमूलक, अर्थपूर्ण, र सिकाइमा मदत पुऱ्याउने किसिमको हुनुपर्दछ । शैक्षिक सामग्री शिक्षक र विद्यार्थीले सजिलैसित प्रयोग गर्न सक्ने किसिमको, उपयुक्त रङ, आकार, प्रकार र टिकाउ पनि हुनुपर्दछ । |

ख. सहभागी शिक्षकहरूलाई विषयगत रूपमा समूहविभाजन गर्ने, आवश्यक पर्ने निर्माण सामग्री वितरण गर्ने र शैक्षिक सामग्री निर्माण गर्ने विधि र निर्माण सामग्री प्रयोग गर्दा ख्याल गर्नुपर्ने कुराको सामान्य जानकारी गराउने ।

क्रियाकलाप ३.

क. सहभागी शिक्षकलाई शैक्षिक सामग्री निर्माण कार्यमा संलग्न गराउने । (पहिलो दिनको तेस्रो सत्रदेखि चौथो दिनको दोस्रो सत्रसम्म)

ख. सहभागीले निर्माण गरेका केही सामग्रीहरूलाई प्रस्तुत गर्न लगाउने र उक्त सामग्रीलाई कहाँ कुन पाठमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्न लगाउने । आवश्यकतानुसार सहजकर्ताले पृष्ठपोषण दिने । (तेस्रो दिनको तेस्रो सत्रदेखि चौथो दिनको दोस्रो सत्रसम्म )

क्रियाकलाप ४. तल दिइएका विधिहरू अपनाई निर्धारित उद्देश्य पूरा भए नभएको सुनिश्चित गर्ने:

क. सहभागी शिक्षकहरूले निर्माण गरेका शैक्षिक सामग्रीहरू अवलोकन गर्ने र गणना गर्ने । निर्धारित सङ्ख्याअनुसार सामग्री निर्माण भएनभएको रूजु गर्ने ।

ख. ती सामग्रीहरूमा हुनुपर्ने उपयुक्तता, पक्कापन, आकार, तौल, रङ, आदिका आधारमा गुणस्तर जाँच गर्ने ।

ग. यसैगरी अन्य केकस्ता सामग्रीहरू सङ्कलन, निर्माण र खरिद गरी आफ्नो विषय शिक्षणमा प्रयोग गर्न सक्नुहुन्छ ? समूहमा प्रश्न राखी छलफल गर्ने ।

**क्रियाकलाप ५** **(१ घण्टा ३० मिनेट)**

क. स्वाध्ययन अभ्यास खण्ड र शैक्षणिक परामर्श खण्डमा सहभागी शिक्षकले गर्नु पर्ने कार्यका बारेमा जानकारी गराउने । सहभागी शिक्षकलाई त्यसको कार्यपत्र वितरण गर्ने

**क्रियाकलाप ६** **(६ घण्टा)**

क. सहभागी निर्मित शैक्षिक सामग्रीलाई तालिमको स्वाध्ययन अभ्यास खण्डमा प्रयोग र अभ्यास गर्ने कार्ययोजना वनाउन र प्रस्तुत गर्न लगाउने ।

**४. मूल्याङ्कन**

*क्रियाकलाप १.*

यस १० दिने मोड्युलअन्तर्गत पाँच दिने कार्यशालाको मूल्याङ्कनको सन्दर्भमा सहभागीहरूसँग छलफल तथा सहभागीहरूको क्रियाकलापको अवलोकन गर्ने । यसै गरी कार्यशालाका निर्धारित उद्देश्यहरू हासिल भएनभएको एकिन गर्न प्रशिक्षकले निम्नानुसारको रूजुसूची प्रयोग गरी मूल्याङ्कन गर्ने :

| क.सं. | सामग्रीको नाम | पूर्णरूपमा तयार | | कक्षाअनुकुल आकार र पक्कापन | | उपयुक्त रङको प्रयोग | |
|---|---|---|---|---|---|---|---|
| | | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| १ | ट्राफिक सङ्केत चार्ट | | | | | | |
| २ | | | | | | | |
| | | | | | | | |

क्रियाकलाप २. हरेक सहभागी शिक्षकहरूलाई निम्नलिखित ढाँचाको फाराम वितरण गरी आफूले गरेका कार्यको प्रतिबिम्बन गर्न लगाउने :

१. मैले के सामग्री निर्माण गरेँ ?

२. ती सामग्रीहरू कसरी निर्माण गरेँ ?

३. ती सामग्रीहरू निर्माण गर्दा आइपरेका समस्याहरू केके थिए ?

४. ती समस्या समाधान गर्न मैले केके उपायहरू अपनाएँ ? त्यस्ता समस्या आउन नदिन केके कुरामा ध्यान दिनुपर्ने रहेछ ?

५. के यस किसिमका अन्य सामग्रीको निर्माण र प्रयोग गर्न तपाईंले यस अभ्यासबाट केही प्रेरणा प्राप्त गर्नुभयो ?

ङ. यस तालिम कार्यशालाको समय तालिका निम्नानुसार हुनेछ:

मिति २०../.../... देखि २०../.../... सम्म

| दिन | पहिलो सत्र | | दोस्रो सत्र | | तेस्रो सत्र |
|---|---|---|---|---|---|
| १ | तालिम परिचय | | विषयगत शैक्षिक सामग्री निर्माण प्रक्रिया | | विषयगत शैक्षिक सामग्री निर्माण |
| २ | विषयगत शैक्षिक सामग्री निर्माण | | विषयगत शैक्षिक सामग्री निर्माण | | विषयगत शैक्षिक सामग्री निर्माण |
| ३ | विषयगत शैक्षिक सामग्री निर्माण | १५ मिनेटको ब्रेक | विषयगत शैक्षिक सामग्री निर्माण | १५ मिनेटको ब्रेक | सहभागीबाट विषयगत शैक्षिक सामग्री प्रस्तुतीकरण |
| ४ | सहभागीबाट विषयगत शैक्षिक सामग्री प्रस्तुतीकरण | | सहभागीबाट विषयगत शैक्षिक सामग्री प्रस्तुतीकरण | | स्वाध्ययन अभ्यास खण्ड र शैक्षणिक परामर्श खण्डमा सहभागी शिक्षकले गर्नुपर्ने कार्यका बारेमा जानकारी |
| ५ | कार्ययोजना निर्माण | | कार्ययोजना प्रस्तुति | | कार्ययोजना प्रस्तुति र समापन |

## भाग – २. स्वाध्ययन अभ्यास (तीन कार्यदिन)

१. उद्देश्य

यस मोड्युलको अन्त्यमा सहभागी शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्:

क) आफूले अध्यापन गरिरहेको विषयका लागि आवश्यक पर्ने शैक्षिकसामग्री निर्माण, प्रयोग र व्यवस्थापन गर्न

ख) आफूले प्रयोग गरेका शैक्षिकसामग्रीको प्रभावकारिता समीक्षा गर्न

ग) शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनमा सुधार ल्याउन

घ) विद्यार्थी सिकाइउपलब्धिस्तरमा सुधार ल्याउनका लागि शिक्षण सुधार योजना तयार गर्न

२. मुख्य विषयवस्तु

क) शैक्षिक सामग्रीको निर्माण, प्रयोग र व्यवस्थापन

ख) शैक्षिक सामग्रीको प्रभावकारिताको समीक्षा

ग) शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनमा सुधार ल्याउने उपायहरू

घ) शिक्षण सुधार योजना

३. प्रोजेक्ट कार्यको विवरण र कार्यविधि

प्रोजेक्ट कार्य १: प्रस्तुत मोड्युलको मुख्य विषयवस्तु शैक्षिक सामग्रीको निर्माण र प्रयोग रहेकोमा तालिम कार्यशालाको पहिलो खण्डमा शैक्षिकसामग्रीको निर्माण पक्षमा जोड दिइएको छ । दोस्रो खण्डमा शैक्षिक सामग्रीको निर्माणका अतिरिक्त प्रयोग र व्यवस्थापनलाई आधार मानी सहभागी शिक्षकले परियोजना कार्यहरू गर्नुपर्ने छ । यसका लागि हरेक सहभागी शिक्षकले दोस्रो खण्डको तालिममा सक्रिय रहँदा आफूले अध्यापन गर्ने विषयमा माथि उल्लिखित मुख्य विषयवस्तुमा आधारित प्रोजेक्ट कार्य गर्नुपर्नेछ । उक्त प्रोजेक्ट कार्यमा आफूले अध्यापन गर्ने विषयमा निम्नअनुसारको ढाँचामा शिक्षण सुधार योजना (Teaching Improvrement Plan) तयार गर्नुपर्ने छ । यसरी तयार गरिएको शिक्षण सुधार योजनालाई अन्य सहकर्मी शिक्षक साथीहरूसँग छलफल तथा परिमार्जन गरी सोको अन्तिम ढाँचा एकप्रति कक्षाकोठामा टाँस गर्नुपर्नेछ र अर्को एकप्रति सहजकर्ता प्रशिक्षकसमक्ष प्रस्तुत गर्नुपर्नेछ ।

उक्त योजनाअनुसार कुनै दुईओटा परियोजनाकार्य सम्पन्न गरी सोको प्रतिवेदन तयार गरी शैक्षिक परामर्श खण्ड अवधिमा प्रशिक्षक वा सहजकर्तासमक्ष प्रस्तुत गर्ने ।

**परियोजना कार्यको योजना**

विद्यालयको नाम: ................ शिक्षकको नाम: .....................................

कक्षा: .............................. विषय: ..............................

| क.सं. | परियोजना कार्यको शीर्षक | नाम र किसिम | उद्देश्य | स्थान | विधि | कार्यान्वयन मिति | | जिम्मेवार व्यक्ति | सहजकर्ता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| १ | शैक्षिक सामग्रीको निर्माण | | | | | | | | |
| २ | शैक्षिक सामग्रीको प्रयोग | | | | | | | | |
| ३ | शैक्षिक सामग्रीको व्यवस्थापन | | | | | | | | |
| ४ | शैक्षिक सामग्रीको प्रभावकारिताको समीक्षा | | | | | | | | |
| ५ | शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनमा सुधार ल्याउने उपायहरू | | | | | | | | |

स्वाध्ययन अभ्यासका लागि परियोजना कार्य र परियोजना कार्य निर्देशिका (उदाहरणका लागि)

क. तपाईंले निर्माण गर्नुभएको शिक्षण सामग्री के हो ? यो सामग्री बनाउन चाहिने कच्चा पदार्थ, निर्माण गर्ने विधि, त्यस सामग्रीलाई कुन विषयको कुनकुन पाठ शिक्षण गर्न प्रयोग गर्नुभयो ? र त्यसको प्रभावकारिता कस्तो रह्यो ? विस्तारमा उल्लेख गर्नुहोस् ।

प्रोजेक्ट कार्य २: तपाईंले निर्माण गर्नुभएका शैक्षिक सामग्रीहरूको संरक्षण, सदुपयोग र व्यवस्थापन कसरी गर्नुहुन्छ, सोको एउटा योजना बनाउनुहोस् । तपाईंले बनाउनुभएको योजनाअनुसार विद्यालयमा ती सामग्रीहरूको संरक्षण र व्यवस्थापन गर्नुहोस् । शैक्षिकसामग्रीको व्यवस्थापन गर्ने तपाईंको यो विधि कत्तिको प्रभावकारी रह्यो ? यस कियाकलापलाई एउटा परियोजनाको रूप दिनुहोस् र माथिको निर्देशन तथा तल दिइएको ढाँचामा एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

क. तपाईंले निर्माण गर्नुभएका सामग्रीहरू

ख. तपाईंले निर्माण गर्नुभएका सामग्रीहरूको संरक्षण र व्यवस्थापन गर्ने स्थान

ग. तपाईंले निर्माण गर्नुभएका सामग्रीहरूको संरक्षण र व्यवस्थापन गर्ने विधि

ख. परियोजना कार्यको प्रतिवेदनको ढाँचा: परियोजना कार्य सम्पन्न गरिसकेपछि निम्नलिखित ढाँचामा एउटा प्रतिवेदन तयार गर्नुपर्नेछः

१. कभर पेज

२. परिचय

३. उद्देश्य

५. सम्पादित कार्यको विवरण

६. विद्यार्थीबाट प्राप्त प्रतिक्रिया

७. समस्या र समाधानका उपायहरू

८. शिक्षण सिकाइमा यी क्रियाकलापको उपयोगिता

९. अनुसूची

**प्रोजेक्ट कार्य ३: निर्धारित ढाँचाअनुसार एउटा शिक्षण सुधार योजना निर्माण गर्ने**

# भाग – ३. शैक्षिक परामर्श (दुई कार्यदिन)

१. उद्देश्य

यस मोड्युलको अन्त्यमा सहभागी शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्:

क) स्वाध्ययन अभ्यासको परियोजना कार्य सम्पन्न गर्दा आइपरेका समस्याहरू पहिचान गरी पृष्ठपोषण प्रदान गर्न

ख) विद्यालयमा आइपरेका पेसागत समस्याहरू पहिचान गरी समाधानका लागि उपायहरूको खोजी गर्न ।

२. सञ्चालन कार्य विवरण एवम् कार्यविधि

क) सहभागी कार्यरत विद्यालय भ्रमण गर्न दुई दिनका लागि सम्बन्धित विशेषज्ञ (प्रशिक्षक तथा स्रोतव्यक्ति) खटाइने

ख) यसरी खटिएको विशेषज्ञबाट पहिलो दिन प्रत्येक सहभागी शिक्षकबाट सम्पन्न स्वाअध्ययनअन्तर्गतको शिक्षण सुधार योजना लगायतको प्रोजेक्ट कार्यको प्रतिवेदन सङ्कलन गर्ने र त्यस्ता कार्य सम्पादन गर्दा शिक्षकमा आर्जित अनुभवसमेत समीक्षा एवम् मूल्याङ्कन गर्ने

ग) त्यस्तै विद्यालयको समग्र सञ्चालन प्रकिया एवम् शैक्षिक गतिविधिअवलोकन गरी सुधारका पक्षहरू टिपोट गर्ने

घ) दोस्रो दिन निज विशेषज्ञबाट मूलतः सम्बन्धित सहभागी शिक्षकको कम्तीमा एउटा कक्षा अवलोकन गर्ने साथै अन्य केही शिक्षकहरूको पनि कक्षाअवलोकन गरी सुधारका पक्षहरू टिपोट गर्ने

ङ) यसै दिन शिक्षक प्रअ र विव्यसबीच सामूहिक रूपमा देहायअनुसारको एजेन्डामा आधारित औपचारिक बैठक गर्ने र अन्त्यमा प्रशिक्षकबाट प्रोजेक्ट कार्य प्रतिवेदन र यस बैठकको निर्णयप्रतिसमेत सङ्कलन गरी हबमा फिर्ता हुनुपर्दछ ।

**बैठकका प्रस्तावहरू**

१. मूलतः सहभागी शिक्षक र अन्य शिक्षकहरूबाट समेत पेसागत समस्या प्रस्तुतीकरण
२. सहभागी शिक्षकहरूको प्रोजेक्ट कार्य प्रतिवेदन मूल्याङ्कन एवम् समीक्षा
३. विव्यस एवम् प्रअ.बाट शिक्षण प्रकि्या प्रभावकारी तुल्याउन भोल्नुपरेका कठिनाइ र प्रयास बारे प्रस्तुतीकरण
४. प्रशिक्षकबाट कक्षा अवलोकन समेतका आधारमा प्रस्तुत पेसागत समस्या समाधानका लागि शैक्षणिक परामर्श प्रदान

च) शैक्षणिक परामर्शका लागि तोकिएका विद्यालयमा खटिएका प्रशिक्षकहरूबाट सहभागीहरूलाई शिक्षणसिकाइ सुधारमा आवश्यक सहयोग पुग्ने पक्षमा आपसी छलफल गरी मार्ग निर्देशन तयार गर्ने । शिक्षकहरूबाट तयार गरिएका प्रतिवेदनको अवलोकन तथा छलफलका आधारमा शिक्षण सिकाइमा कुनकुन पक्षमा केकस्ता थप सुधार गर्दा शिक्षण सिकाइ थप प्रभावकारी हुन्छ भन्ने सम्बन्धमा समीक्षात्मक निचोड निकाल्ने । भावी दिनमा कक्षाकोठामा गरिने शिक्षणसिकाइमा गर्न सकिने सम्भाव्य सुधारसहित कार्ययोजना बनाउन सहयोग गर्ने ।

प्रस्तुत एजेन्डाको छलफल र उपरोक्त कार्य सम्पादन पश्चात् १० दिने मोड्युल तालिम सञ्चालन भएको सुनिश्चित गरिन्छ र सम्बन्धित शिक्षकलाई सम्बन्धित हबमा रेकर्ड कायम गरी टिपिडी तालिम सम्पन्न भएको प्रमाणपत्र जारी गरी गरिने छ ।

## *अनुसूची–३*

## मोड्युल सामग्री

मोड्युल शीर्षक : माध्यमिक तहमा गणित विषयवस्तु शिक्षण

१. मोड्युल परिचय

शिक्षकको पेसागत विकासका लागि १० महिने सेवाकालीन तालिम पूरा गरेका/नगरेका मा.वि./नि.मा.वि. तहका गणित विषयका शिक्षकहरूलाई विद्यालयमा अध्यापन गर्दा कठिन भएका गणितका क्षेत्रहरूमा सामना गर्नुपरेका समस्याहरूलाई हरेक विद्यालयका प्र.अ.द्वारा शैताके (hub) मा सङ्कलन गरी आवश्यकता प्रस्तावलाई विश्लेषण गरी आवश्यकता प्रोफाइल निर्माण गरी सकेपछि उक्त प्रोफाइलमा देखिएका आवश्यकताहरूमा (Need Clusters) आधारित भई यो नमुना सामग्री निर्माण गरिएको छ। यस सामग्रीमा एउटा शिक्षकले १० दिनको अवधिमा गर्नुपर्ने कार्यसम्वन्धी विषयवस्तु जस्तै: तालिम कार्यशाला, स्वाध्ययन अभ्यास र शैक्षिक परामर्शका लागि सामग्री तयार गरिएको छ । जसमा तालिम कार्यशालावाट विषयवस्तु शिक्षणमा देखिएका जटिलताहरूको सहज तरिकावाट समाधान हुने अपेक्षा गरिएको छ भने स्वाध्ययन अभ्यासले तालिम कार्यशालामा समेट्न नसकिएका विषयवस्तुलाई Project Work को माध्यमबाट र केही सन्दर्भसामग्री अध्ययन गर्न लगाएरसमेत सहभागीमा रहेको अस्पस्टतालाई पूर्णता दिने विश्वास लिइएको छ । अन्तिम शैक्षिक परामर्श खण्डमा सहभागी शिक्षकको कक्षासमेत अवलोकन गरी प्र.अ., विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूवीच समेत छलफल एवम् अन्तर्क्रिया गरी शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउने प्रयत्न गरिने यस तालिमको लक्ष्य रहेको छ । जसबाट शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याई गणित विषयलाई रुचिकर, प्रभावकारी एवम् उत्प्रेरित सिकाइ वातावरण तयार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यस मोड्युलको लक्षित समूहमा सामुदायिक विद्यालयका मा.वि./नि.मा.वि.तहमा गणित विषय अध्यापन गरिरहेका १० महिने सेवाकालीन तालिम पूरा गरेका/नगरेका विषयवस्तुहरूमा पूर्वज्ञान भएका शिक्षकहरू यस तालिममा समावेश हुने अपेक्षा गरिएको छ

आवश्यक शैक्षिक सामग्री

बोर्डमार्कर, मार्कर, साइनपेन, न्युजप्रिन्ट, फ्ल्यासकार्ड, कार्डबोर्ड, ज्यामिति बक्स, डाइसहरू, कैंची, सिसाकलम, टेप, थर्माकोल सिट, LCD, OHP, आदि ।

भाग १ तालिम कार्यशाला (५ कार्य दिन)

१. उद्देश्य :

यो भागमा सहभागीहरू निम्नानुसारको कार्य गर्न सक्षम हुनेछन् :-

क. द्विआधारीय पद्धति र पञ्चाधारित पद्धतिमा रहेका सङ्ख्याहरूलाई व्यक्तगर्न साथै यी पद्धतिहरूको व्यावहारिक समस्या निर्माण र प्रयोग गर्न सक्नेछन्

ख. समूहका व्यावहारिक समस्याहरूलाई भेन चित्रमा देखाउन सक्षम हुनेछन

ग. विजीय अभिव्यञ्क (बहुपद) सँग सम्बन्धित समस्यालाई दैनिक जीवनका समस्यासँग सम्बन्धित गरी शिक्षण गर्न

घ. स्थानान्तरण, त्रिकोणमिति, फलन तथा सम्भाव्यताको धारणा दिई यससँग सम्बन्धित विभिन्न व्यावहारिक समस्याहरू निर्माण र प्रयोगगर्न

ङ. टेसेलेसनको धारणा स्पष्ट पार्न

च. ज्यामितीय आकृतिहरूको व्यावहारिक क्षेत्र पत्तालगाई त्यसको रचना र मापन गर्न ।

२. मुख्य विषयवस्तु :

| क्र.स. | मुख्य विषयवस्तु | विषयवस्तु | विस्तृत क्रियाकलाप |
|---|---|---|---|
| १. | द्विआधारीय पद्धति र पञ्चाधार पद्धति | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. रूपान्तरण<br>४. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| २. | सेट | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| ३. | बीजीय अभिव्यञ्जक | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| ४. | घाताङ्कको नियम | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण | |

| क.स. | मुख्य विषयवस्तु | विषयवस्तु | विस्तृत क्रियाकलाप |
|---|---|---|---|
| | | ३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| ५. | स्थानान्तरण | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| ६. | त्रिकोणमिति, स्केल ड्रइङ | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| ७. | फङसन | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| ८. | सम्भाव्यता | १ अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| ९. | टेसेलेसन | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |
| १०. | ज्यामिति (आकृति, रचना) | १. अवधारणा<br>२. व्यावहारिक उदाहरणहरूको निर्माण<br>३. सामग्रीको प्रयोगसहित प्रस्तुतीकरण | |

३. विस्तृत क्रियाकलाप :

यस दस दिने शिक्षकको पेसागत विकास कार्यक्रम अन्तर्गत पाँच दिने तालिम कार्यशालाको विषयवस्तुको क्रियाकलापमध्ये ज्यामिति विषयअन्तर्गत त्रिभुज र चतुर्भुजको धारणासम्बन्धी विषयवस्तुलाई समयको अभावले एक सत्रमा प्रस्तुत गरिएको छ ।

क. मुख्य विषयवस्तु

१. रेखा र कोणको धारणा
२. त्रिभुजको गुण र क्षेत्रफल
३. चतुर्भुजको धारणा र क्षेत्रफल

ख. उद्देश्य

यस सत्रको अन्त्यमा प्रशिक्षार्थीहरू निम्नानुसारको कार्य गर्न सक्षम हुनेछन् :

१. रेखा, कोण, त्रिभुजको धारणा दिई गुण र क्षेत्रफल निकाल्न ।
२. चतुर्भुजको धारणा र क्षेत्रफल निकाल्न ।

ग. शैक्षिकसामग्री

प्लास्टिकको डोरी, कार्डबोर्ड पेपर, कैंची, वोर्डमार्कर, मार्कर, मास्किङटेप, कार्ड, विभिन्न नापका सिन्काहरू, जियोवोर्ड

घ. क्रियाकलाप

**i. Brain Storming** (१० मिनेट)

१. डोरीको प्रयोगबाट रेखाको धारणा कसरी दिन सकिन्छ ?

२. Brain Stormingबाट प्राप्त धारणाहरूलाई समेट्दै अभ्यासद्वारा तन्केको र खुम्चेको डोरीको आधारमा रेखाको धारणा प्रस्ट पार्ने ।

ii. कोण तथा त्रिभुजको धारणा

ज्ञ। तीनजना सहभागीहरूलाई अगाडि ल्याई तीनठाउँमा उभिन लगाउने ।

द्द। तीमध्ये एकजना सहभागीलाई डोरी दिई निश्चित ठाउँमा उभिन लगाउने ।

घ। त्यसपछि पहिलो सहभागीले डोरीको एकछेउ समाई डोरीको मुठो दोस्रोलाई समाउन दिने, दोस्रोले तेस्रोलाई समाउन दिई तन्काउन लगाउने । अब सहभागीहरूलाई के वन्यो भनेर प्रश्न सोध्ने ।

द्ध। यस प्रकारवाट फरकफरक कोण वनाउन लगाई कोणको धारणा प्रस्ट पारिदिने ।


छ। पुन डोरीको मुठो तेस्रो सहभागीले पहिलोलाई दिन लगाउने र पहिलोले डोरीको गाँठो पार्न लगाउने

ट। सहभागीहरूको स्थान परिवर्तन गरी विभिन्न आकारका त्रिभुजहरू वनाउन लगाई त्रिभुजको धारणा दिने ।

ठ। तत्पश्चात् एकजना सहभागिलाई समाएको डोरी छोड्न लगाई दुईओटा भुजाको लम्बाइ जहिले पनि तेस्रोभन्दा लामो हुन्छ भन्ने धारणा स्पष्ट पारिदिने ।



चित्र नं १


चित्र नं २


चित्र नं ३

iii. माथिको चित्र नं १, २ र ३ मा देखाए जस्तै त्रिभूजाकार फोटोकपी पेपर फोल्ड गर्न लगाई त्रिभुजको तीनओटा भित्री कोठाहरूको योगफल १८० हुन्छ भन्ने धारणा दिने ।

iv.



माथिको पेपर फोल्डबाट बनेको आयतको क्षेत्रफल र त्रिभूजको क्षेत्रफलमा सम्बन्ध खोज्न लगाउने ।

क्षेत्रफल = l×b

यहाँ आयतको लम्बाई त्रिभुजको आधारको आधा र चौडाइ त्रिभूजको उचाइको आधा रहेको देखाउने ।

अर्थात, l=1/2 आधार

b=1/2 उचाइ

त्रिभुजको क्षेत्रफल = दुईओटा आयतको क्षेत्रफल

= २(l×b)

= २x1/2 आधार x 1/2 उचाइ

= 1/2 आधार x उचाइ

हुन्छ भन्ने कुरा प्रस्ट पार्ने ।

v.

ञा। सहभागीहरूलाई चार समूहमा विभाजन गरी फरकफरक लम्बाइ भएका चार ओटा सिन्का हरेक समूहलाई दिने ।

द्दा चार ओटा सिन्काको प्रयोगबाट विभिन्न आकृतिहरू बनाउन लगाई कापीमा उतार्न लगाउने । जसबाट फरकफरक आकृतिका चर्तुभुजका बारेमा धारणा स्पष्ट पारिदिने । साथै समान लम्बाई भएका सिन्काबाटसमेत स्पष्ट पारिदिने ।

घ। उक्त चर्तुभुजको क्षेत्रफल कसरी निकाल्न सकिन्छ ? सहभागीहरूवीच छलफल गराई स्पष्ट पारिदिने ।

*(नोट : दुईओटा त्रिभुजको संयोजन नै चर्तुभुज हो)*

*सिकाइको लेखाजोखा*

ञ। रेखा, कोठा र त्रिभुजको धारणा दिनका लागि प्रयोगगर्न सकिने शैक्षिक सामग्रीहरूको बनाउनुहोस्

ट्। पेपर फोल्डिङ विधिको प्रयोगवाट ज्यामितिका अरू कुनकुन विषयवस्तुहरू शिक्षण गर्न सकिन्छ ?

४. मूल्याङ्कन

सहभागीहरूले तालिम सत्रका विभिन्न चरणमा प्रस्तुत गरेका क्रियाकलापहरू, प्रतिक्रिया, निर्माण गरेका सामग्रीहरू तथा तिनको प्रयोग गर्ने तौरतरिकाको अवलोकन, रूजुसुचीजस्ता साधनको प्रयोग गरी उपलब्धिको प्राप्तिको सुनिश्चित गर्न सकिन्छ । साथै निम्नलिखित प्रश्नावलीको समेत प्रयोग गर्न सकिनेछ :

ञ। सामग्रीको प्रयोगबाट द्विआधार र पञ्चाधार पद्धतिमा सङ्ख्याहरूलाई व्यक्त गर्ने तरिका उदाहरणसहित भन्नुहोस्

ट्। समूहका कुनै एक समस्या दिई त्यसलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस

घ। स्थान्तरण, त्रिकोणमिति, फलन, सञ्भाव्यता, टेसिलेसनको धारणा सामग्रीको प्रयोगवाट कसरी दिन सकिन्छ ?

ढ। स्केल ड्रइङको प्रयोगात्मक तरिकाबाट कसरी शिक्षण गर्न सकिन्छ ?

छ। ज्यामितीय रचनाहरू शिक्षण गर्न कस्ता विधिहरू प्रयोग गर्न सकिन्छ ? कारणसहित भन्नुहोस्

ट। सम्भाव्यता शिक्षणलाई सहयोग हुने एउटा खेल विधिको नमुना बनाउनूहोस् ।

भाग २ : स्वाध्ययन अभ्यास (तीन दिन)

१. उद्देश्य : यस भागको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

ञ। अनुरूप र समरूप त्रिभुजको धारणा Joyful Learning को प्रयोगबाट कक्षा कोठामा प्रस्तुत गर्न

ट्। कक्षाकोठामा रहेका विविधताहरूको पहिचान गरी कार्यमूलक अनुसन्धानको माध्यामवाट व्यवस्थापन गर्न

घ। शिक्षण सुधार योजना (TIP)तयार गरी प्रभावकारी शिक्षण कार्य सम्पादन गर्न ।

२. मुख्य विषयवस्तु :

(i) अनुरूप र समरूप त्रिभुजको धारणा

(ii) विविधताहरू व्यवस्थापन

(iii) कार्यमूलक अनुसन्धानको धारणा

३. प्रोजेक्ट कार्य विवरण र कार्यविधि

*प्रोजेक्ट कार्य*

(i) तपाईंले शिक्षण गर्ने कक्षामा विद्यार्थीहरूले अनुरूप र समरूप त्रिभुजको धारणा नवुझेको र वुझ्न झर्को मानिरहेको अवस्थामा यो धारणा सहजतापूर्वक स्थान्तरण गर्न Joyful Learning को प्रयोग कसरी गर्नुहुन्छ ? एउटा उपयुक्त क्रियाकलाप तयार गर्दै कक्षाकोठामा प्रयोगगर्दा देखिएको नतिजासमेत राखि एउटा प्रतिवेदन तयार गर्नुहोस्

(ii) तपाईंले शिक्षणगर्ने गणित कक्षाकोठामा देखिएका विविधताहरूको सूची वनाउदै प्रभावकारी शिक्षणका लागि ती विविधताहरूलाई व्यवस्थित गर्दै त्यसको प्रयोगवाट देखिएका प्रभावहरूको अध्ययन गरी प्राप्त नतिजाहरू समावेश गर्दै एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

भाग : ३ शैक्षणिक परामर्श (दुई दिन)

१. उद्देश्य

यस भागको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्य गर्न सक्षम हुनेछन् :

क. विद्यार्थीहरूमा गणितको उत्प्रेरित सिकाइकालागि विद्यार्थीकेन्द्रित/सहभागीतामूलक विधिको प्रयोग गर्न

ख. विद्यार्थीहरूको बहुबुद्धि पहिचान गरी सोहीअनुसार शिक्षण व्यवहार गर्न

ग. शिक्षण योजना निर्माण गरी प्रभावकारी शिक्षण गर्न

घ. शिक्षकहरू आफूलाई विषयगत रूपमा अद्यावधिक रहेर आफ्नो शिक्षणमा सुनिश्चित हुन

ङ. शिक्षकहरूले आफ्ना समस्याहरू खुलस्त भई राख्ने र अनुभव आदानप्रदान गर्ने सकारात्मक व्यवहारको विकास गर्न ।

२. सञ्चालन कार्य विवरण एवम् कार्यविधि

पहिलो दिन

क. प्रत्येक सहभागी शिक्षकले सम्पन्न गरेका स्वाध्ययन अभ्यास अन्तर्गत तीनओटै प्रोजेक्ट कार्यहरूको प्रतिवेदन सङ्कलन गर्ने

ख. विद्यालयको समग्र सञ्चालनप्रक्रिया एवम् शैक्षिक गतिविधि अवलोकन गरी सुधारका पक्ष नोट गर्ने ।

**दोस्रो दिन**

क. अन्य शिक्षकहरूको कक्षा अवलोकन गरी सुधारका पक्ष नोट गर्ने ।

ख. शिक्षक, प्र.अ. र वि.व्य.स.का पदाधिकारीहरूबीच देहायअनुसारको प्रस्तावमा आधारित औपचारिक बैठक गर्ने ।

## मोडुल शीर्षक : आधारभूत तहको शैक्षिक सामग्री निर्माण र प्रयोग

### १) मोडुल परिचय :

स्रोतकेन्द्रमा सङ्कलन भएका आवश्यकताहरूलाई विश्लेषण गरी आवश्यक प्रोफाइल निर्माणपश्चात् उक्त प्रोफाइलमा देखिएका आवश्यकताहरूमा आधारित भई सामग्री निर्माणको क्रममा एउटा आवश्यकताका लागि यो नमुना सामग्री तयार गरिएको छ । सामग्री निर्माण र प्रयोग शीर्षकको यस मोडुलमा तीनओटै भाग (तालिम कार्यशाला, स्वाध्ययन अभ्यास र शैक्षिक परामर्श) समेतका लागि यो सामग्री तयार गरिएको हो । यस मोडुलको मुख्य विषयवस्तु आधारभूत तहमा अध्यापन हुने नेपाली, गणित, सामाजिक, वातावरण, अङ्ग्रेजी र शारिरीक शिक्षा विषयका समस्याहरूलाई समाधान गर्ने जस्ता विषय वस्तुहरू समावेश गरिएको छ ।

यस मोडुलबाट सहभागी शिक्षकहरूले आधारभूत तहमा समावेश भएका विषयहरूका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको निर्माण, निर्माण गर्दा आवश्यक पर्ने सामग्रीहरू, निर्माण प्रकृया तथा उपयोगितावारेमा जानकारी लिनुका साथै सामग्री निर्माण र उपयोग गर्ने सीपसमेत हासिल गर्न सक्नेछन । शैक्षिक सामग्रीले कक्षा तथा शिक्षणमा पार्ने सकारात्मक प्रभावलाई समेत मनन गर्दै सकेसम्म यस तालिमले स्थानीय स्तरमा पाईने कच्चा सामग्रीको प्रयोग गरी कममात्र मूल्य पर्ने सामग्रीहरूको निर्माण गर्ने प्रयास गरिनेछ, जसबाट शिक्षकहरूले पछि गएर आफ्नो विद्यालयमा समेत त्यस्ता सामग्रीहरूको निर्माण र प्रयोग गर्न सक्षम हुनेछन् ।

यस मोडुलको लक्षित समूहमा सामुदायिक विद्यालयको आधारभूत तहमा कार्यरत शिक्षकहरू पर्नेछन । शिक्षक हुनका लागि आवश्यक शैक्षिक योग्यता पुगेका र माथिल्ला शैक्षिक योग्यता भएका शिक्षकहरूको पूर्व तालिमहरूले प्रदान गरेको ज्ञानलाई यस तालिमले व्यावहारिक अभ्यास गराउन सफल हुने अपेक्षा गरिएको छ ।

२) मोडुलका लागि आवश्यक शैक्षिक सामग्रीहरू :

यस मोडुल सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू निम्नबमोजिम हुनेछन् :

१) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका र सन्दर्भसामग्रीहरू

२) मार्कर, साइनपेन, स्केल, मेटाकार्ड, गम, मास्किम टेप, कार्डवोर्ड पेपर, न्युजप्रिन्ट, कलरपेपर, कैंची, पत्रपत्रिका, कुटपेपर, इनामेल, वाटरकलर, फेविकोल, सियोधागो तथा अन्य

३) स्थानीयस्तरमा पाइने विभिन्न सामग्रीहरू ।

भाग १ तालिम कार्यशाला (पँच दिन)

क) उद्देश्य :

यस तालिम मोडुलको अन्तमा सहभागीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

१) शैक्षिक सामग्रीको परिचय, आवश्यकता, महत्व र प्रकारकासँग परिचित हुन

२) विषयगतरूपमा आवश्यक पर्ने शैक्षिक सामग्री निर्माण गर्न

३) निर्मित शैक्षिक सामग्रीहरूको सान्दर्भिक रूपमा प्रयोग निर्देशिका तयार गर्न ।

ख) मुख्य विषयवस्तुहरू

| दिन | पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र |
|---|---|---|---|
| पहिलो | • उद्घाटन सत्र<br>• शैक्षिक सामग्रीको परिचय,<br>• आवश्यकता र महत्व | • शैक्षिक सामग्रीका प्रकारहरू<br>• विषयगत सूची निर्माण | • नेपालीको शैक्षिक सामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी |
| दोस्रो | • नेपालीको शैक्षिक सामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी | • गणितको शैक्षिक सामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी | • गणितको शैक्षिक सामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी |
| तेस्रो | • वातावरणको शैक्षिक सामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी | • वातावरणको शैक्षिक सामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी | • सामाजिकको शैक्षिक सामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी |

| दिन | पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र |
|---|---|---|---|
| चौथो | • सामाजिकको शैक्षिकसामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी | • अङ्ग्रेजीको शैक्षिक सामग्री निर्माण<br>• निर्माण तथा प्रयोग निर्देशिका तयारी | • सामग्रीहरू प्रदर्शनी<br>• एकीकृत शिक्षण पद्धति |
| पाचौं | • TIP निर्माण अभिमुखीकरण | • प्रोजेक्ट कार्य अभिमुखीकरण | • कार्यक्रम पुनरावलोकन<br>• मूल्याङ्कन, समापन |

३) विषयवस्तुहरूको मुख्य क्रियाकलापहरू :

विस्तृत क्रियाकलाप दिन : पहिलो

क्रियाकलाप नं १ : शैक्षिक सामग्रीको परिचय, आवश्यकता र महत्व (प्रथम सत्र)

क. Warming up activity **(५ मिनेट)**

टेवलमा रहेको गिलास देखाउँदै त्यसको प्रयोग गरी स्पष्ट पार्न सकिने कुनै तीनओटा धारणा सहभागीलाई व्यक्तिगत रूपमा सोच्न लगाई तीनचार जनालाई प्रस्तुत गर्न लगाउने

**ख. विषय प्रवेश :**

जसरी गिलासको सहायतावाट विभिन्न धारणा स्पष्ट गर्न सकियो त्यसरी नै कक्षाकोठामा शिक्षण गर्दा अरू केकेले सहयोग वा मदत गर्न सक्ला भनी विषय प्रवेश गर्ने

**ग. अनुभव आदानप्रदान २० मिनेट**

**घ. शैक्षिक सामग्रीको आवश्यकता र महत्व समूह छलफल र प्रस्तुतीकरण ५० मिनेट**

**ङ. पृष्ठपोषण १० मिनेट**

क्रियाकलाप नं २ शैक्षिक सामग्रीको प्रकार (विषयगत रूपमा) र सूची निर्माण(दोस्रो सत्र)

क. प्रत्येक सहभागीलाई उनीहरूले प्रयोग गर्दै आएका सामग्रीहरूलाई विषयगत रूपमा निम्नअनुसारको कार्यतालिकाअनुसार भर्न लगाउने ।

| नेपाली | गणित | सामाजिक | वातावरण | अङ्ग्रेजी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ख. सहभागीहरूले तालिका तयार गरी सकेपछि सबैलाई प्रस्तुत गर्न लगाई आफ्नो तालिकामा नपरेका सामग्री थप गरी तालिकालाई पूर्ण बनाउन लगाउने । त्यसपछि प्रशिक्षकले समेत तालिकामा छुट हुनआएका सामग्री थपगरी तालिकालाई पूर्ण रूप दिने

४० मिनेट

ग. प्रशिक्षक सहभागीहरूले तयार गरेको तालिकामा उल्लेख भएका शैक्षिक सामग्रीहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न लगाउने । जस्तै विनामूल्य, मूल्य पर्ने, सङ्कलित, निर्माण गर्न सकिने आदि ।

क्रियाकलाप नं ३. शैक्षिक सामग्री निर्माण नेपाली (तेस्रो सत्र)

क) तयार गरिएको सूचिबाट नेपाली विषय शिक्षण गर्दा प्रयोग गरिने न्यूनतम पाँचओटा महत्वपूर्ण सामग्री छनोट गर्न लगाउने । ५ मिनेट

ख) छनोट गरिएका शैक्षिकसामग्री निर्माण गर्न आवश्यक पर्ने कच्चापदार्थ वा सामग्री र सामग्री निर्माणका तरिका सहभागीलाई निम्नलिखित Worksheet दिई लेख्न लगाई प्रस्तुत गर्न लगाउने । १ घण्टा

| सि.नं. | शैक्षिक सामग्रीको नाम | निर्माणकालागि आवश्यक कच्चा पदार्थ | निर्माण विधि | सामग्री प्रयोगको विषय क्षेत्र | प्रयोग तरिका |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग) सहभागीहरूको प्रस्तुतीकरण पछि प्रशिक्षकले आवश्यक पृष्ठपोषण दिने । २५ मिनेट**

**दोस्रो दिन : पहिलो सत्र**

**क्रियाकलाप नं. १. सामग्री निर्माण कार्य ( नेपाली )**

क) पहिलो दिनको तेस्रो सत्रमा तयार भएको Guide line को आधारमा सामग्री निर्माण गर्न समूहविभाजन र कच्चापदार्थ वितरण– १० मिनेट

ख) सामग्री निर्माण– १ घण्टा

ग) प्रस्तुतीकरण र पृष्ठपोषण : २० मिनेट

दिन : दोस्रो (सत्र : दोस्रो)

क्रियाकलाप नं १. शैक्षिक सामग्री निर्माण गणित

क) तयार गरिएको सूचीबाट गणित विषय शिक्षण गर्दा प्रयोग गरिने न्यूनतम पाँचओटा महत्वपूर्ण सामग्री छनोट गर्न लगाउने ५ मिनेट

ख) छनोट गरिएका शैक्षिक सामग्री निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सामग्री र सामग्री निर्माण तरिका सहभागीलाई निम्नलिखित Worksheet दिई लेख्न लगाई प्रस्तुत गर्न लगाउने । १ घण्टा

| सि.नं. | शैक्षिक सामग्रीको नाम | निर्माणकालागि आवश्यक कच्चा पदार्थ | निर्माण विधि | सामग्री प्रयोगको विषय क्षेत्र | प्रयोग तरिका |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ग) सहभागीहरूको प्रस्तुतीकरण पछि प्रशिक्षकले आवश्यक पृष्ठपोषण दिने (२५ मिनेट)

दिन : दोस्रो (सत्र : तेस्रो)

क्रियाकलाप नं. १. सामग्री निर्माण कार्य (गणित)

क) पहिलो दिनको तेस्रो सत्रमा तयार भएको Guide line को आधारमा सामग्री निर्माण गर्न समूहविभाजन र कच्चापदार्थ वितरण १० मिनेट

ख) सामग्री निर्माण १ घण्टा

ग). प्रस्तुतीकरण र पृष्ठपोषण : २० मिनेट

दिन : तेस्रो (सत्र : पहिलो)

क्रियाकलाप नं १. शैक्षिक सामग्री निर्माण (गणित

क) तयार गरिएको सूचीबाट विज्ञान स्वास्थ तथा वातावरण विषय शिक्षण गर्दा प्रयोग गरिने न्यूनतम पाँचओटा महत्वपूर्ण सामग्री छनोट गर्न लगाउने ५ मिनेट

ख) छनोट गरिएका शैक्षिक सामग्री निर्माण गर्न आवश्यक पर्ने कच्चापदार्थ वा सामग्री र सामग्री निर्माण तरिका सहभागीलाई निम्नलिखित Worksheet दिई लेख्न लगाई प्रस्तुत गर्न लगाउने १ घण्टा

| सि.नं. | शैक्षिक सामग्रीको नाम | निर्माणकालागि आवश्यक कच्चा पदार्थ | निर्माण विधि | सामग्री प्रयोगको विषय क्षेत्र | प्रयोग तरिका |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ग) सहभागीहरूको प्रस्तुतीकरण पछि प्रशिक्षकले आवश्यक पृष्ठपोषण दिने । २५ मीनेट

दिन : तेस्रो (सत्र : दोस्रो)

क्रियाकलाप नं. १. सामग्री निर्माण कार्य (विज्ञान स्वास्थ्य तथा वातावरण)

क) पहिलो दिनको तेस्रो सत्रमा तयार भएको Guide line का आधारमा सामग्री निर्माण गर्न समूहविभाजन र कच्चापदार्थ वितरण १० मिनेट

ख) सामग्री निर्माण १ घण्टा

ग. प्रस्तुतीकरण र पृष्ठपोषण २० मिनेट

दिन तेस्रो (सत्र : तेस्रो)

क्रियाकलाप नं १. शैक्षिक सामग्री निर्माण (सामाजिक)

क) तयार गरिएको सूचिबाट सामाजिक शिक्षा विषय शिक्षण गर्दा प्रयोग गरिने न्यूनतम पाँचआटा महत्वपूर्ण सामग्री छनोट गर्न लगाउने ५ मिनेट

ख) छनोट गरिएका शैक्षिकसामग्री निर्माण गर्न आवश्यक पर्ने कच्चापदार्थ वा सामग्री र सामग्री निर्माण तरिका सहभागीलाई निम्नलिखित Worksheet दिई लेख्न लगाई प्रस्तुत गर्न लगाउने । १ घण्टा

ग) सहभागीहरूको प्रस्तुतीकरण पछि प्रशिक्षकले आवश्यक पृष्ठपोषण दिने । २५ मीनेट

दिन : चौथो (सत्र : पहिलो)

क्रियाकलाप नं. १. सामग्री निर्माण कार्य (सामाजिक)

क) पहिलो दिनको तेस्रो सत्रमा तयार भएको Guide line को आधारमा सामग्री निर्माण गर्न समूह विभाजन र कच्चापदार्थ वितरण १० मिनेट

ख) सामग्री निर्माण १ घण्टा

ग. प्रस्तुतीकरण र पृष्ठपोषण २० मिनेट

दिन चौथो (सत्र : दोस्रो)

क्रियाकलाप नं १ : अङ्ग्रेजी शिक्षणका लागि आवश्यक सामग्रीको पहिचान, निर्माण तथा प्रयोग विधि

क. सहभागीहरूलाई पाँच समूहमा विभाजन गरी अङ्ग्रेजी शिक्षण गर्न आवश्यक सामग्रीहरूको सूचि तयार गर्न लगाउने ५ मिनेट

ख. सहभागीबाट तयार गरिएका सामग्रीको सूची प्रस्तुतगर्न लगाई प्रशिक्षकले बोर्डमा नदोहोरिने गरी टिपोट गर्ने

ग. सहभागीहरूलाई आआफ्नो समूहमा नदोहोरिने गरी तीनतीनओटा सामग्रीको नाम छनोट गरी उक्त सामग्रीका सन्दर्भमा निम्नअनुसार कार्य तालिका पूरा गर्न लगाउने

| सि.नं. | शैक्षिक सामग्रीको नाम | निर्माणकालागि आवश्यक कच्चापदार्थ | निर्माण विधि | सामग्री प्रयोगको विषय क्षेत्र | प्रयोग तरिका |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

घ. तालिका तयार गरी समूहगत रूपमा प्रस्तुत गरी सकेपछि प्रशिक्षकद्वारासमेत आवश्यक पृष्ठपोषणसहित निष्कर्षमा पुग्ने ।

दिन चौथो (सत्र : तेस्रो)

क्रियाकलाप नं. ३. शैक्षिक सामग्रीहरूको प्रदर्शनी र एकीकृत शिक्षण सामग्री प्रयोग पद्धति

क) तालिम कार्यशाला अवधिभर निर्मित सम्पूर्ण सामग्रीहरूलाई विषयगत रूपमा छुट्टाछुट्टै प्रदर्शनी गर्न लगाउने ।

ख) हरेक विषयको सामग्रीसम्बन्धी जानकारी दिन एकएकजना सहभागी तोक्ने र अन्य सहभागीहरूलाई समूहसमूहमा प्रत्येक विषयको सामग्रीको अवलोकन गर्न लगाउने ।

ग) अवलोकन गर्दा प्रदर्शनीमा व्याख्या (Briefing) गर्ने व्यक्तिले भनेको भन्दा अन्य वैकल्पिक प्रयोग सोच्नका लागि हरेक व्यक्तिलाई उत्साहित गर्ने र त्यसको अभिलेख निम्नबमोजिमको फर्मेटमा राख्न लगाउने ।

| क्र.सं. | अवलोकन गरिएको सामग्री | Briefing को आधारमा प्रयोग | त्यसको वैकल्पीक प्रयोग |
|---|---|---|---|
| | | | |
| | | | |

घ) सामग्रीहरूको प्रदर्शन, व्याख्या र वैकल्पीक प्रयोगका आधारमा एकीकृत शिक्षण सामग्री प्रयोग पद्धतिको परिचय दिँदै सत्रको अन्त्य गर्ने ।

पाँचौं दिन :

**TIP Orientation**

**क्रियाकलाप नं. १. TIP तयारीसम्बन्धी अभिमुखीकरण (पहिलो सत्र)**

क) प्रशिक्षकले TIP Format प्रत्येक सहभागीहरूलाई वितरण गरी TIP को उद्देश्य आवश्यकता र तयारीसम्बन्धी जानकारी दिने। २५ मी.

ख) प्रत्यक सहभागीहरूलाई TIP Format को आधारमा TIP Format तयारीको व्यक्तिगतरूपमा नमुना अभ्यासगर्न लगाई प्रशिक्षकले निरन्तर अवलोकन गरी आवश्यकतानुसार पृष्ठपोषण दिने। ४० मीनेट

ग) समूहगतरूपमा तयार गरिएका TIP प्रस्तुतगर्न लगाई सहभागीबाट सुझावहरूसमेत प्रस्तुतगर्न लगाई समीक्षा गर्न लगाउने। २५ मीनेट

**क्रियाकलाप नं. २. प्राजेक्ट कार्यसम्बन्धी परिचय र सम्पादन गर्नुपर्ने कार्यहरूको निर्धारण गर्ने :**

क) सहभागीहरूलाई प्रोजेक्ट कार्यको परिचय दिई प्रोजेक्ट कार्यअन्तर्गत सम्पन्न गर्नुपर्ने कार्यको जानकारी दिने। ३० मीनेट

**क्रियाकलाप नं. ३. प्रोजेक्ट कार्यको नमुना निम्नअनुसार ढाँचामा प्रत्येक सहभागीहरूलाई गर्न लगाउने**

**योजनाको ढाँचा (दोस्रो सत्र)** १ घण्टा

क) परियोजना कार्यको शीर्षक :

ख) परियोजना कार्यको उद्देश्य :

ग) परियोजना कार्यको परिचय :

घ) परियोजना कार्यको औचित्य :

ङ) परियोजना कार्यको योजना :

| सि.नं. | सम्पन्न गर्ने क्रियाकलाप | प्रोजेक्ट कार्यको विधि | कार्य अवधि |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

**क्रियाकलाप नं. ४. कार्यक्रमको मूल्याङ्कन र समापन (तेस्रो सत्र)** १ घण्टा

क) कार्यक्रम मूल्याङ्कनका लागि प्रशिक्षकले तयार पारेको Tool को प्रयोग गर्दै मूल्याङ्कन गर्ने र सङ्कलन गर्ने

ख) समापन

१) उद्देश्य

यस स्वाध्ययन अभ्यास पछि सहभागीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन् :

क) तालिमवाट सिकेका ज्ञान र सीपलाई प्रयोगात्मक रूपमा कक्षामा प्रयोग गर्दा प्राप्त भएका उपलव्धिहरूको समीक्षा र गर्दै अझ सुधारका लागि शिक्षण सुधार योजना तयार गर्न

ख) आफूले अध्यापन गर्ने विषयमा विषयवस्तुअनुसारको शैक्षिक सामग्री तयारगरी प्रयोग गर्न

ग) विषयअनुसारको शैक्षिक सामग्रीहरूको निर्माण, प्रयोग र उपयोगिताका विषय समेतको शैक्षिक सामग्री निर्माण तथा प्रयोग निर्देशिका तयार गर्न ।

२) परियोजना कार्यको विवरण र कार्यविधि :

क्रियाकलाप नं. १. शिक्षण सुधार योजना निर्माण

दिईएको ढांचाको आधारमा सहभागीहरूले शिक्षणसुधार योजना निर्माण गर्ने ।

क्रियाकलाप नं. २. निम्नअनुसारका परियोजना कार्यहरू मध्येवाट कुनै दुईओटा गर्नुपर्ने ।

परियोजना कार्यहरू :

क) कुनै एउटा विषय वा फरकफरक विषयको न्यूनतम तीनओटा सामग्री निर्माण गर्ने र ती सामग्रीहरूलाई कक्षा शिक्षणमा प्रयोग गरी प्रभावकारिता पत्तालगाई प्रतिवेदन तयार गर्नुहोस्

ख) कक्षा १,२,३ मा अङ्ग्रेजी शिक्षण गर्न उपयोगी हुने न्यूनतम तीनओटा सामग्री निर्माण गर्ने र ती सामग्रीहरूलाई कक्षाशिक्षणमा प्रयोग गरी प्रभावकारीता पत्तालगाई प्रतिवेदन तयार गर्नुहोस्

ग) प्राथमिक तहमा शारीरिक शिक्षा शिक्षण गर्न उपयोगी हुने कुनै १० ओटा शैक्षिक सामग्रीहरूको निम्नअनुसारको ढाँचामा सामग्री निर्माण र प्रयोग निर्देशिका तयार गर्नुहोस्

| सि.नं. | सामग्रीको नाम | प्रयोग गर्न सकिने खेल | निर्माणका लागि प्रयोग गर्न सकिने सामग्री | निर्माण तरिका | प्रयोग तरिका |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

घ) प्राथमिक तहमा शारीरिक शिक्षाशिक्षण गर्न उपयोगी हुने न्यूनतम तीनओटा सामग्री निर्माण गर्ने र ती सामग्रीहरूलाई कक्षाशिक्षणमा प्रयोग गरी प्रभावकारिता पत्ता लगाई प्रतिवेदन तयार गर्नुहोस्

क्रियाकलाप नं ३. प्रतिवेदनको खाका

क) परिचय

ख) सम्पादित क्रियाकलापको विवरण

ग) विद्यार्थी, विव्यस र प्र.अ.बाट प्राप्त प्रतिक्रिया

घ) सबै क्रियाकलाप सञ्चालन वा सम्पादन गर्दा आइपरेका समस्याहरू तथा समाधनका लागि गरिएका प्रयासहरू

ङ) शिक्षणसिकाइमा यस्ता क्रियाकलापको सामान्यीकरण तथा उपयोगीता

च) निष्कर्ष

छ) TIP, अन्य सामग्री, सम्पादन गरिएका कार्यहरूको विवरण लगायतका अन्य विवरणहरूलाई परिशिष्टमा राखी प्रतिवेदन तयार गर्नुपर्ने छ ।

## भाग –३ शैक्षणिक परामर्श (दुई दिन)

१) उद्देश्यहरू :

क) दैनिक सिकाइ क्रियाकलापमा आइपरेका समस्याहरू तथा तालिमका क्रममा सिकेका सैद्धान्तिक र व्यावहारिक ज्ञानलाई प्रयोगात्मक रूपमा लागूगर्दा समाधान गर्न कठिन समस्याहरूलाई समाधान गर्नु

ख) विद्यालयमा आइपरेका पेसागत कठिनाइहरूको पहिचान गरी तिनको समस्या समाधानका लागि समाधानको खोजी गर्ने

२) शैक्षिक परामर्श सञ्चालन कार्यविधि

क) तालिममा सहभागी शिक्षक कार्यरत विद्यालयको भ्रमण गरी परामर्श गर्नका लागि सम्वन्धित विशेषज्ञहरूलाई दुई दिनको लागि खटाउने

ख) विद्यालयमा गई विशेषज्ञ तथा प्रशिक्षकहरूले पहिलो दिन शिक्षण सुधार योजना लगायतका प्रोजेक्ट कार्यको प्रतिवेदन सङ्कलन, समीक्षा र मूल्याङ्कन गर्ने

ग) विद्यालयका समग्र शैक्षिक गतिविधिहरूको सुधारका लागि सुझावको नोट तयार गर्ने

घ) दोस्रो दिन सहभागी शिक्षकको कम्तीमा एउटा कक्षा अवलोकन गर्ने र सुधारका लागि सुझावको नोट तयारगर्ने साथै अन्य शिक्षकहरूको पनि कक्षाअवलोकन गरी सुझाव दिने

ङ) दोस्रो दिन शिक्षक, प्र.अ. र विद्यालय व्यवस्थापन समितिवीच सामूहिक रूपमा देहायबमोजिमको एजेन्डामा आधारित बैठक सञ्चालन गरी समीक्षा गर्ने साथै सम्पूर्ण प्रतिवेदन र बैठकको निर्णय प्रतिलिपि हवमा पठाउने ।

बैठकका प्रस्तावहरू

क) सहभागी शिक्षक तथा अन्य शिक्षकका शैक्षिक सामग्री लगायतका पेसागत अन्य समस्याहरूसमेतको प्रस्तुतीकरण गर्ने

ख) सहभागी शिक्षकको प्रोजेक्ट कार्य र प्रतिवेदनको समीक्षा र मूल्याङ्कन गर्ने

ग) प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिले शिक्षण सिकाइमा झेल्नुपरेका समस्या र समाधानका लागि गरिएका प्रयासहरूका वारेमा छलफल गर्ने

घ) प्रशिक्षकबाट अवलोकनका क्रममा देखेका समस्याको समीक्षा गर्दै समाधानका लागि शैक्षिक परामर्श प्रदान गर्ने

ङ) शिक्षण सिकाइको सुधारका लागि यस्त अन्तरक्रिया र छलफलका क्रममा आएका सहयोगी र समाधानात्मक कुराहरूवाट मार्गदर्शन तयार गरी थप सुधारका लागि समीक्षात्मक निचोड निकाल्ने र त्यसका आधारमा भविश्यमा शिक्षणसिकाइको सुधार योजना बनाउनमा सहयोग गर्ने । साथै सम्पूर्ण कार्यहरूको सम्पन्नपश्चात् दस दिने मोडुल तालिम सम्पन्न भएको सम्बन्धित शिक्षकलाई हवमा रेकर्ड कायम गरी टिपिडी सम्पन्न भएको प्रमाणपत्र प्रदानगर्ने ।

*अनुसूची–५*

## भाषिकसीप शिक्षण मोड्युल

## आवश्यकता प्रोफाइल खाँका

स्रोतकेन्द्रको नाम: तह:

| क्र.सं. | विषय क्षेत्रगत आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| आवश्यकता समूह (Need Cluster) १ | | | |
| १. | Teaching prounciation टुक्रे अक्षर र भाषा शिक्षण | चन्द्रप्रभा आचार्य<br>बाटु नेपाली | पदमलिला प्रा.वि. सुर्खेत<br>दीपमाला प्रा.वि. |
| २. | Dictionary use | टीका भण्डारी | बालमन्दिर प्रा.वि. |
| ३. | Teaching Vocab. | कोमल मल्ल<br>टीका कुमारी शर्मा | कालिका प्रा.वि.<br>भैरव प्रा.वि. |
| ४. | Reading comprehension | विजय धिताल | दीपमाला प्रा.वि. |
| ५. | नेपाली शब्दार्थ शिक्षण | गौमाया फौजा | कालिका प्रा.वि. |
| ६. | Bilingualism<br>Multilingualism<br>Child centered method<br>Participatory Approach<br>Cooperative learning<br>CAS | System needs | |

### १. परिचय

शैक्षिक गुणस्तर अभिवृद्धि गर्न योग्य र दक्ष शिक्षकको आवश्यकता पर्दछ । नेपाल सरकारले शिक्षक विकासका लागि विभिन्न समयमा विभिन्न प्रकारका तालिम कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा हाल नेपाल सरकारले SSRP अन्तर्गत शिक्षकको पेसागत विकास (TPD)का लागि शिक्षकहरूको तत्कालीन समस्या

समाधान तथा उनीहरूको आवश्यकतामा आधारित तालिम सञ्चालन गर्ने योजना बनाएको छ । यसै कार्यक्रमका लागि सुर्खेत जिल्लाका सात आधारभूत विद्यालयका १२ जना शिक्षकको TPD आवश्यकता प्रस्तावनाका आधारमा यो तालिम Module तयार गरिएको छ । यसमा मुख्यत भाषिकसीप शिक्षणसम्वन्धी अवधारणालाई समेटी उक्त समस्या र आवश्यकताहरूलाई समाधान गर्ने कोसिस गरिएको छ । यस Module मा विशेषत: अङ्ग्रेजी र नेपाली भाषा शिक्षणका अलावा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विषयवस्तुको आधारमा Session Design गरिएको छ ।

यस तालिमवाट शिक्षकहरूले व्यक्तिगत रूपमा भोगेका भाषिकसीप शिक्षणसम्वन्धी समस्या र निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि आवश्यक ज्ञानसीप प्राप्तगर्ने अपेक्षा गरिएको छ । यो तालिम विशेषत आधारभूत तहमा कार्यरत SLC तह पूरा गरेका १० महिने तालिम प्राप्त शिक्षकहरूका लागि विकास गरिएको छ ।

प्रथम खण्डमा सम्वन्धित शिक्षकको आवश्यकता र मागअनुसारका विषय क्षेत्रको सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई पाँच दिने कार्यशालामा समेटिएको छ । यसरी तालिमको दोस्रो खण्डमा सहभागी शिक्षकले आफ्नो विद्यालयमा २०-३० दिनसम्म तीन कार्य दिन बराबरको भार हुने गरी सम्वन्धित विषयमा तयार गरिएको स्वाध्ययन सामग्री अध्ययन गर्ने र अन्य परियोजना कार्य (Project works ) प्रस्तुत गरिएको छ । यसगरी Module को तेस्रो खण्डमा तालिम सहभागीहरूलाई स्रोतव्यक्ति/सहजकर्ता/प्रशिक्षक विद्यालय मै उपस्थित भई दुईदिने शैक्षणिक परामर्श दिने कार्यको खाकासमेत यस खण्डले समेटेको छ ।

२. **शैक्षिक सामग्री :**

(क) पाठ्यक्रम तथा पाठ्यक्रमसम्वद्ध सामग्री

(ख) Slide, chart, word cards

(ग) Dictionary

(घ) Picture card, relia,

(ङ) Audio materials

## भाग १ तालिम कार्यशाला (पाँच कार्यदिन)

१. उद्देश्य :

यस कार्यशालाको अन्तमा प्रशिक्षार्थी शिक्षकहरू निम्नअनुसारका कार्य गर्न सक्षम हुनेछन् :

(क) अङ्ग्रेजी भाषका उच्चारणसँग सम्वन्धित समस्या पहिचान गरी उपयुक्त शिक्षण विधि प्रयोग गर्न

(ख) आवश्यकताअनुसार Dictionary को प्रयोग गर्न

(ग) शव्दको प्रकृतिअनुसार शव्दार्थ शिक्षण विधि प्रयोग गर्न

(घ) Inductive method प्रयोग गरी Prepositions शिक्षण गर्न

(ङ) वहुभाषिक कक्षामा भाषा शिक्षणको उपयुक्त विधि प्रयोग गर्न

(च) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति प्रयोग गर्न ।

२. मुख्य विषयवस्तु:

(क) उच्चारण शिक्षण विधि: -

१ उच्चारण शिक्षणको अवधारणा

२ उच्चरण शिक्षणको आवश्यकता

३ उच्चारण अभ्यास

(ख) शव्दार्थ शिक्षण

१ शव्दार्थ शिक्षणको अवधारणा

२ शव्दार्थ शिक्षण विधिको अभ्यास

(ग) Dictionary प्रयोग

१ Entry

२ Aspects of vocabulary:

३ Pronunciation

४ Word class

५ Word meaning

६ Word use

७ Word grammar

(घ) Teaching preposition

१ Use of inductive method

२ Functional grammar

(ङ) Multilingual class

१ Concept of multilingual class

२ Concept of bilingual class

३। Celebrating linguistic diversity

(च) निरन्तर विद्यार्थी मूल्याङ्कन

१। CAS को अवधारणा

२ Portfolio निर्माण तथा व्यवस्थापन

३। Liberal Promotion Policy

(छ) टुक्रे अक्षर र मात्रा शिक्षण

१। टुक्रे अक्षर चिनारी

२ मात्रा शिक्षण

३। शब्द लेखन

३. विस्तृत क्रियाकलाप

(क) उच्चारण शिक्षण विधि: ३ घण्टा

क्रियाकलाप

1. Warming up: Assigning them to pronounce a list of words from primary textbooks
2. Lead the sessions through discussion/interaction to make them clear about the importance of teaching pronunciation.
3. Display the list of phonetic symbols.
4. Selection of problematic words from concerned TBs
5. Conduct activities.
   a. minimal pair
   b. same difference
   c. listen and repeat
   d. use audio materials
   e. use phonic wheels
6. Pronunciation of inflection and derivational words.
   Present a two column chart one containing root words and the other derivational/inflectional words and parctice pronunciation
7. Stress (primary, secondary, intonation (rising, falling)

Dictionary use:
Activities 1......

अक्षर शिक्षण

१. टुक्रेअक्षर चिनारी:

क अक्षरका टुक्रालाई मिलाई सग्लो अक्षर बनाउन लगाउने

ख. एउटा अक्षरका टुक्रहरूलाई एकै रङ प्रयोग गर्ने

ग. टुक्राहरू निर्माणगर्दा बाक्लो कागजका साथै काठ पनि प्रयोग गर्न सकिन्छ

घ. अक्षरका टुक्राहरू सबै विद्यार्थीहरूलाई उपलब्ध गराई पूरा अक्षर बनाउन लगाउने

ङ. अक्षर निर्माण भै सके पछि उच्चारण गर्न लगाउने।

२. मात्रा शिक्षण

सग्लो अक्षरका साथमा मात्राहरू (ा े ै ु ि ी ृ इत्यादि) उपलब्ध गराई प्रयोग अभ्यास गराउने। साथै मात्रा लागेका अक्षरहरू उपलब्ध गराई शब्द निर्माण क्रियाकलाप गराई सँगसँगै उच्चारण गर्न लगाउने।

३. शब्द निर्माण (लेखन):

अभ्यास पुस्तिकामा अक्षरको आकार थोप्लाथोप्लामा प्रस्तुत गरी विद्यार्थीहरूलाई शब्दवाक्य Tracing गर्ने अभ्यास गर्न लगाउने।

**४. Dictionary use:**

Activity 1:
The participant teachers are provided 10 words from the primary textbooks and they are asked to arrange the words in alphabetical order.

Activity 2: Finding the words
The participants are asked to find out the words in the OALD. They have to share and discuss in the group. (Head words, compound words)

Activity 3: Finding out the part of speech of the words

The participants locate the part of speech (Noun, pronoun, verb, adjective, adverbs, etc.) of the words as given in the dictionary.

Activity 4: Same spelling different pronunciation
The participants are asked to find out whether there are words having same spelling but different pronunciation and meaning.

Activity 5:
Participants are involved in finding out words having more than one possible spelling (Colour, color, bannister, bannist, practice, practise)

Activity 6: Finding the meaning
Participants are asked to find out the meaning in the dictionary and relate the appropriate meaning in the context the words have appeared.

Activity 7: Understanding and using the word
The sentence patterns in which the words are used are shown in the dictionary. The participants are involved in using the word in their own sentences.

Activity 8:
Words' collocation and language chunks are discussed in the session.

४. मूल्याङ्कन:

1. Observation and feedback
2. What is the importance of training pronunciation¿
3. Design five sets of minimal pairs for basic level students
4. Pronounce the following words with stress correct
   Tortoise, guardian, know, woman, women, village, career, cassette
5. Phonetic symbol recognition

## भाग – २ स्वाअध्ययन अभ्यास

१. उद्देश्य:

(क) आफूले अध्यापन गरिरहेको भाषा शिक्षणका विषयमा विद्यार्थीहरूका सिकाइ उपलब्धि लगायत सूचकको वर्तमान अवस्था पत्तालगाई ती सूचकमा सुधार ल्याउन शिक्षण सुधार योजना तयार गर्न

(ख) भाषा शिक्षणमा उच्चारण र शब्दार्थसँग सम्वन्धित समस्या समाधानका लागि उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग गर्न

(ग) बहुभाषिक विद्यार्थीहरूका लागि शिक्षण योजना बनाई शिक्षण गर्न

(घ) विद्यार्थीहरूका लागि protfolio निर्माण गरी निरन्तर मूल्याङ्कन गर्न ।

२. परियोजना कार्यको विवरण र कार्यविधि

प्रत्येक सहभागी शिक्षकले पाँच दिने कार्यशालाबाट आफ्नो विद्यालयमा फर्केपछि १० दिने मोडुलको खण्ड-२ मा सङ्लग्न ढाँचाअनुसार शिक्षण सुधार योजना बनाई सोहीअनुसारको कार्य गर्नुपर्नेछ र यसका साथै शिक्षकको आवश्यकता पूरा गर्ने खालको तोकिएका दुईओटा प्रोजेक्ट कार्य गर्नुपर्नेछ । यस कार्यका लागि २०-३० दिन तोकिएको र यसको भार तीनकार्य दिन बराबरको हुनेछ । शिक्षण सुधार योजना र प्रोजेक्ट कार्यको प्रतिवेदन यस मोडुलको खण्ड ३ मा सहभागी शिक्षकले पेश गर्नुपर्नेछ ।

क्रियाकलाप १: शिक्षण सुधार योजना निर्माण (TIP)

क्रियाकलाप २: निम्नलिखित परियोजना कार्यमध्येबाट कुनै दुईओटा गर्नुपर्ने

(क) प्राथमिक तहको तपाईंले पठाउने कुनै एक कक्षाको उच्चारण गर्न कठीन शब्दहरूको सूची बनाई ती शब्दहरू केकस्ता शिक्षण क्रियाकलाप गराई शिक्षण गर्नुभयो र उपलब्धि र अनुभव समेटिने प्रतिवेदन तयार गर्नुहोला

(ख) तपाईंले पढाउने विद्यार्थीहरूका लागि टुक्रे अक्षरबाट बनेका शब्द शिक्षण गर्न शब्दपत्ती तयार गर्नुहोस्

(ग) उच्चारण शिक्षणको लागि प्रयोग गरिने Phonic wheel if Slide chart निर्माण गर्नुहोस्

(घ) कुनै एउटा कक्षाको अङ्ग्रेजी विषयको नयाँ शब्दहरूको सूची बनाई तिनीहरूको शिक्षणगर्ने तरिका निर्धारण र शिक्षण गरी प्रतिवेदन तयार गर्नुहोस्

(ङ) वहुभाषिक कक्षाका लागि शिक्षण योजना निर्माण र प्रयोग गरी प्रतिवेदन बनाउनुहोस्

(च) प्राथमिक तहका कुनै कक्षाको अङ्ग्रेजी विषयको २०-३० ओटा शव्दहरूको Oxford English Dictionary मा उपलब्ध सूचना सङ्कलन गरी निम्नलिखित तालिकामा प्रस्तुत गर्नुहोस् ।

| Word | Pronunciation | (Word Class) part of speech | Meaning | Word Grammar | Derivative teachable teacher |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

२. मूल्याङ्कनः

शिक्षकले आफूलाई तोकिएको तीनओटा प्रोजेक्ट कार्य सम्पन्न गरेको प्रतिवेदन तयार गर्नुपर्ने र त्यसमा प्र.अ.को लिखित सुझाव तथा पृष्ठपोषण राखी भाग तीनको शैक्षणिक परामर्श खण्डमा प्रस्तुतीकरणका लागि तयार हुनुपर्ने ।

प्रतिवेदनको खाका विषयअनुसार फरक हुनसक्ने

क) परिचय

ख) सम्पादित क्रियाकलापको विवरण

ग) विद्यार्थी शिक्षकवाट प्राप्त प्रतिक्रिया

घ) कार्य सम्पादनका अनुभव, समस्या र समाधानका उपायहरू

ङ) शिक्षण सिकाइमा उपर्युक्त क्रियाकलापहरूको उपयोगिता ।

## भाग ३ शैक्षिक परामर्श (दुईदिन)

१. उद्देश्य

क. परियोजना कार्य तथा स्वाध्ययन अभ्यासका दौरान तथा शिक्षणसिकाइ क्रियाकलापमा आइपरेका समस्याहरू पहिचान गरी पृष्ठपोषण प्रदान गर्नु

ख. विद्यालयमा आइपरेका शिक्षकहरूका पेसागत कठिनाइहरू पहिचान गरी समाधानका उपायको खोजीगर्नु

२. सञ्चालन कार्य विवरण एवम् कार्यविधि

क. सहभागी कार्यरत विद्यालयमा दुई दिने शैक्षिका परामर्शका लागि सम्बन्धित विशेषज्ञ खटाइने

ख. पहिलो दिन :

ज्ञ। विद्यालयमा खटिएको विशेषज्ञबाट भाग-२ मा सम्मादित कार्यहरूको मूल्याङ्कन गर्ने

द्द। विद्यालयको समग्र सञ्चालन प्रक्रिया अवलोकन गरी नोट गर्ने

ग दोस्रो दिन :

ज्ञ। विशेषज्ञबाट सहभागी शिक्षकको कम्तीमा एउटा कक्षा अवलोकन गर्ने, साथै अन्य केही शिक्षकको कक्षा अवलोकन गरी सुधारका पक्ष नोट गर्ने ।

द्द। शिक्षक, प्रअ, विव्यस, पिटिएबीच सामूहिक रूपमा देखिएका विविध पक्षमा छलफल गर्ने ।

घ। उपर्यक्त कार्य सम्पन्न गरेपछि १० दिने मोडुल तालिम सम्पन्न भएको सुनिश्चित गरिन्छ र सम्बन्धित शिक्षकलाई सम्बन्धित हबमा रेकर्ड कायम गरी TPD सम्पन्न प्रमाणपत्र जारीगरी वितरण गरिने छ ।

**बैठकका प्रस्तावहरू**

१. मूलत: सहभागी शिक्षक र अन्य शिक्षकहरूबाट समेत पेसागत समस्या प्रस्तुतीकरण
२. सहभागी शिक्षकहरूको प्रोजेक्ट कार्य प्रतिवेदन मूल्याङ्कन एवम् समीक्षा
३. विव्यस एवम् प्रअबाट शिक्षण प्रक्रिया प्रभावकारी तुल्याउन झेल्नुपरेका कठिनाइ र प्रयासबारे प्रस्तुतीकरण
४. प्रशिक्षकबाट कक्षा अवलोकनसमेतका आधारमा प्रस्तुत पेसागत समस्या समाधानका लागि शैक्षणिक परामर्श प्रदान

## *अनुसूची–६*

### शैक्षिक जनशक्ति विकास केन्द्र

### शिक्षकको पेसागत विकास (टिपिडी) मोड्युल कार्यान्वयनका लागि नमुना कार्यसूची

आ.ब. ०६६/६७

| क्र.सं. | कार्य विवरण | प्रक्रिया | जिम्मेवार निकाय/व्यक्ति | समयावधि |
|---|---|---|---|---|
| टिपिडी आवश्यकता प्रस्ताव तयारी | | | | |
| १ | प्रस्ताव सङ्कलन एवम् प्रशोधीकरणसम्बन्धी प्रअहरूको सघन अभिमुखीकरण तालिम सञ्चालन | आवश्यकता सङ्कलन तथा प्रशोधीकरणसम्बन्धी छलफल | सम्बन्धित हब | मङ्सीर पहिलो हप्ता |
| २ | तहगत रूपमा टिपिडी आवश्यकता प्रस्ताव तयार गरी सम्बन्धित हबमा पेस गर्ने | शिक्षकहरूसित छलफल र अन्तर्क्रिया गरी तयार गर्ने | सम्बन्धित प्रअ | मार्ग अन्तिम हप्ता |
| टिपिडी आवश्यकता प्रोफाइल तयारी | | | | |
| ३ | टिपिडी आवश्यकता प्रमाणीकरण | विद्यालयको भ्रमण वा एक दिवसीय कार्यशाला सञ्चालन गरेर | सम्बन्धित हब | पौष पहिलो हप्ता |
| ४ | टिपिडी आवश्यकता प्रोफाइल तयार गर्ने | प्रमाणित टिपिडी आवश्यकतामा system को आवश्यकतासमेत समावेस गरी तीन मोड्युलमा तयार गर्ने | सम्बन्धित हब | पौष दोस्रो हप्ता |
| ५ | टिपिडी मोड्युल सञ्चालन योजना तयार गर्ने | ६०∞ शिक्षक समावेस हुनेगरी सङ्ख्या निर्धारण गरी जिशिकामा पत्राचार गर्ने | सम्बन्धित हब | पौष तेस्रो हप्ता |
| ६ | टिपिडी मोड्युल सामग्री तयारी | नमुना तथा सन्दर्भसामग्रीको समेत सहयोग लिई टिपिडी प्रशिक्षकहरूद्वारा तीनओटै भागको सामग्री तयार गर्ने (९० पृष्ठ सम्मको) | सम्बन्धित हब | माघको दोस्रो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| टिपिडी मोड्युल सञ्चालन | | | | |
| ७ | सहभागी शिक्षकहरूको छनोट | आवश्यकता प्रस्तावको आधारमा तीनओटा मोड्युलभित्र ६०∞ शिक्षक समावेस हुनेगरी सङ्ख्या निर्धारण गर्ने | सम्वन्धित जिशिका | पौष तेस्रो हप्ता |
| ८ | टिपिडी कार्यशाला सञ्चालन | निर्धारित टिपिडी प्रक्रियाअनुसार | सम्वन्धित हब | माघ तेस्रो हप्ता |
| ९ | शिक्षण सुधार योजना (TIP) निर्माण | परियोजना कार्यका रूपमा | सहभागी शिक्षक | |
| १० | स्वाध्ययन अभ्यास सञ्चालन | निर्धारिंत टिपिडी प्रक्रियाअनुसार TIP को अतिरिक्त दुईओटा परियोजना कार्यमा आधारित भई | सम्वन्धित हब र विद्यालय | कार्यशाला सकिएको २०–३० दिनभित्र |
| ११ | शैक्षणिक परामर्श सञ्चालन | सहभागी शिक्षकका विद्यालयमा भ्रमण गरेर | टिपिडी प्रशिक्षक | स्वाध्ययन अभ्यासपछि |
| १२ | टिपिडी प्रमाणपत्र व्यवस्था | प्रत्येक मोड्युलको समाप्तीपछि मोड्युलगत रेकर्ड अद्यावधिक गर्दै तीनओटै मोड्युल पूरा भएपछि प्रमाणपत्र वितरण गर्ने | शेताके/अस्रोके/स्रोतकेन्द्र | तीनओटै मोड्युल पूरा भएपछि |
| कार्यन्वयन सहजीकरण | | | | |
| १३ | मोड्युलगत सहभागी विवरण शैताके/अस्रोकेमा पठाउने | वर्षभरिको विवरण अद्यावधिक गरेर | सबै हबहरू | आवको अन्तमा |
| १४ | विद्यालय निरीक्षकको | टिपिडी निर्देशिकाले | जिशिका | प्रअको |

| | | | | |
|---|---|---|---|---|
| टिपिडी मोड्युल सञ्चालन | | | | |
| | दरवन्दीका आधारमा क्लस्टर फोकल अफिसर (CFO) को व्यवस्था र परिचालन | तोकेबमोजिमको प्रक्रिया पुऱ्याएर | | अभिमुखीकरण पछि (कार्यक्रम सुरु भएपछि) |
| १५ | टिपिडी गतिविधिको प्राविधिक अडिट (Technical audit) र आवश्यकताअनुसार अनुगमन सहायता (Follow-up support) | विद्यालयको भ्रमण गरी शिक्षकको कक्षा अवलोकन र छलफल गरेर | सिएफओ | मोड्युल कार्यान्वयनपछि निरन्तर |
| १६ | शिक्षकहरूको अन्तरविद्यालय भ्रमण सञ्चालन | कम्तीमा १० जना सहभागी शिक्षक र भ्रमण गर्ने विद्यालय छनोट गरेर | सिएफओ | मोड्युल कार्यान्वयनको अवधिमा |
| १७ | नमुना मोड्युल सामग्री तालिम सन्दर्भसामग्री वितरण | सामग्री विकास, सङ्कलन र छपाइ गरेर प्रत्येक हवले प्राप्त गर्ने गरी | शैजविके | निरन्तर |
| १८ | नमुना टिपिडी मोड्युल सामग्री विकास, छपाइ र वितरण | सामग्री विकास, सङ्कलन र छपाइ गरेर (प्रत्येक तहको तीनओटा मोड्युल सामग्री प्रति वर्ष हुने गरी) | शैताके (क) | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| टिपिडी प्रशिक्षक विकास | | | | |
| १९ | मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन | आवश्यक तयारी गरेर | शैजविके | आश्विन अन्तिम हप्ता |
| २० | रोस्टर/टिपिडी प्रशिक्षकहरू छनोट | टिपिडी निर्देशिकाले तोकेबमोजिमको प्रक्रिया पुऱ्याएर (जिशिका र शैताकेको समन्वयमा) | जिशिका | कार्तिक |

| | | | | |
|---|---|---|---|---|
| टिपिडी प्रशिक्षक विकास | | | | |
| २१ | प्रशिक्षक क्षमता विकास तालिम सञ्चालन | आवश्यक तयारी गरेर | शैताकेहरू | मार्ग तेस्रो हप्ता |
| २२ | टिपिडी प्रशिक्षक र प्रअहरूका लागि मोड्युल सञ्चालनसम्बन्धी अभिमुखीकरण | हवमा कार्यशाला सञ्चालन गरेर | शैताके, हव | पौष पहिलो हप्ता |
| २३ | टिपिडी प्रशिक्षकहरूका लागि Off-line/ On-line Support क्षमता विकासमा पहुँच पुऱ्याउने | कार्ययोजना बनाएर | शैजविके/ शैताके | निरन्तर |
| २४ | समष्टिगत शिक्षण सुधार योजना (TIP) उपलब्धि प्रतिवेदन तयारी र अद्यावधिक गर्ने | विद्यालयबाट अभिलेख सङ्कलन गरेर | सम्बन्धित हव | प्रत्येक छ/छ महिनामा |
| २५ | शिक्षण सुधार योजना (TIP) अध्यावधिक गरी प्रभावकारी शिक्षण कार्य सम्पादन | शिक्षण सुधार योजनाअनुसारका क्रियाकलाप सञ्चालन गरेर | शिक्षक/प्रअ | निरन्तर |
| २६ | सेवाक्षेत्र अन्तर्गतको जिल्लागत पाँच वर्षे क्षेत्रीय टिपिडी योजना (Zonal TPD Plan) निर्माण र अद्यावधिक गर्ने | सेवाक्षेत्रअन्तर्गतका जिल्लागत तथ्याङ्क सङ्कलन गरेर | शैताके (क) | निरन्तर |
| २७ | समष्टिगत टिपिडी योजना तयारी र अद्यावधिक गर्ने | सबै शैताके (क)बाट तथ्याङ्क सङ्कलन गरेर | शैजविके | निरन्तर |
| बजेट प्रवधि एवम् खर्च व्यवस्था | | | | |
| २८ | कार्यक्रम तथा बजेट व्यवस्था | कार्यक्रम तथा बजेट निर्माणमा समन्वय गरेर | शिक्षा विभाग/शैजविके | आवको सुरुमा |

## *अनुसूची–७*

**परियोजना परियोजना कार्य सम्पन्न गर्दा प्र.अ.ले गर्नुपर्ने कार्यहरू केके हुन ?**

(Action Steps: To be Prepared by the Trainer)

**परियोजना कार्यको विस्तृत शीर्षक:** *तपाइँको विद्यालयमा विव्यस गठन प्रक्रिया उल्लेख गर्नुहोस् । विगत दुईवर्षदेखि विव्यसले विद्यालयको समग्र विकासमा पुऱ्याएको योगदानको समीक्षा गर्नुहोस् र प्रभावकारी विद्यालय व्यवस्थापनमा विव्यसको भूमिका बढाउने प्रयास गरी सोको प्रभावसहीतको प्रतिवेदन तयार गर्नुहोस् ।*

१. तयारी अवस्थामा गर्नुपर्ने काम (प्र.अ.ले गर्नपर्ने कार्यको विस्तृत विवरण)

क. शिक्षा नियमावलीमा व्यवस्था भएको विव्यवसको गठन प्रक्रिया र विद्यालयको अभ्यास र अनुभव उल्लेख गर्ने ।

ख. निर्णय पुस्तिका र छलफलका आधारमा विगत दुइवर्षदेखि विव्यसले विद्यालयको समग्र विकासमा पुऱ्याएको योगदानको देहायबमोजिम समीक्षा गर्ने

| | |
|---|---|
| जम्मा बैठक सङ्ख्या | |
| गरिएका प्रमख निर्णयहरू | |
| निर्णय कार्यान्वयनको अवस्था | |
| निर्णय कार्यान्वयनबाट परेको प्रभाव | |
| निर्णय कार्यान्वियन हुन नसकेको भए सोको कारण | |

ग. प्रभावकारी विद्यालय व्यवस्थापनमा विव्यसको भूमिका बढाउन गर्नुपर्ने प्रयासहरू र सोको प्रभाव उल्लेख गर्ने ।

| विद्यालय व्यवस्थापनमा देखिएको समस्या | समस्या समधानार्थ गरिएका प्रयासहरू | प्रयास कार्यान्वयनबाट देखिएको प्रभाव |
|---|---|---|
| | | |

घ. सूचना तथा तथ्याङ्क संकलनको लागि निम्नलिखित साधनहरू तयार गरी प्रयोग गर्ने

ज्ञ। छलफलका बुँदाहरू/प्रश्नहरू ( विव्यस गठन प्रक्रिया, बैठक प्रक्रिया, निर्णयहरू कार्यान्वयनको अवस्था, कार्यान्वयबाट परेको प्रभाव आदि )

द्दा अभिलेख अध्ययन, नोटलेखनका लागि डायरी, फारामहरू

घ। फोटो चित्रहरू (आवश्यकतानुसार): विद्यालयको फोटो, उल्लेखनीय कार्यको फोटो, विव्यस

२. कार्यान्वयन अवस्थामा गर्नुपर्ने काम

प्रभावकारी विद्यालय व्यवस्थापनमा विव्यसको भूमिका बढाउन निम्नबमोजिम प्रयासहरू गर्ने:

क. प्रत्येक हप्ता विव्यसको बैठक आयोजना गरी कार्य प्रगति र विद्यालयको गतिविधिबारे छलफल गर्ने ,

ख. कार्यान्वयन हुन नसकेका निर्णयबारे बैठकमा छलफल गरी निर्णय कार्यान्वयन गर्ने कार्ययोजना बनाई कार्य विभाजन गर्ने

| गनुपर्ने कार्य | जिम्मेवार व्यक्ति | समयसीमा | आशातीत नतिजा |
|---|---|---|---|
| | | | |
| | | | |

ग. विद्यालय निरीक्षक तथा स्रोव्यक्तिलाई बैठकमा आमन्त्रण गरी विभिन्न शैक्षिक समस्याबारे छलफल गर्ने ।

घ. कार्यान्वयनको क्रममा भएका गतिविधिहरू, प्रगति, अनुभव र प्रभावबारे टिपोट गर्ने ।

ङ. आवश्यक पेसागत सहयोगका लागि तालिम केन्द, र स्रोतकेन्द्रमा सम्पर्क राख्ने ।

३. प्रतिवेदन तथा प्रस्तुतीकरण अवस्थामा
देहायको ढाँचामा प्रतिवेदन तयार गर्ने र तालिम केन्द्रमा पेस गर्ने
(१) परिचय
(२) उद्देश्य र औचित्य
(३) कार्यविधि
(४) मुख्य प्राप्तिहरू **(Product of work)** तथा नतिजा **(Results)**

क. विद्यालयमा विव्यस गठन प्रक्रिया ( शिक्षा ऐन, नियमावलीमा भएको व्यवस्था, विद्यालयमा गठन प्रक्रियाको अनुभव)

ख. विगत दुईवर्ष देखि विव्यसले विद्यालयको समग्र विकासमा पुऱ्याएको योगदानको समीक्षा (निर्धारित खाका (template) बमोजिमको विवरण)

ग. प्रभावकारी विद्यालय व्यवस्थापनमा विव्यसको भूमिका वढाउन गरिएका प्रयासहरू

घ. प्रयासबाट परेको प्रभाव (निर्धारित खाका (template) बमोजिमको विवरण)

५. निष्कर्ष र प्रतिबिम्बन
अनुसूचीहरू
सन्दर्भसामग्रीहरू

**नोटः तालिम कार्यशालाको अन्तमा प्रशिक्षकले माथि तयार गरेको विस्तृत प्रोजेक्ट विवरणबमोजिम प्र.अ.ले कार्ययोजना निर्माण गर्ने ।**

| क्र.सं. | गर्नुपर्ने क्रियाकलाप | समय सीमा | कार्य प्रक्रिया | सूचना सङ्कलनका साधनहरू | कार्यको प्राप्ति/नतिजा (Product) | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मुख्य प्रशिक्षक प्रशिक्षणमा सहभागीहरूद्वारा निर्माण गरिएका स्वाअध्ययन अभ्यास परियोजना कार्यको नमुना-१

परियोजना कार्यको विस्तृत शीर्षक: *तपाईं कार्यरत विद्यालयमा सरकारी अनुदान बाहेक विद्यालय सञ्चालनका लागि प्रयोग भईरहेको भौतिक र आर्थिक स्रोतहरूको सूची तयार गर्नुहोस । उक्त स्रोतहरूको पहिचान, प्राप्ति र परिचालन कसरी गरिएको छ ? आगामी शैक्षिक सत्रमा त्यसप्रकारको स्रोतहरूको अझ बढी उपयोग गर्न सरोकारवालाहरूसँग विस्तृत छलफल गरी योजना तयार गर्नुहोस् ।*

१ तयारी अवस्थामा गर्नुपर्ने काम:

क. विगतमा सम्पन्न गरिएको local level planning (SIP, SDP, VEP) लाईसमेत अध्ययन गरी विद्यालय सञ्चालनमा प्रयोग भईआएका स्रोतहरूको प्रकार, परिमाण, गुण, प्रयोगको क्षेत्र, प्राप्त उपलब्धिसहितको विवरण तयार गर्ने ।

ख. विद्यालय सञ्चालन व्यवस्थापनमा आवश्यक र अपुग महसुस भइरहेका स्रोतहरूको विवरण तयार गर्ने ।

| आवश्यकता खड्किएको स्रोतको प्रकार | परिमाण | स्रोत प्राप्तिको माध्यम | स्रोत प्रप्तिमा आवश्यक जनशक्ति, साधन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

२. कार्यान्वयन अवस्थामा गर्नुपर्ने काम

क. प्रभावकारी स्रोतव्यवस्थापनमा क्ञ्ह, एत्व, ख्ञ्ह र ञ्चइक का भूमिका बढाउन गर्नुपर्ने प्रयासह¿ र सोको प्रभाव उल्लेख गर्ने ।

ख. सरोकारवालासँग सामूहिक अन्तर्क्रिया र छलफल आयोजना गरी कार्यप्रगति र विद्यालयको अवस्थाबारे समीक्षा गर्ने ।

| गर्नुपर्ने कार्य के थिए ? | जिम्मेवार व्यक्ति र निकाय | समय सीमा | आवश्यक लगानी | आशातीत नतीजा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

३. प्रतिवेदन तथा प्रस्तुतीकरण अवस्थामा गर्नुपर्ने काम

देहायको ढाँचामा प्रतिवेदन तयार गर्ने र तालिम केन्द्रमा पेस गर्ने

(१) परिचय

(२) उद्देश्य र औचित्य

(३) कार्यविधि

(४) मुख्य प्राप्तिहरू **(Product of work)** तथा नतिजा **(Results)**

क. विद्यालयमा विव्यस गठन प्रक्रिया ( शिक्षा ऐन, नियमावलीमा भएको व्यवस्था, विद्यालयमा गठन प्रक्रिया को अनुभव)

ख. विगत दुईवर्ष देखि विव्यसले विद्यालयको समग्र विकासमा पुर्‍याएको योगदानको समीक्षा (निर्धारित खाका (template) बमोजिमको विवरण)

ग. प्रभावकारी विद्यालय व्यवस्थापनमा विव्यसको भूमिका बढाउन गरिएका प्रयासह¿

घ. प्रयासबाट परेको प्रभाव (निर्धारित खाका (template) बमोजिमको विवरण)

५. निष्कर्ष र प्रतिबिम्बन

अनुसूचीहहरू

सन्दर्भसामग्रीहरू

नोट: तालिम कार्यशालाको अन्तमा प्रशिक्षकले माथि तयार गरेको विस्तृत प्रोजेक्ट विवरणबमोजिम प्र.अ.ले कार्ययोजना निर्माण गर्ने ।

| क्र.सं. | गर्नुपर्ने क्रियाकलाप | समय सीमा | कार्य प्रक्रिया | सूचना सङ्कलनका साधनहरू | कार्यको प्राप्ति/नतिजा (Product) | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## मुख्य प्रशिक्षक प्रशिक्षणमा सहभागीहरूद्वारा निर्माण गरिएका स्वाध्ययन अभ्यास परियोजना कार्यको नमुना–२

परियोजना कार्यको विस्तृत शीर्षक: *तपाईंको विद्यालयमा प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्यांकनको कार्यान्वयनको अवस्था विश्लेषण गरी प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तयार गर्नुहोस् ।*

१. तयारी अवस्थामा गर्नुपर्ने काम:

क. निरन्तर विद्यार्थी मूल्याङ्कनको निर्देशित सन्दर्भ उल्लेख गर्ने

ख. निरन्तर विद्यार्थी मूल्याङ्कनको पाठ्यक्रममा भएको व्यवस्था, अभिलेख प्रक्रियासमेत उल्लेख गर्ने

ग. निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यालयमा हालको अवस्था, गरेका प्रयासहरू र सुधार गर्नुपर्ने पक्षहरू पहिचान गर्ने ।

| हाल गरिएका प्रयासहरू | विद्यमान अवस्था | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| | | |

२. कार्यान्वयन अवस्थामा गर्नुपर्ने काम

क. निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका र प्राथमिक तहको पाठ्यक्रम अध्ययन गर्ने

ख. विद्यार्थीहरूको अवलोकन र शिक्षकहरूसँग छलफल गरी विद्यमान अवस्था पहिचान गर्ने

ग. छिमेकी दुइओटा विद्यालयहरूको अवलोकन भ्रमण गरी देहायको ढाँचामा विवरण तयार गर्ने ।

| हाल गरिएका प्रयासहरू | विद्यमान अवस्था | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|
| | | |

३. प्रतिवेदन तथा प्रस्तुतीकरण अवस्थामा गर्नुपर्ने काम

देहायको ढाँचामा प्रतिवेदन तयार गर्ने र तालिम केन्द्रमा पेस गर्ने

पुस्तकालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सा

(१) परिचय

(२) उद्देश्य र औचित्य

(३) कार्यविधि

(४) मुख्य प्राप्तिहरू **(Product of work)** तथा नतिजा **(Results)**

क. विद्यालयमा विव्यस गठन प्रक्रिया ( शिक्षा ऐन, नियमावलीमा भएको व्यवस्था, विद्यालयमा गठन प्रक्रियाको अनुभव)

ख. विगत दुईवर्ष देखि विव्यसले विद्यालयको समग्र विकासमा पुऱ्याएको योगदानको समीक्षा (निर्धारित खाका (template) बमोजिमको विवरण)

ग. प्रभावकारी विद्यालय व्यवस्थापनमा विव्यसको भूमिका बढाउन गरिएका प्रयासहरू

घ. प्रयासबाट परेको प्रभाव (निर्धारित खाका (template) बमोजिमको विवरण)

५. निष्कर्ष र प्रतिबिम्बन

अनुसूचीहरू

सन्दर्भसामग्रीहरू